फागुन – १

सर्वोच्च अदालत बुलेटिन

पाक्षिक प्रकाशन

वर्ष २७, अङ्क २१ | २०७५, फागुन १-१५ | पूर्णाङ्क ६३९

प्रकाशक

सर्वोच्च अदालत

रामशाहपथ, काठमाडौं

फोन नं. ४२००७२८, ४२००७२९, ४२००७५० Ext.२५११ (सम्पादन), २५१४ (छापाखाना), २१३१ (बिक्री)

फ्याक्सः ४२००७४९, पो.व.नं. २०४३८

Email: info@supremecourt.gov.np, **Web:** www.supremecourt.gov.np

सम्पादन तथा प्रकाशन समिति

माननीय न्यायाधीश श्री केदारप्रसाद चालिसे, सर्वोच्च अदालत	**- अध्यक्ष**
मुख्य रजिष्ट्रार श्री नृपध्वज निरौला	**- सदस्य**
नायब महान्यायाधिवक्ता श्री किरण पौडेल, प्रतिनिधि, महान्यायाधिवक्ताको कार्यालय	**- सदस्य**
रजिष्ट्रार श्री महेन्द्रनाथ उपाध्याय	**- सदस्य**
अधिवक्ता श्री खम्मबहादुर खाती, महासचिव, नेपाल बार एसोसिएसन	**- सदस्य**
वरिष्ठ अधिवक्ता श्री खगेन्द्रप्रसाद अधिकारी, अध्यक्ष, सर्वोच्च अदालत बार एसोसिएसन	**- सदस्य**
प्रा.डा.विजय सिंह सिजापति, डिन, त्रिभुवन विश्वविद्यालय, कानून संकाय	**- सदस्य**
सहरजिष्ट्रार श्री भद्रकाली पोखरेल, सर्वोच्च अदालत	**- सदस्य सचिव**

सम्पादक : श्री रामप्रसाद पौडेल

सम्पादन तथा प्रकाशन शाखामा कार्यरत् कर्मचारीहरू

शाखा अधिकृत श्री मन्दिरा शाही
शाखा अधिकृत श्री देवी चौधरी
शाखा अधिकृत श्री राजकुमार गुरूङ
कम्प्युटर अधिकृत श्री विक्रम प्रधान
ना.सु. श्री यशोदा निरौला
ना.सु. श्री अर्जुनबाबु सापकोटा
सि.कं. श्री ध्रुव सापकोटा
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कार्यालय सहयोगी श्री राजेश तिमल्सिना

भाषाविद् : श्री रामचन्द्र फुयाल

बिक्री शाखामा कार्यरत् कर्मचारी

ना.सु.श्री अर्जुन चौधरी

मुद्रण शाखामा कार्यरत कर्मचारीहरू

सुपरभाइजर श्री कान्छा श्रेष्ठ
मुद्रण अधिकृत श्री आनन्दप्रकाश नेपाल
सिनियर हेल्पर श्री तुलसीनारायण महर्जन
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
सहायक डिजायनर श्री रसना बज्राचार्य
सिनियर बुकबाइन्डर श्री रमेश बासुकला
सिनियर बुकबाइन्डर श्री विद्यानन्द पोखरेल
बुकबाइन्डर श्री मीरा वाग्ले
कम्पोजिटर श्री प्रमिलाकुमारी लामिछाने
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी

विभिन्न इजलासहरूबाट सम्पादन शाखामा प्राप्त भई यस अङ्कमा प्रकाशित निर्णय / आदेशहरू

संयुक्त इजलास	९	इजलास नं. १०	५
इजलास नं. १	६	इजलास नं. ११	४
इजलास नं. २	२	इजलास नं. १२	२
इजलास नं. ३	११	इजलास नं. १३	३
इजलास नं. ४	३	इजलास नं. १४	२
इजलास नं. ५	४	इजलास नं. १५	१
इजलास नं. ६	५	इजलास नं. १७	२
इजलास नं. ७	८	इजलास नं. १८	३
इजलास नं. ८	५	पूर्ण इजलासमा पेस हुने	१
इजलास नं. ९	८	एकल इजलास	१
जम्मा	६१	जम्मा	२४

कूल जम्मा ६१ + २४ = ८५

नेपाल कानून पत्रिका

मा प्रकाशित भएका फैसलाहरू (२०१५ सालदेखि हालसम्म)

हेर्न, पढ्न तथा सुरक्षित गर्न

www.nkp.gov.np

मा जानुहोला ।

खोज्ने तरिका

सर्वप्रथम **www.nkp.gov.np** लगइन गरेपश्चात् गृहपृष्ठमा देखिने **शब्दबाट फैसला खोज्नुहोस्** भन्ने स्थानमा आफूले खोज्न चाहेअनुसारको कुनै शब्द नेपाली युनिकोड फन्टमा टाइप गर्नुहोस् । यसबाट खोजेअनुसारको फैसला प्राप्त गर्न नसकेमा वेबसाइटको दोस्रो शीर्षकमा रहेको **वृहत् खोज** खोलेर विभिन्न किसिमले फैसला खोज्न सकिनेछ । त्यस अतिरिक्त **नेकाप प्रत्येक वर्ष** र **हाम्रो बारेमा** समेत हेर्न सक्नुहुनेछ ।

यस पत्रिकाको इजलाससमेतमा उद्धरण गर्नुपर्दा निम्नानुसार गर्नुपर्नेछः

सअ बुलेटिन, २०७..., ... – १ वा २, पृष्ठ ....

(साल) (महिना)

उदाहरणार्थः सअ बुलेटिन, २०७५, फागुन – १, पृष्ठ १

का.जि.द.नं. ३९।०४९।०५०

सर्वोच्च अदालतलगायत मातहतका अदालतहरू एवम् अन्य न्यायिक निकायहरूका कामकारवाहीसँग सेवाग्राहीहरूको कुनै गुनासो, उजुरी र सुझाव भए सर्वोच्च अदालत, प्रधानन्यायाधीशको निजी सचिवालयमा रहेको

Toll Free Number

१६६०–०१–३३३–५५

वा

इमेल ठेगाना

cjs@supremecourt.gov.np

मा सम्पर्क गर्न सकिने छ ।

मूल्य रू.२०।–

मुद्रकः सर्वोच्च अदालत, छापाखाना

विषयसूची

क्र.सं.	विषय	पक्ष / विपक्ष	पृष्ठ
संयुक्त इजलास			**१ - ६**
१.	उत्प्रेषण / परमादेश	महेन्द्रप्रसाद शर्मा वि. त्रि.वि.वि. पुनरावेदन आयोग कीर्तिपुरसमेत	
२.	खिचोला छोडाई नाद खुट्टा हटाई नाला बन्द गराई चलन	सैरूल धोविनसमेत वि. पारसप्रसाद कलवार	
३.	उत्प्रेषण / परमादेश	ज्ञानेन्द्र कक्षपति वि. सहरी विकास मन्त्रालय, सिंहदरबारसमेत	
४.	उत्प्रेषण / परमादेश	पुरूषोत्तम सिंखडा वि. त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालय, गौचरसमेत	
५.	उत्प्रेषण / परमादेश	श्रीकाजी मोक्तानसमेत वि. वन तथा भू-संरक्षण मन्त्रालय, सिंहदरबारसमेत	
६.	उत्प्रेषण / परमादेश	प्रमोदकुमार ढकालसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत	
७.	वैदेशिक रोजगार सम्बन्धी कसुर	नेपाल सरकार वि. मोहन बास्तोला	
८.	उत्प्रेषण / परमादेश	कुमार कार्की वि. प्रहरी प्रधान कार्यालय, नक्सालसमेत	
इजलास नं. १			**६ - १२**
९.	परमादेश	राममणि भट्टराईसमेत वि. मैया केशरी सुवाल	
१०.	उत्प्रेषण	दिनदयाल पाठक वि. जिल्ला प्रहरी कार्यालय, रूपन्देहीसमेत	
११.	उत्प्रेषण / परमादेश	पुनम राणासमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत	
१२.	लागु औषध (खैरो हेरोइन)	पञ्चानन्द तिवारी वि. नेपाल सरकार	
१३.	ज्यान मार्ने उद्योग	नेपाल सरकार वि. रामबहादुर रानासमेत	
१४.	जबरजस्ती करणी हाडनाता	जसु रोकामगर वि. नेपाल सरकार	
इजलास नं. २			**१२ - १४**
१५.	उत्प्रेषण, प्रतिषेध तथा परमादेश	गोपाल कोइराला वि. विपिन काबरा	
१६.	जबरजस्ती करणी	नेपाल सरकार वि. सुरज विश्वकर्मा रसाइली	
इजलास नं. ३			**१४ - २२**
१७.	उत्प्रेषण / परमादेश	रामपुरीसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत	
१८.	उत्प्रेषण	विक्रम श्रेष्ठ वि. राजु श्रेष्ठ	
१९.	फैसला बमोजिम जग्गा दर्ता	लिलादेवी बरालसमेत वि. प्रा.डा. कमलमणी बराल	

२०.	उत्प्रेषण	बद्रीबहादुर कार्की वि. नेपाल वायु सेवा निगम केन्द्रीय कार्यालय, न्यूरोडसमेत	
२१.	उत्प्रेषण / परमादेश, निषेधाज्ञा	भुली देवीसमेत वि. उपेन्द्र ठाकुरसमेत	
२२.	परमादेश	थम्मराज श्रेष्ठसमेत वि. टिकाबहादुर ऐडी	
२३.	उत्प्रेषण / परमादेश	देउकुमारी गुरूङसमेत वि. राष्ट्रिय ताल संरक्षण विकास समिति, बानेश्वरसमेत	
२४.	उत्प्रेषण	केदारबहादुर खड्कासमेत वि. मालपोत कार्यालय, भद्रपुर, झापासमेत	
२५.	उत्प्रेषण	रामचन्द्र साह तेली वि. पुनरावेदन अदालत, हेटौंडासमेत	
२६.	कर्तव्य ज्यान	नेपाल सरकार वि. हर्कबहादुर तामाङ	
इजलास नं. ४			**२२ - २६**
२७.	लागु औषध खैरो हेरोइन	नेपाल सरकार वि. अभिषेककुमार तिवारी	
२८.	मानव बेचबिखन तथा ओसारपसार	रामकृष्ण नेपाली वि. नेपाल सरकार	
२९.	जबरजस्ती करणी तथा डाँका चोरी	दीपककुमार बुढामगर वि. नेपाल सरकार	
इजलास नं. ५			**२६ - २८**
३०.	उत्प्रेषण / परमादेश	केदारप्रसाद कलवार वि. भूमिसुधार कार्यालय, सर्लाहीसमेत	
३१.	उत्प्रेषण / परमादेश	गगनबहादुर खत्री वि. विद्यालय शिक्षक किताबखाना, ताहचलसमेत	
३२.	उत्प्रेषण / परमादेश	जानकीदेवी मण्डलसमेत वि. मालपोत कार्यालय, सर्लाहीसमेत	
३३.	उत्प्रेषण / परमादेश	थानेश्वर आचार्य वि. नेपाल राष्ट्र बैंक, के.का. बालुवाटारसमेत	
इजलास नं. ६			**२८ - ३२**
३४.	लिखत बदर	सन्तोषकुमार लेखर वि. हौसीलाल कुर्मीसमेत	
३५.	जग्गा खिचोला मेटाई हक कायम गरी चलन चलाई पाउँ	सुरथबहादुर बानियाँ वि. हेमबहादुर थापा	
३६.	फैसला बदर	सुशिला बनेनीसमेत वि. मुन्नीदेवी बनेनी	
३७.	जिउ मास्ने बेच्ने	नेपाल सरकार वि. सन्तोष कार्की	
३८.	कर्तव्य ज्यान र जबरजस्ती चोरी	अक्षयकुमार गिरी वि. नेपाल सरकार	
इजलास नं. ७			**३२ - ३५**
३९.	उत्प्रेषण / परमादेश	सिताराम अग्रवाल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत	
४०.	बन्दी प्रत्यक्षीकरण	मोहनबहादुर कार्कीसमेत वि. गृह मन्त्रालय, सिंहदरबारसमेत	

४१.	लिखित दर्ता बदर	तिर्थमाया महर्जनसमेत वि. रामदेवी महर्जनसमेत
४२.	बन्दी प्रत्यक्षीकरण	जिलेवीया सरदार वि. सुनसरी जिल्ला अदालत, इनरूवासमेत
४३.	उत्प्रेषण / परमादेश	राजेन्द्र अग्रवालसमेत वि. जिल्ला विकास समितिको कार्यालय, कैलालीसमेत
इजलास नं. ८		**३५ - ३९**
४४.	मानव बेचबिखन तथा ओसारपसार	पहलमान थिङ्ग वि. नेपाल सरकार
४५.	बहुविवाह	किशोर भुषाल वि. नेपाल सरकार
४६.	मानव बेचबिखन तथा ओसारपसार	नेपाल सरकार वि. श्रीमती भावना बस्नेत
४७.	लागु औषध खैरो हेरोइन	गोविन्द गुरूङ वि. नेपाल सरकार
४८.	लागु औषध ब्राउन सुगर / बुप्रिनर्फिर	राजेश ठाकुर वि. नेपाल सरकार
इजलास नं. ९		**३९ - ४४**
४९.	बाटो निकास खुलाई चलन	काशी नरेश तिवारी वि. राजेन्द्र तिवारी
५०.	निषेधाज्ञा	महेश्वरप्रसाद चौधरी वि. मणिग्राम रूपन्देहीका आयोजना प्रमुखसमेत
५१.	वैदेशिक रोजगार ठगी	नेपाल सरकार वि. शान्ति लामा
५२.	लागु ओषध चरेस	नेपाल सरकार वि. राजकुमार परियार
५३.	मोटरसाइकल चोरी	नेपाल सरकार वि. रतन तामाङ
५४.	मोटरसाइकल चोरी	नेपाल सरकार वि. समिर लामासमेत
५५.	जबरजस्ती करणी	महेश यादव वि. नेपाल सरकार
इजलास नं. १०		**४५ - ५०**
५६.	जबरजस्ती करणी	सञ्जिव उराव वि. नेपाल सरकार
५७.	उत्प्रेषण	श्रीराम द्विवेदी वि. विद्यालय शिक्षक किताबखाना, छाउनी काठमाडौंसमेत
५८.	उत्प्रेषण	विष्णुप्रसाद अधिकारीसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत
५९.	जबरजस्ती करणी	दुनप्रसाद शर्मा वि. नेपाल सरकार
६०.	जबरजस्ती करणी	विष्णुप्रसाद भट्ट वि. नेपाल सरकार
इजलास नं. ११		**५० - ५५**
६१.	अपहरण तथा शरीर बन्धक	नेपाल सरकार वि. मोहम्मद आदम राइन कवारी
६२.	वैदेशिक रोजगार कसुर	शंकरकुमार खत्री वि. नेपाल सरकार
६३.	लागु औषध खैरो हेरोइन	राकेश नायक वि. नेपाल सरकार
६४.	अपहरण तथा शरीर बन्धक	बनारसी महतो केवटसमेत वि. नेपाल सरकार

इजलास नं. १२			**५५ - ५६**
६५.	खिचोला मेटाई पाऊँ	भक्तराज कर्णिकारसमेत वि. कदम प्रधान	
६६.	घरको दिवाल छाना उठाई जग्गा खिचोला चलन	सोनेलाल राय वि. प्रमोद राय	
इजलास नं. १३			**५६ - ५९**
६७.	बन्दी प्रत्यक्षीकरण	मोहनबहादुर कार्कीसमेत वि. प्रधानमन्त्री, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत	
६८.	वन पैदावार चोरी निकासी	नेपाल सरकार वि. बुद्धिमान थोकर	
६९.	उत्प्रेषण / परमादेश	मेनकाकुमारी कोइराला वि. जिल्ला धनुषा भरतपुर गा.वि.स.को कार्यालय, विरेन्द्र बजार धनुषासमेत	
इजलास नं. १४			**५९ - ६१**
७०.	बन्दी प्रत्यक्षीकरण	इन्दीरा बोहरा वि. इन्द्रकुमार बस्नेत	
७१.	बन्दी प्रत्यक्षीकरण	तेजकुमारी तिवारी वि. महानगरीय प्रहरी परिसर, टेकुसमेत	
इजलास नं. १५			**६१ - ६२**
७२.	उत्प्रेषण / परमादेश	सुस्मिता काफ्ले वि. सैनिक अदालत, मकवानपुर जिल्ला हेटौंडासमेत	
इजलास नं. १७			**६२ - ६४**
७३.	ज्यान मार्ने उद्योग	नेपाल सरकार वि. अर्जुन खत्री	
७४.	मानव बेचबिखन तथा ओसारपसार	गनीसरा दमाईसमेत वि. नेपाल सरकार	
इजलास नं. १८			**६४ - ६६**
७५.	लागु औषध डाइजेपाम समेत	नेपाल सरकार वि. दिलिप सिंह ठकुरीसमेत	
७६.	लागु औषध ब्राउन सुगर	नेपाल सरकार वि. सलाउद्दीन जोलाहासमेत	
७७.	लागु औषध चरेस	नेपाल सरकार वि. पेमा गुरूङसमेत	
पूर्ण इजलासमा पेस हुने			**६६ - ६८**
७८.	बनावटी सुराकी खडा गरी सरकारी रकम हिनामिना गरी भ्रष्टाचार गरेको	जनार्दन शर्मा वि. नेपाल सरकार	
एकल इजलास			**६८**
७९.	बन्दी प्रत्यक्षीकरण	सीताकुमारी थापा वि. श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयसमेत	

संयुक्त इजलास

१

स.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री मीरा खडका, ०७१-WO-०९०५, उत्प्रेषण / परमादेश, *महेन्द्रप्रसाद शर्मा वि. त्रि.वि.वि. पुनरावेदन आयोग कीर्तिपुरसमेत*

रिट निवेदकले सो विज्ञापनउपर कुनै प्रश्न नउठाई आफूसमेत उक्त विज्ञापनअनुसार प्रतिष्पर्धामा सहभागी भई आफू अनुत्तीर्ण भएपछि विज्ञापनमा तोकिएअनुसारको योग्यता नपुगेका व्यक्तिलाई बढुवा गरेको भनी दाबी गर्नु मनासिब देखिन आउँदैन। यदि विज्ञापनमा तोकिएको योग्यता वा मापदण्ड गलत भएको भए सोही बखत उक्त विज्ञापनमा प्रश्न उठाउन सक्नु पर्ने हुन्छ। पदपूर्तिका लागि भएको विज्ञापनअनुसार आफूसमेत सहभागी भई आफू सिफारिसमा नपरेपछि सो विज्ञापन नै गलत थियो भनी दाबी लिन मिल्ने नदेखिने।

त्रि.वि.वि. सेवा आयोगबाट भएको विज्ञापनमा तत्काल रिट निवेदकले प्रश्न उठाउन नसकी सो विज्ञापनमा आफूसमेत सहभागी भई आफू असफल भएपछि मात्र विज्ञापनमा तोकिएको योग्यता तथा मापदण्ड नै गलत थियो भनी दाबी लिएको देखिएको र त्रि.वि.वि. सेवा आयोगले तोकिएको मापदण्डअनुसार योग्यता पुगेका सहप्राध्यापकहरूमध्येबाट नै प्राध्यापक पदमा बढुवा गरेको देखिएको र सो बढुवा सिफारिस गलत तथा दूषित भएको भन्ने नदेखिएको र सो सिफारिसउपर यी निवेदकले त्रि.वि.वि. पुनरावेदन आयोगमा उजुरी दिएकोमा उक्त पुनरावेदन आयोगबाट उजुरीउपर गरेको निर्णयसमेत कानूनविपरीतको देखिन नआएको तथा बहसको क्रममा बढुवा पाउने व्यक्तिहरू हाल सेवा निवृत्त भइसकेको भनी स्वयं निवेदकले उल्लेख गर्नुभएको हुँदा अब हुने रिक्त पदमा कानूनबमोजिम विज्ञापन भएका बखत यी रिट निवेदकसमेत सहभागी भई बढुवातर्फको कारबाहीमा समावेश हुनसक्ने नै देखिँदा निवेदन मागबमोजिम आदेश जारी हुनसक्ने अवस्था देखिन नआउने।

अतः विवेचित आधार कारणबाट रिट निवेदक त्रि.वि.वि. सेवा आयोगबाट भएको विज्ञापनमा सहभागी भई आफू अनुत्तीर्ण भएपछि उजुरी दिएको र मौकामा प्रश्न उठाउन सकेको नदेखिँदा निवेदन मागबमोजिम उत्प्रेषणको आदेश जारी हुने अवस्था देखिएन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: दुर्गाप्रसाद खनाल

इति संवत् २०७४ साल मङ्सिर १२ गते रोज ३ शुभम्।

- यसै लगाउको ०७१-WO-०९२१, उत्प्रेषण / परमादेश, *महेन्द्रप्रसाद शर्मा वि. त्रि.वि.वि. पुनरावेदन आयोग कीर्तिपुरसमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

२

स.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ, ०६७-CI-१४५७, खिचोला छोडाई नाद खुट्टा हटाई नाला बन्द गराई चलन, *सैरूल धोविनसमेत वि. पारसप्रसाद कलवार*

जिल्ला अदालतबाट भई आएको नक्सा मुचुल्काबाट न.नं. ३ मा देखाइएको जग्गा वादीको कि.नं. १७ कै जग्गा देखिएको र उक्त जग्गा हाल प्रतिवादी यावुक मिया धोवीको भोगचलनमा रहेको भन्ने देखिएबाट वादीको उक्त कि.नं. १७ को जग्गामध्येको उक्त न.नं. ३ मा देखाइएको क्षेत्रफल प्रतिवादीको भोगचलनमा रहेबाट वादी दाबीअनुसारको क्षेत्रफल खिचोला गरेको नभई उक्त नक्सा मुचुल्कामा न.नं. ३ मा उल्लेख भएको क्षेत्रफल ०-०-०-८ क्षेत्रफलसम्म खिचोला गरेको ठहर गरी सुरू अदालतबाट भएको फैसला सदर हुने ठहऱ्याई पुनरावेदन अदालत, हेटौंडाबाट भएको फैसला अन्यथा भयो भन्ने अवस्था देखिन नआउने।

अतः उल्लिखित आधार कारणबाट वादीको कि.नं. १७ को जग्गामध्ये न.नं. ३ मा देखाइएको ०-०-०-८ जग्गा खिचोला गरेको र खिचोला मेटाई चलन चलाउन पाउने ठहर गरी भएको सुरू फैसला सदर हुने ठहऱ्याई पुनरावेदन अदालत, हेटौंडाबाट मिति २०६६।१२।२३ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : दुर्गाप्रसाद खनाल

कम्प्युटर: विकेश गुरागाईं

इति संवत् २०७४ साल मङ्सिर १० गते रोज १ शुभम्।

३

स.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री प्रकाशमान सिंह राउत, ०७१-WO-०८३३, उत्प्रेषण / परमादेश, *ज्ञानेन्द्र कक्षपति वि. सहरी विकास मन्त्रालय, सिंहदरबारसमेत*

निश्चित उद्देश्यका लागि मनोनयन तथा नियुक्ति गरिएको व्यक्तिले काम गर्ने क्रममा नियुक्तिकर्ताले सुम्पेको जिम्मेवारी प्रतिकूल कार्य गर्ने, काम नगर्ने, जिम्मेवारी सम्हालेको संस्थाको उद्देश्य र लक्ष्य हासिल गर्न नसक्ने तौरतरिकाबाट काम गरेमा संस्थाको हितका खातिर नियुक्ति वा मनोनयन गर्ने अधिकारीले त्यस्तो मनोनयन भएको व्यक्तिलाई हटाई अर्को योग्य व्यक्तिलाई नियुक्त वा मनोनयन गर्न नपाउने भन्न मिल्दैन। परन्तु तोकिएको जिम्मेवारी कुशलतापूर्वक बहन नगरेको भन्ने कुरा मनोगतरूपमा लिपिवद्ध कुराबाट होइन आधार र कारणबाट प्रमाणित हुने वस्तुनिष्ठ तथ्यबाट प्रमाणित गर्नुपर्छ। सार्वजनिक जनताप्रति जवाफदेही भई कर्तव्य पूरा गर्ने अभिभारा रहेका विपक्षी मन्त्रालय र सोका मन्त्रीहरूले गर्ने निर्णय पनि पारदर्शी वस्तुनिष्ठ हुनुपर्छ भन्नेतर्फ सदैव सजग हुनुपर्छ। सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को भावना र मनसाय पनि यही नै हुने।

मनोनयन गर्दा नै "बढीमा" २ वर्ष भन्ने उल्लेख गरिएको हुँदा सो अवधिभित्र जुनसुकैबेला पनि हटाउन सक्ने भनी यसरी नियुक्त वा मनोनयन गरिएका व्यक्तिले तोकिएको पदमा काम गर्न पाउने हक अधिकार नियुक्त वा मनोनयन गर्ने पदाधिकारीको इच्छामा निर्भर हुन्छ भनी अर्थ गर्न कदापि उचित र न्यायसम्मत हुँदैन। यस्तो सम्झियो भने राज्यका सार्वजनिक निकायमा रही काम गर्ने पदाधिकारीको निर्णयमा स्वेच्छाचारिताको विकास भई कानूनको शासन प्रतिकूल हुन जाने।

निवेदक ज्ञानेन्द्र कक्षपतिलाई २ वर्षको लागि चौतारा नगर विकास समिति सिन्धुपाल्चोकको अध्यक्ष पदमा विपक्षी सहरी विकास मन्त्रालयको मन्त्रीस्तरीय निर्णयबाट मिति २०७१।५।३१ मा मनोनयन गरी पत्रसमेत दिई निजले कामकाजसमेत गरिसकेको देखिन्छ। यसरी उक्त नगर विकास समितिको अध्यक्ष पदमा तोकिएको अवधिसम्म रही काम गर्ने कानूनी हक सिर्जना भएको निवेदकलाई के कति कारणले मनोनयन भएको ६ महिनाभित्र मिति २०७१।१२।२ मा निजको सेवाको अन्त्य गरिएको हो सो थाहा जानकारी पाउने अधिकार निजमा रहने।

सार्वजनिक जवाफदेहीको पदमा मनोनयन भई काम गरेको व्यक्तिलाई मनोनयनकर्ताले सुनुवाइको मौकाबिना नै हटाउन सक्ने हो भने त्यो कुरा सम्बन्धित कानूनमा नै प्रस्टरूपमा लेखिनु पर्दछ अन्यथा सार्वजनिक पदाधिकारीले प्राकृतिक न्यायको सिद्धान्तको पालना गर्नु नपर्ने भनी कल्पना गर्नसम्म सकिँदैन। यही प्राकृतिक न्यायको शाश्वत मान्यताका आधारमा यस अदालत, एकल इजलासबाट मिति २०७२।२।१४ मा प्रारम्भिक सुनुवाइका क्रममा विपक्षी रविन्द्रप्रसाद श्रेष्ठलाई चौतारा नगर विकास समिति सिन्धुपाल्चोकको अध्यक्ष पदमा मनोनयन गरेको नेपाल सरकार सहरी विकास मन्त्रालयको मिति २०७१।१२।२ को निर्णय कार्यान्वयन नगर्नु नगराउनु, निवेदकलाई सो समितिको अध्यक्ष पदमा यथावत् काम गर्न दिनु भनी अन्तरिम आदेश जारी भई उक्त आदेशबमोजिम निवेदकले काम गर्न पाई २ वर्षको

अवधिसमेत व्यतित भइसकेको आधार र कारणबाट प्रस्तुत निवेदनको औचित्य नै समाप्त भइसकेको हुँदा प्रस्तुत निवेदन खारेज हुने।

इजलास अधिकृतः कपिलमणि गौतम

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०७४ साल भदौ ४ गते रोज १ शुभम्।

४

स.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री प्रकाशमान सिंह राउत, ०७२-WO-०१४४, उत्प्रेषण / परमादेश, *पुरूषोत्तम सिंखडा वि. त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालय, गौचरसमेत*

सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा ९६ ले नेपाल सरकारलाई सार्वजनिक सवारी तथा भाडाका सवारी साधनहरूको भाडा दर तोक्ने कानूनी अधिकार प्रदान गरेको देखिन्छ। नेपाल सरकारको नीति नियम र निर्देशनलाई पालना गरी सेवा दिने कार्यमा सार्वजनिक उत्तरदायित्व रहने।

वस्तुतः सार्वजनिक सवारी र ढुवानीका सवारी साधन भन्नाले बस, ट्रक, जिप माइक्रोबस एवम् ट्याक्सी सेवासमेतका साधनहरू पर्दछन्। उपर्युक्त सबै साधनले के कति सवारी वा ढुवानी भाडा लिन पाउने भन्ने सन्दर्भमा यातायात व्यवस्था विभागले नियमन गर्ने हुँदा उक्त साधनहरूमध्ये बस र ट्रकसमेतका सवारीले प्रदान गर्ने सुविधा र बोलकबोल गरी ठेक्कामा एकमुष्ट रकम बुझाउने दायित्व भएको निवेदक प्रा.लि. ले प्रदान गर्ने सेवामा सारभूत भिन्नता रहेको भन्न नमिल्ने।

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ५ को स्पष्ट पृथक पृथक कानूनी आधारबिना कुनै प्रकृतिको सेवामा मूल्य अभिवृद्धि कर लाग्ने र कुनैमा नलाग्ने भनी अर्थ गर्दा कानूनको पालना र प्रयोगमा सबैलाई समान व्यवहार गर्नुपर्छ भन्ने समानताको सिद्धान्तको प्रतिकूल हुन जाने हुँदा विपक्षी राजस्व अनुसन्धान विभागको मिति २०७१।१२।२० को निर्णय एवम् सोको आधारमा भएका पत्राचार एवम् विपक्षी नागरिक उड्डयन कार्यालय, विमानस्थलले निवेदकलाई कर असुल गर्नु भनी मिति २०७२।४।२९ मा लेखेको पत्रसमेत कानूनअनुकूल रहेको देखिन नआउने।

तसर्थ, मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ५ को उपदफा ३ र सो ले तोकेको अनुसूची-१ को समूह ९ मा यात्रुबाहक यातायात तथा ढुवानी सेवाहरूको कारोबारमा मूल्य अभिवृद्धि कर लाग्ने छैन भन्ने कानूनी व्यवस्थाले निवेदक प्रा.लि. ले अन्तर्राष्ट्रिय र आन्तरिक टर्मिनल भवनबाट आवतजावत गर्ने यात्रुहरूलाई सम्बन्धित गन्तव्यमा पुऱ्याउन प्रिपेड ट्याक्सी सेवा दिएबापत यात्रुहरूसँग मूल्य अभिवृद्धि कर असुल गर्न नपाउने अवस्था देखिँदा निवेदक प्रा. लि. र विपक्षी नेपाल नागरिक उड्डयन प्राधिकरणबीच मिति २०६९।२।८ मा भएको सम्झौताको दफा ५ बमोजिम निवेदकले बुझाउने रकममा मूल्य अभिवृद्धि कर लिन नमिल्ने हुँदा मूल्य अभिवृद्धि कर संकलन गर्नु भनी विपक्षी आन्तरिक राजस्व विभाग लाजिम्पाटले मिति २०७१।१२।२० मा गरेको निर्णय एवम् मिति २०७१।१२।३० को पत्राचार तथा सोही निर्णय एवम् पत्रका आधारमा विपक्षी नागरिक उड्डयन प्राधिकरण त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल कार्यालयले मूल्य अभिवृद्धि कर बुझाउनु भनी निवेदकलाई मिति २०७२।१।८ मा लेखेको पत्रसमेत कानूनअनुकूलको नँहुदा उत्प्रेषणको आदेशले बदर गरिदिएको छ। निवेदक प्रा.लि. सँग मूल्य अभिवृद्धि कर असुल गरेको भए अब आइन्दा त्यस्तो कर असुल नगर्नु नलिनु भनी विपक्षीहरूका नाममा परमादेशको आदेशसमेत जारी हुने।

इजलास अधिकृतः कपिलमणी गौतम

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०७४ साल भदौ ५ गते रोज २ शुभम्।

५

स.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री प्रकाशमान सिंह राउत, ०७३-WO-०३०१, उत्प्रेषण / परमादेश, *श्रीकाजी मोक्तानसमेत वि. वन तथा भू-संरक्षण मन्त्रालय, सिंहदरबारसमेत*

नेपाल सरकारले निश्चित उद्देश्य प्राप्तिका लागि कानूनबमोजिम मनोनयन गरेका पदाधिकारीको नेपाल सरकारको नीति नियम र निर्देशनको पालना गरी काम गर्ने कर्तव्य हुन्छ । तोकिएको काम कारबाही सन्तोषजनक रूपमा नगरेमा मनोनयन गर्ने व्यक्ति वा निकायले तोकिएको अवधि पूरा नहुँदै हटाउन सक्दैन भन्न मिल्दैन । तर, कानूनमा नै उल्लेख भएको पदावधि २ वर्षका लागि मनोनयन भइसकेका व्यक्तिको हकमा तोकिएको अवधिसम्म कानूनी हक सिर्जना भएको हुन्छ । यस्ता व्यक्तिलाई अवधि पूरा नहुँदै हटाउन निजहरूको के कस्तो कार्यका कारण हटाउनु परेको हो, सोबारेमा सफाइ पेस गर्ने मौका प्रदान गरी आधार कारण खोली हटाउनु पर्ने ।

नेपाल सरकारको मन्त्रालय सञ्चालन गर्ने मन्त्रीस्तरको पदाधिकारीको जिम्मेवारीमा रही काम गर्ने व्यक्तिको कानूनको पालना गर्ने दायित्व सामान्य नागरिकको भन्दा गुरूत्तर हुने ।

कानूनी हक सिर्जना भइसकेका निवेदकहरूलाई के कति कारणले आफ्नो सेवाको अन्त्य गरिएको हो जान्न पाउने अधिकार रहन्छ । आफ्नो कानूनी अधिकार प्रतिकूल हुन लागेको निर्णयको जानकारी पाउनु सम्बन्धित व्यक्तिको नैसर्गिक अधिकार पनि हो । यस्तो शाश्वत जहाँसुकै अंगिकार गरिँदै आएको प्राकृतिक न्यायको सिद्धान्त मनोनयन हुने पदाधिकारीको हकमा लागू हुन सक्दैन भनी कल्पना गर्न नसकिने ।

अदालतमा न्यायका लागि याचना गर्ने व्यक्तिले अदालतले दिएको आदेशअनुरूप न्याय प्राप्त भयो भएन भनी सचेततापूर्वक खोजबिन गर्नुपर्छ । आफ्नो अधिकारप्रति सचेत नहुने व्यक्तिलाई अदालतले सधैँ सहयोग गरिरहन सक्दैन । आफ्नो अधिकारप्रति सजग नहुने व्यक्तिले तोकिएको जिम्मेवारी जवाफदेहीपूर्वक निभाउँछ भनी अनुमान गर्न पनि नसकिने ।

नेपाल सरकार मन्त्रीस्तरीय मिति २०७३।६।१ को निर्णय कार्यान्वयन नगर्नु, यथास्थितिमा राख्नु भनी यस अदालतबाट मिति २०७३।७।४ मा अन्तरिम आदेश जारी भएपश्चात् निवेदकहरू लालबहादुर कुर्मी र काजी मोक्तान बारा जिल्ला वन पैदावार आपूर्ति समितिको बैठकमा उपस्थित भई आफ्नो पदीय दायित्वअनुसारको काम कारबाहीमा सरिक रहेको भन्ने नदेखिएको र आज सुनुवाइका क्रममा निज पक्षहरूलाई पटकपटक पुकारा गर्दासमेत उपस्थित हुन नआएकोले प्रस्तुत रिट निवेदनप्रति निवेदकहरूले चासो व्यक्त गरेको देखिएन । निवेदकहरूले मनोनयन पाएको २ वर्षको पदावधि व्यतित हुन केही महिना मात्र बाँकी रहेको अवस्था छ । यसबाट निवेदकहरूले प्रस्तुत निवेदनबाट उपचार पाई कामकाज गर्न पाउने २ वर्षभित्रको बाँकी अवधि विपक्षी वन पैदावार आपूर्ति समितिको सदस्य रही कार्यरत रहन इच्छा प्रकट नगरेका निवेदकहरूलाई उक्त पदबाट हटाउने गरी विपक्षी वन तथा भू-संरक्षण मन्त्रालयबाट मिति २०७३।६।११ मा भएको निर्णयबाट निजहरूको हकमा अपूरणीय क्षति पुगेको भनी मान्न नमिल्ने देखिएकोले यस अदालतबाट मिति २०७३।७।४ मा भएको अन्तरिम आदेश निष्क्रिय भई प्रस्तुत निवेदन खारेज हुने ।

इजलास अधिकृतः कपिलमणि गौतम

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०७४ साल भदौ ४ गते रोज १ शुभम् ।

६

स.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री प्रकाशमान सिंह राउत, ०७३-WO-०४०६, उत्प्रेषण / परमादेश, *प्रमोदकुमार ढकालसमेत वि. प्रधानमन्त्री*

तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत

प्रजातान्त्रिक र लोक कल्याणकारी राज्यमा प्रतिष्पर्धात्मक व्यवसायको आफ्नै महत्त्व छ । प्रतिस्पर्धात्मक सेवाले सेवाग्राहीलाई सर्वसुलभ छिटो, छरितो र गुणात्मक सेवा प्रदान हुन्छ भन्ने विश्वव्यापी मान्यता राखिन्छ । वैदेशिक रोजगार प्रदान गर्ने संस्था र तिनको शाखा कार्यालयहरूको अनुगमन गर्न पर्याप्त जनशक्ति नहुनुको कारण देखाई वैदेशिक रोजगारको व्यवसाय नै दर्ता गर्न रोक्ने निर्णय आफैँमा गैरसंवैधानिक, गैरकानूनी र मनोगत निर्णय हो । सरकारका यस्ता निर्णयले एकातिर कानूनको शासनको उपहास हुन जान्छ भने अर्कोतिर कार्यपालिकीय निकायको कानून कार्यान्वयन गर्ने कार्यक्षमता सुदृढ नभई निरन्तर गिर्दो स्थितिमा रहेको भन्ने नै प्रतित हुन आउने ।

विपक्षी वैदेशिक रोजगार विभागसमेतले कानूनले तोकेको बाटोको अनुशरण नगरी यस अदालतबाट अनुचित ठहर भइसकेको नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०६८।६।१३ को निर्णयलाई देखाई आफ्नो कर्तव्यभित्र पर्ने आवश्यक सिफारिस गर्न इन्कार गरेको स्थिति छ । जुनकुरा वैदेशिक रोजगार ऐनको भावना र मर्मविपरीत रहेको पाइने ।

नेपाल सरकारबाट वैदेशिक रोजगारको लागि कम्पनी दर्ता गर्न रोक लगाउने निर्णय बदर भइसकेको अवस्थामा पनि सोही निर्णय बदर गर्न नागरिकहरूलाई यस अदालतमा निवेदन गरिरहनु पर्ने असामान्य अवस्था रही रहेको पाइने ।

तसर्थ, विपक्षी नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०६८।६।१३ को निर्णयको बुँदा नं. ४ यस अदालतबाट बदर भइसकेको स्थितिमा विपक्षी वैदेशिक रोजगार विभागले सोही निर्णयलाई आधार मानी निवेदकहरू क्रमशः प्रमोदकुमार ढकालको, सिन्धु ओभरसिज प्रा.लि., नवीना श्रेष्ठको प्रवेश ओभरसिज प्रा.लि., जनक श्रेष्ठको प्रयास ओभरसिज प्रा.लि. र रिन्कु शाही विष्टको कंगारू ह्युमन रिसोर्स प्रा. लि. लाई वैदेशिक रोजगारको पेसा व्यवसाय सञ्चालन गर्ने प्रयोजनका लागि दर्ता नगर्नु भनी विपक्षी कम्पनी रजिस्ट्रारको कार्यालयलाई मिति २०७३।७।३० मा पठाएको पत्र एवम् सोको आधारमा निवेदकहरूलाई गरिएको पत्राचारसमेत संविधान र वैदेशिक रोजगार ऐन, २०६४ प्रतिकूल हुँदा उत्प्रेषणको आदेशद्वारा बदर गरी दिएको छ । निवेदकहरूले मिति २०७३।७।१० गते कम्पनी दर्ता गर्नको लागि पेस गरेका निवेदन संलग्न कागजातहरू पर्याप्त छन् छैनन् आवश्यक छानबिन गरी कानूनले तोकेको प्रक्रिया पूरा गरेको अवस्था भए दर्ता गरी निवेदकहरूलाई इजाजत पत्र दिनु भनी विपक्षीहरू वैदेशिक रोजगार विभाग र कम्पनी रजिस्ट्रारको कार्यालयका नाममा परमादेशको आदेशसमेत जारी हुने ।

इजलास अधिकृत: कपिलमणि गौतम

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०७४ साल भदौ ५ गते रोज २ शुभम् ।

७

स.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री पुरूषोत्तम भण्डारी, ०७०-CR-०४२०, वैदेशिक रोजगारसम्बन्धी कसुर, *नेपाल सरकार वि. मोहन बास्तोला*

मुख्य प्रतिवादी निरबहादुर बुढाथोकीले अनुसन्धान अधिकृतसमक्ष बयान गर्दा जाहेरवालाहरू गंगाबहादुर बस्नेत, राजु थापा र हरिप्रसाद पाण्डेलाई वैदेशिक रोजगारीमा अफगानिस्तान जान भनी मोहन बास्तोलालाई सम्पर्क गराई दिएको हो । जाहेरवालाहरूसँग रकम लिइएको मोहन बास्तोलाले हो भनी यी प्रतिवादीउपर पोल गरेको देखिन्छ । जाहेरवालाहरू तीनै जनाले वैदेशिक रोजगारमा अफगानिस्तान जान भनी प्रतिवादी निरबहादुर बुढाथोकीलाई रकम दिएको भनी आफ्नो बकपत्रमा उल्लेख गरेका र UAE एयरपोर्टमा के.वि. लिम्बू लिन आई निजले लगी कोठामा २ महिनासम्म राखी बेपत्ता

भएको भन्ने जाहेरवालाहरूमध्ये राजु थापा र गंगाबहादुर बस्नेतको बकपत्र बेहोरा देखिँदा यी प्रतिवादी मोहन बास्तोलाले प्रतिवादी निरबहादुर बुढाथोकीमार्फत आएका जाहेरवालाहरूलाई बिनाइजाजत वैदेशिक रोजगारमा दुबईसम्म पठाउने कार्य गरी प्रतिवादी निरबहादुर बुढाथोकीलाई सहयोग गरी मतियारको भूमिका निर्वाह गरेको र जाहेरवालाहरूले प्रतिवादी मोहन वास्तोलालाई आफूहरूले रूपैयाँ दिएको भन्ने बेहोरा नहुँदा अन्य प्रतिवादीहरूमार्फत जाहेरवालाहरूलाई अप्रत्यक्षरूपमा वैदेशिक रोजगारमा पठाउने कार्यमा संलग्न रहेको पुष्टि भएको अवस्थामा प्रतिवादीको समेत जाहेरवालाहरूलाई विदेश पठाउने कार्यमा मुख्य भूमिका रहेको भन्ने पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

विवेचित प्रमाण र आधारसमेतबाट प्रतिवादी मोहन बास्तोलालाई मतियारसम्म देखिन आएको ठहऱ्याई वैदेशिक रोजगार ऐन, २०६४ को दफा ५६ बमोजिम मुख्य प्रतिवादी निरबहादुर बुढाथोकीलाई भएको सजायको आधा सजाय १।६।० (एक वर्ष छ महिना) कैद र रू.१,५०,०००।- (एक लाख पचास हजार रूपैयाँ) जरिवाना हुने ठहऱ्याई वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०६९।५।२६ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः ईश्वरीप्रसाद भण्डारी

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०७४ साल साउन १८ गते रोज ४ शुभम्।

८

स.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री बमकुमार श्रेष्ठ, ०६८-WO-०१२९, उत्प्रेषण / परमादेश, *कुमार कार्की वि. प्रहरी प्रधान कार्यालय, नक्सालसमेत*

निवेदकले आफू बिरामी भई उपचारको लागि अस्पताल भर्ना भएको भनी निवेदनमा जिकिर लिएको भए पनि निजले कार्यरत कार्यालयबाट बिदा लिँदा बिरामी परेको भन्ने बेहोरा उल्लेख नगरी घरायसी समस्या परेकोले भनी कारण खोली २ दिनको लागि क्या.वि. स्वीकृत गराई बिदा बसेको भन्ने देखिएको र निजले मिति २०६७।१२।२० मा हाजिर हुन गएको भन्ने तथ्यसमेत प्रमाणित हुन सकेको नदेखिने।

निवेदकले मिति २०६७।११।४ मा २ दिनको क्या.वि. स्वीकृत गराई बिदा बसेको र मिति २०६७।१२।२० मा हाजिर हुन जाँदा हाजिर नगराएको भनी निवेदनमा उल्लेख गरेको देखिन्छ। २ दिनको क्या.वि. स्वीकृत गराई बिदा बसेको प्रहरी कर्मचारी ४३ दिनसम्म गैरहाजिर भई बसेको देखिँदा यतिका लामो अवधिसम्म बिना सूचना तथा जानकारी गैरहाजिर हुने व्यक्ति आफ्नो कर्तव्यप्रति सजग रहेको भन्ने आधार नदेखिएको र बिरामी भई उपचारमा रहेको भन्ने कथनसमेत विश्वासयोग्य नदेखिँदा निवेदन मागबमोजिम आदेश जारी हुने अवस्था देखिन नआउने।

अतः उल्लिखित आधार कारणबाट यी रिट निवेदक २ दिनको क्या.वि. स्वीकृत गराई बिना जानकारी लामो समयसम्म गैरहाजिर भई आफ्नो पदीय कर्तव्यप्रति सजग भएको नदेखिँदा मागबमोजिम उत्प्रेषण तथा परमादेश जारी हुने अवस्था देखिएन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: दुर्गाप्रसाद खनाल

इति संवत् २०७४ साल मङ्सिर ११ गते रोज २ शुभम्।

इजलास नं. १

१

मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा., ०७१-CI-०००६, परमादेश, राममणि भट्टराईसमेत वि. मैया केशरी सुवाल

स्थानीय स्वायत्त शासन ऐन, २०५५ मा भएको कानूनी व्यवस्था हेर्दा नगरक्षेत्रभित्रको घर जग्गाको लगत राख्ने दायित्व नगरपालिकालाई

तोकेको देखिन्छ भने प्रचलित कानूनबमोजिम आवश्यक सिफारिस गर्ने काम नगरपालिकाको नगर प्रमुख र वडा कार्यालयको वडा सदस्यहरूलाई तोकेको देखिन्छ । विपक्षीले लिखित जवाफमा आफूलाई मालपोत कार्यालयबाट माग गरेको घर जग्गाको सिफारिस गर्ने अधिकार नरहेको भनी भन्न सकेको पनि देखिँदैन । कानूनतः विपक्षी भक्तपुर नगरपालिका र ५ नं. वडा समितिको कार्यालयलाई घर बाटोको सिफारिस गर्ने दायित्व उक्त ऐनले तोकेको देखिने ।

नगर विकास समिति, काठमाडौं उपत्यका विकास प्राधिकरण र विपक्षी भक्तपुर नगरपालिका अलगअलग कानूनी व्यवस्थाबमोजिम गठित निकाय रहेको देखिन्छ । प्रस्तुत मुद्दामा निवेदिकाले नगर विकास समिति र काठमाडौं उपत्यका विकास प्राधिकरणलाई विपक्षी बनाएको अवस्था देखिँदैन । यस स्थितिमा नगर विकास समिति र काठमाडौं उपत्यका विकास प्राधिकरणलाई भएका अधिकारले प्रस्तुत रिट निवेदनमा कुनै सम्बन्ध राख्न सक्ने अवस्था नदेखिँदा सोतर्फको पुनरावेदन जिकिर मनासिब देखिन नआउने ।

कुनै पनि सरकारी निकायले कानूनले आफूलाई प्रदान गरेको अधिकारभित्र रहेर कार्य गरेमा मात्र त्यस्तो कार्यले कानूनी वैधानिकता प्राप्त गर्दछ । सार्वजनिक हितको लागि गरेको भन्दैमा कानूनले अधिकार नै नदिएको विषयमा गरेको कुनै कार्यले कानूनी वैधानिकता प्राप्त गर्ने अवस्था रहँदैन । विपक्षीहरूले निवेदिकाको दाताले दिएको घर बाटोको सिफारिस पाउँ भन्ने निवेदन नै रोक्का रहिसकेको भनी उल्लेख गरेको देखिने ।

निवेदिकाले विपक्षी भक्तपुर नगरपालिका र ५ नं. वडा समितिको कार्यालय, भक्तपुरबाट घर बाटो सिफारिस प्रदान गर्न माग गरेको र सो सिफारिस गर्ने अधिकार कानूनले विपक्षी नगरपालिका र वडा कार्यालयलाई प्रदान गरेको अवस्था देखिएको, निवेदकको दाताको घरबाटो सिफारिस रोक्का भइसकेको र जग्गा एकीकरण गर्ने कार्य भइरहेको कारण सिफारिस नदिएको भन्ने कुरा न्यायोचित देखिन नआएकोलगायतका अवस्थाहरूलाई मध्यनजर गर्दा निवेदिकाले निवेदनमा उल्लेख गरेको कित्ता नं. ३१२ को जग्गाको घर बाटोको सिफारिस रोक्का नराखी प्रचलित कानूनबमोजिमको प्रक्रिया पूरा गरी निवेदकलाई घर बाटोको सिफारिस दिनुपर्ने नै देखिन आउने ।

अतः विवेचित आधार, कारण र कानूनसमेतका आधारमा पुनरावेदन अदालत, पाटनबाट विपक्षीमध्येका भक्तपुर नगरपालिका र ५ नं. वडा कार्यालय, भक्तपुरका नाउँमा दाबीको जग्गाको सम्बन्धमा घर बाटो छ छैन कानूनबमोजिम प्रक्रिया पूरा गरी सिफारिस उपलब्ध गराउनु भनी परमादेशको आदेश जारी हुने ठहऱ्याई भएको मिति २०७०।१२।१९ आदेश मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: नगेन्द्रकुमार कालाखेती

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७३ साल माघ २० गते रोज ५ शुभम् ।

२

मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री हरिकृष्ण कार्की, ०७०-WO-०५२९, उत्प्रेषण, दिनदयाल पाठक वि. जिल्ला प्रहरी कार्यालय, रूपन्देहीसमेत

प्रहरी हवल्दारलाई भविष्यमा सरकारी नोकरीको लागि अयोग्य नठहरिने गरी नोकरीबाट हटाउने भनी तोकिएको प्रहरी उपरीक्षकबाट निवेदकलाई भविष्यमा सरकारी नोकरीको लागि अयोग्य नठहरिने गरी नोकरीबाट हटाउने गरी निर्णय भएको र पुनरावेदन गरी पुनरावेदन सुन्ने अधिकारी भनी नियमावलीमा उल्लेख गरेको पदाधिकारी पश्चिम क्षेत्रीय प्रहरी कार्यालय, पोखराका प्रहरी नायब महानिरीक्षकबाट नै निवेदकले गरेको पुनरावेदन सुनी

निर्णय भई सोही नियमावलीमा भएको व्यवस्थाबमोजिम त्यस्तो निर्णय अन्तिम हुने व्यवस्थाबमोजिम निर्णय अन्तिमसमेत भइसकेको अवस्था देखिने ।

प्रहरी नियमावलीमा सफाइको मौका नदिइकन पनि सेवाबाट हटाउनेसम्बन्धी व्यवस्था रही सो व्यवस्थाको सर्त बन्देजको पालना गरी निजलाई कानूनबमोजिम नै नोकरीबाट हटाइएको देखिएकोले निवेदकले बदर गर्न माग गरेको मिति २०७०।२।९ र २०७०।९।९ को निर्णयहरू उत्प्रेषणको आदेशद्वारा बदर गर्नुपर्ने अवस्थाको देखिन नआउने ।

अब, निवेदकले विपक्षीको नाउँमा नोकरीमा पुनः बहाली गरिपाउन उपयुक्त आज्ञा आदेश जारी गर्न माग गरेकोतर्फ हेर्दा माथि प्रकरणहरूमा विवेचना गरिएका आधारहरूबाट निजलाई नोकरीबाट हटाउने गरी भएको निर्णय नै बदर गर्न नपर्ने देखिएको परिप्रेक्ष्यमा निजलाई नोकरीमा पुनर्बहाली गराउनु पर्ने अवस्था नै नरहने हुँदा विपक्षीहरूको नाउँमा मागबमोजिमको परमादेशको आदेशसमेत जारी गरिरहनु पर्ने नदेखिने ।

अतः उल्लिखित आधार, कारण र कानूनी व्यवस्थासमेतबाट निवेदन माग दाबीबमोजिम विपक्षीहरूबाट भएको मिति २०७०।२।९ र २०७०।९।९ भएका निर्णयहरू उत्प्रेषणको आदेशबाट बदर नहुने र सोही कारणले परमादेशको आदेशसमेत जारी गरिरहनु पर्ने अवस्था नरहेको हुँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत : नगेन्द्रकुमार कालाखेती

कम्प्युटर : मन्दिरा रानाभाट

इति संवत् २०७३ साल कात्तिक ८ गते रोज २ शुभम् ।

३

मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ, ०६७-WO-०६४८, उत्प्रेषण / परमादेश, *पुनम राणासमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत*

विलम्बको सिद्धान्त कानूनले नै व्यवस्थित भएको सिद्धान्त नभई अदालतले मुद्दा मामिलामा उचित न्याय (Equitable Justice) गर्नका लागि प्रतिपादित गरेको सिद्धान्त हो । नापीको बखत नै पोखरी जनिएकोमा जग्गाधनी प्रमाण पुर्जा प्राप्त भएपछि तत्कालै कुनै कारबाही नचलाएको, दाबीको जग्गा नेपाल सरकारको नाउँमा दर्ता भएकोमा सो दर्ता बदरतर्फ कुनै कारबाही नचलाई बेवास्ता गरेको, पटकपटक मालपोत कार्यालयले साबिक दर्ता प्रमाण पेस गरेमा दर्तातर्फ निर्णय गर्ने भनेकोमा बेवास्ता गरी तत्कालै कुनै प्रमाण पेस नगरी बसेको र समयमै आफ्नो नाउँमा दर्ता गर्न नसकेकोमा नेपाल सरकारका नाउँमा दर्ता भएपछि मात्र प्रमाण पेस गरेको देखिएकोले उपर्युक्त सबै अवस्था हेर्दा निवेदक आफ्नो हकाधिकारमा नै बेवास्ता गरेको नै देखिन आउने ।

मूलत: आफ्नो अधिकारको बेवास्ता गर्ने व्यक्तिलाई मद्दत गर्न अदालतलाई पनि कर लाग्दैन भन्ने तर्कमा विलम्बको सिद्धान्त आधारित हुन्छ । हदम्यादसम्बन्धी कानूनी व्यवस्थाजस्तो समयको गणना गरेर विलम्बको सिद्धान्तलाई प्रयोग गर्न हुँदैन । यसको लागि समय तत्त्व (Time factor) निश्चय नै महत्त्वपूर्ण हुन्छ । २०२५ सालमा नै सर्भे नापी भएको अवस्थामा र जग्गा नापजाँच भई निवेदन दाबीको जग्गामा जग्गाधनी प्रमाणपुर्जा प्राप्त नभएपछि उपचार माग गरिएको विषयको तत्कालीन समयमा नै जानकारी निवेदकलाई भएपछि लामो समयसम्म त्यस विषयमा सार्थक सरोकार वा चासो नदेखाइनुका साथै विलम्ब हुनुको वस्तुनिष्ठ आधारसमेत प्रस्तुत गर्न नसक्नु अनुचित विलम्ब गरेको नै आधार पुष्टि हुन आउँछ । अत: निवेदकले २०२५ सालको नापी र दाबीको जग्गा नेपाल सरकारको नाउँमा नापी भएकोमा अनुचित विलम्ब गरी उपचारको मार्ग अवलम्बन गरेको देखिँदा निवेदनमा उठाएका विषयभित्र प्रवेश गरिरहनु पर्ने देखिन नआउने ।

मालपोत ऐन, २०३४ को दफा ७(२)

बमोजिम छुट जग्गा दर्ता जहिले पनि गर्न सकिन्छ। छुट दर्ताको लागि कसैको निवेदन परेमा सबुत प्रमाणको न्यायिक मूल्याङ्कन गरी सम्बन्धित मालपोत कार्यालयले निर्णय गर्नै पर्छ भन्ने निवेदन दाबी रहेतर्फ हेर्दा त्यसरी मालपोत ऐन, २०३४ को दफा ७(२) बमोजिम छुट जग्गा दर्ताको लागि निवेदन सम्बन्धमा दाबीको कि.नं. १४३ को जग्गा नापीको समयमा नापनक्सा हुँदा पोखरी लेखिएको र नेपाल सरकारका नाममा दर्तासमेत स्रेस्तासमेत तयार भइसकेको अवस्था देखिँदा निवेदकको मागबमोजिम दर्ता गर्न सक्ने अवस्था नभएको भनी तामेलीमा राख्ने गरी मालपोत कार्यालय, रूपन्देहीले मिति २०६७।५।१८ मा निर्णय गरेकोमा त्यस्तो मालपोत ऐन, २०३४ को दफा ७(२) को निर्णयउपर मालपोत ऐन, २०३४ को दफा ३१ बमोजिम मालपोत कार्यालयले गरेको निर्णयउपर पुनरावेदन लाग्ने वैकल्पिक कानूनी व्यवस्था भएकोमा त्यस्तो वैकल्पिक मार्ग अवलम्बन नगरी रिट क्षेत्राधिकारमा प्रवेश गरेको देखियो। उपर्युक्तबमोजिम वैकल्पिक उपचारको मार्ग रहेको अवस्थामा रिट क्षेत्राधिकार आकर्षित हुने अवस्था नरहने।

तसर्थ २०२५ सालमा जग्गा नापजाँच भएको जग्गा नेपाल सरकारका नाउँमा दर्ता गर्ने निर्णय भएकोमा लामो अवधि व्यतित गरी सो निर्णय बदरको लागि अनुचित विलम्ब गरी प्रस्तुत निवेदन माग गरेको र मालपोत ऐन, २०३४ को दफा ७(२) बमोजिमको छुट जग्गातर्फको दाबीमा मालपोत कार्यालय, रूपन्देहीको निर्णयउपर सोही ऐनको दफा ३१ बमोजिम पुनरावेदन अदालतमा पुनरावेदन लाग्ने वैकल्पिक उपचारको मार्ग अपनाउन सकिनेमा रिट क्षेत्रमा प्रवेश गरेको देखिँदा निवेदकको निवेदन मागबमोजिम आदेश जारी हुने अवस्थाको विद्यमानता नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: हर्कबहादुर क्षेत्री

इति संवत् २०७३ साल भदौ १३ गते रोज २ शुभम्।

४

मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री सपना प्रधान मल्ल, ०७१-CR-०२८४, लागु औषध (खैरो हेरोइन), पञ्चानन्द तिवारी वि. नेपाल सरकार

जिल्ला मकवानपुर चुरियामाई गाउँ विकास समिति वडा नं. ३ रातोमाटेस्थित सडकमा सवारीसाधन चेकजाँच गर्ने क्रममा पञ्चानन्द तिवारीको शरीर तलासी लिँदा निजले बोकेको झोलाबाट लागु औषध खैरो हिरोइन १८० ग्राम र ९८१३००६४१३ र ९१९९९९७७३५ को दुईवटा सिम भएको अंग्रेजीमा XI NOKIA लेखिएको कालो मोबाइल सेट बरामद भएको भन्ने बरामदी मुचुल्काबाट देखिन्छ। उक्त बरामदी मुचुल्काको रोहबरमा लेखिएको बेहोरामा प्रहरीले कानूनी रीतपूर्वक मेरो शरीर तलासी लिँदा मेरो साथबाट लागु औषध खैरो हिरोइन प्लाष्टिकको प्याकमा रहेको २ सानो पोका तौल गर्दा १८० (एक सय असी) ग्राम बरामद भएको हो। अन्य नगद जिन्सी धनमाल बरामद भएको छैन भनी सही गर्ने निजै अभियुक्त पञ्चानन्द तिवारी भनी उल्लेख भएको देखिन्छ। बरामद लागु औषध परीक्षणको लागि पठाइएकोमा हिरोइन पाइएको भन्ने परीक्षण प्रतिवेदनबाट देखिन आउने।

प्रतिवादीले अदालतमा बयान गर्दा कसुरमा इन्कार रहेको देखिन्छ तर निजको इन्कारी बयान पुष्टि हुने कुनै सबुद प्रमाण प्रतिवादीले पेस गर्न सकेको देखिँदैन। प्रमाण ऐन, २०३१ को दफा २७ मा कसुरबाट छुट पाउने वा रिहाइ पाउने कुराको जिकिर लिने प्रतिवादीले नै सो कुराको प्रमाण पुऱ्याउनु पर्दछ भन्ने व्यवस्था रहेको देखिन्छ भने लागु औषध नियन्त्रण ऐन, २०३१ को दफा १२ ले आफूसँग रहेको लागु औषध गैरकानूनी नभएको कुराको पुष्टि गरी निर्दोषिता साबित गर्ने जिम्मेवारी प्रतिवादीउपर नै सुम्पेको देखिने।

प्रतिवादीले आफूसँगबाट बरामद भएको लागु औषधको वैध स्रोत प्रमाणित गर्न नसकेको र निर्दोषिता

पुष्टि हुने अन्य ठोस सबुद प्रमाण पेस दाखिला गर्न नसकेको अवस्थामा निजको इन्कारी बयानकै भरमा निज निर्दोष रहेछन् भनी मान्न मिल्ने नदेखिने।

प्रतिवादीले अदालतमा बयान गर्दा कसुरमा इन्कार रहे तापनि अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा कसुरमा साबित रहेको देखिएको, अदालतको इन्कारी पुष्टि हुने गरी कुनै सबुद प्रमाण प्रतिवादीले पेस दाखिला गर्न नसकेको, प्रतिवादीको साथबाट लागु औषध खैरो हिरोइन बरामद भएको देखिएको, काम तामेली गर्ने प्रहरी हवल्दार कृष्णबहादुर बुढाले प्रतिवादीको साथबाट लागु औषध बरामद भएको भनी बरामदी मुचुल्काको बेहोरा समर्थित हुने गरी अदालतमा बकपत्र गरेको देखिएको, प्रतिवादीले बरामदी मुचुल्कामा रोहबरमा बसी लागु औषध आफूसँगबाट बरामद भएको कुरा स्वीकार गरी बरामदी मुचुल्कामा सही दस्तखत गरिदिएकोलगायतका आधार कारणहरूबाट प्रतिवादी भारतबाट नेपालमा लागु औषध पैठारी गर्ने कारोबारी रहेको देखिएबाट प्रतिवादीले अभियोग दाबीबमोजिमको कसुर गरेको पुष्टि हुन आउने।

प्रतिवादी भारतबाट नेपालमा लागु औषध ओसारपसार गर्ने लागु औषधको कारोबारी मानिस भएको देखिन आएको छ। लागु औषधको कारोबार गर्ने मानिसले त्यस्तो लागु औषध कारोबार गर्नको लागि लागु औषध खरिद गर्ने, लागु औषधको बिक्री वितरण गर्ने, निकासी पैठारी गर्ने, कारोबार गर्नको लागि सञ्चय गरी राख्ने र ओसारपसारलगायतका कार्य गर्न सक्ने अवस्थालाई इन्कार गर्न मिल्ने अवस्था देखिँदैन। प्रतिवादी लागु औषधको कारोबारी भएको देखिन आएको र निजबाट बरामद लागु औषधको परिमाणसमेतलाई विचार गर्दा निज प्रतिवादीलाई अभियोग दाबीबमोजिम सजाय नगरी कम सजाय गर्नुपर्ने कुनै अवस्था नदेखिने।

अतः विवेचित आधार, कारण र प्रमाणसमेतबाट सुरू मकवानपुर जिल्ला अदालतबाट प्रतिवादीलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ को (घ)(ङ) र (च) कसुर अपराधमा ऐ. ऐनको दफा १४(१)(छ)(३) बमोजिम १५(पन्ध्र) वर्ष कैद र ५,००,०००।- (पाँच लाख रूपैयाँ) जरिवाना हुने ठहर गरी मिति २०७०।२।२८ मा भएको फैसलालाई सदर गरेको पुनरावेदन अदालत, हेटौंडाको मिति २०७०।१२।११ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : नगेन्द्रकुमार कालाखेती

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७३ साल कात्तिक ७ गते रोज १ शुभम्।

५

मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री सपना प्रधान मल्ल, ०७१-CR-०८४५, ज्यान मार्ने उद्योग, नेपाल सरकार वि. रामबहादुर रानासमेत

कानूनमा नै प्रस्ट रूपमा ५ वर्षदेखि १२ वर्षसम्म कैद सजाय गर्न सक्ने व्यवस्था रहेको, पुनरावेदन अदालत, धनकुटाबाट प्रतिवादीहरूमध्येका मोहन रानाले मुख्य भई दाउराको चिरपटले पीडित कविन्द्र सुनुवारको टाउकोमा प्रहार गरी ज्यान मार्ने उद्योगको कसुर गरेकोमा वारदातमा निजको संलग्नतासमेतलाई विचार गर्दा निजलाई सुरूले ६ वर्ष कैद हुने ठहर गरेको फैसला मनासिब नै देखिन आउने।

प्रतिवादीहरू पामु भन्ने अशोक राना र रमेश थापाको वारदातको संलग्नतालाई मध्यनजर गरी निज प्रतिवादीहरू पामु भन्ने अशोक राना र रमेश थापालाई तजबिजी ५ पाँच वर्ष कैद हुने गरी सजाय गरेको र निजहरूलाई भएको कैद सजाय कानूनबमोजिम नै रहेको हुँदा उक्त फैसला अभियोग मागदाबीभन्दा बाहिर गएर भएको मान्न नमिल्ने भई अभियोग दाबीबमोजिम नै सजाय भएको अवस्था हुँदा पुनरावेदन अदालत, धनकुटाबाट प्रतिवादी मोहन रानालाई ६ वर्ष कैद गर्ने गरी सुरूले गरेको फैसला मनासिब ठहर गरी र अन्य प्रतिवादीहरू पामु भन्ने अशोक राना र रमेश थापालाई

तजबिजी ५ वर्ष कैद गर्ने गरी भएको फैसला मनासिब नै देखिन आउने।

प्रतिवादी रामबहादुर रानाले अधिकारप्राप्त अधिकारी र अदालतमा बयान गर्दा आफू पीडित कविन्द्र सुनुवारलाई कुटपिट गर्ने कार्यमा संलग्न नभएको भनी कसुरमा इन्कार रही बयान गरेको देखिन्छ। प्रतिवादीको साक्षी सुनिता रानाले अदालतमा बयान गर्दा म र प्रतिवादी रामबहादुर राना घटना वारदात भएको मिति समयमा आफ्नै घरमा थियौं। प्रतिवादीहरूमध्ये रामबहादुर रानाले कुटपिट गरेको होइन भनी प्रतिवादीको इन्कारी बयान समर्थित हुने गरी बकपत्र गरिदिएको देखिन्छ। प्रतिवादी रामबहादुर रानाउपर सुरू जाहेरी दिँदा निजको नाम उल्लेख भएको नदेखिने।

वादी पक्षबाट रामबहादुर रानाको घटना वारदातमा संलग्नता रहेको पुष्टि हुने कुनै ठोस सबुद प्रमाण पेस गर्न सकेको अवस्था पनि देखिँदैन। सरकारवादी फौजदारी मुद्दामा प्रतिवादीउपरको अभियोग शङ्कारहित सबुद प्रमाणबाट पुष्टि गर्ने दायित्व वादी पक्षमा रहन्छ। प्रतिवादी रामबहादुर रानाउपरको अभियोग वादी पक्षबाट शङ्कारहित तवरबाट प्रमाणित गर्न सकेको अवस्था देखिएन। उल्लिखित अवस्थाहरूलाई मध्यनजर गर्दा यी प्रतिवादी रामबहादुर राना अभियोग दाबीबमोजिमको कसुरदार रहेछन् भनी मान्न सकिने नदेखिने।

प्रतिवादीहरूबाट पीडितको श्रीमती रामकुमारी सुनुवारले निवेदनमा उल्लेख गरी पेस गरेको खर्च रकम रू. ८,००,०००।- क्षतिपूर्ति भराई दिन मागदाबी लिइएकोमा सुरू तथा पुनरावेदन अदालतबाट प्रतिवादीहरूबाट क्षतिपूर्ति रकम भराई नपाउने ठहरी भएको फैसलाका हकमा हेर्दा वादी पक्षबाट अभियोगपत्र पेस गर्दा कुन कानूनअनुसार उक्त क्षतिपूर्ति माग गरिएको हो सो कुरा स्पष्ट रूपमा उल्लेख गरेको देखिँदैन। क्षतिपूर्ति भराई दिने माग गर्दा क्षतिपूर्ति भराउने सम्बन्धमा भएको कानूनी व्यवस्था र क्षतिपूर्ति भराउन पर्ने आधारहरू प्रस्ट खुलाई अभियोगपत्र आएको अवस्था हुनुपर्ने।

वादी पक्षबाट कुन कानूनअनुसार क्षतिपूर्ति भराउन माग गरिएको हो सो कुरा नै स्पष्ट उल्लेख नगरेको र ज्यान मार्ने उद्योगको कसुरमा क्षतिपूर्ति भराउने सम्बन्धमा कुनै कानूनी व्यवस्थासमेत भएको नदेखिँदा सुरू धनकुटा जिल्ला अदालतबाट कानूनको अभावमा क्षतिपूर्तितर्फको अभियोग दाबी पुग्न नसक्ने ठहर गरेको फैसला सदर गरेको पुनरावेदन अदालत, धनकुटाको फैसला मनासिब नै देखिन आउने।

अतः विवेचित आधार कारणहरूबाट सुरू धनकुटा जिल्ला अदालतबाट प्रतिवादीहरूलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १५ नं. बमोजिम जनही तजबिजी कैद वर्ष ६(छ) हुने र प्रतिवादीहरूबाट रू.८,००,०००।– (आठ लाख) क्षतिपूर्ति भराई पाउँ भन्नेसम्मको नेपाल सरकारको अभियोग मागदाबी पुग्न नसक्ने ठहर गरेको फैसला उल्टी हुने ठहऱ्याई प्रतिवादीहरूमध्येका मोहन रानालाई ६ वर्ष कैद सजाय गर्ने गरी सुरूले गरेको फैसला मनासिब ठहर गरी, प्रतिवादीहरू पामु भन्ने अशोक राना, रमेश थापालाई तजबिजी ५ वर्ष कैद सजाय हुने, प्रतिवादी रामबहादुर रानाले अभियोग दाबीबाट सफाइ पाउने र प्रतिवादीहरूबाट अभियोग दाबीबमोजिम पीडितलाई क्षतिपूर्ति भराई पाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर र अभियोग दाबीबाट सफाइ पाउँ भन्ने प्रतिवादीहरू पामु भन्ने अशोक राना, मोहन राना र रमेश थापाको पुनरावेदन जिकिर पुग्न नसक्ने ठहऱ्याई पुनरावेदन अदालत, धनकुटाबाट मिति २०७१।३।९ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत : नगेन्द्रकुमार कालाखेती

कम्प्युटर : मन्दिरा रानाभाट

इति संवत् २०७३ साल कात्तिक ७ गते रोज १ शुभम्।

६

मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री सपना प्रधान मल्ल, ०७१-CR-१११४, जबरजस्ती करणी हाडनाता, ... वि. नेपाल सरकार

पीडितको उमेर १२ वर्षको भन्ने देखिँदा प्रतिवादीले जबरजस्ती करणीको महलको १ नं. विपरीत कसुर अपराध गरेको प्रमाणित हुन आएको र निजलाई अभियोग मागदाबीबमोजिम जबरजस्ती करणीको महलको ३(२) नं. बमोजिम आठदेखि वाह्र वर्षसम्म कैद हुनेमा निज प्रतिवादीले आफ्नै वर्ष १२ की नाबालिका छोरीलाई निजको बालकपनको फाइदा उठाई कसैलाई भनिदिएमा काट्ने मार्ने धम्की दिई निजको बालमष्तिष्कमा गम्भीर दीर्घकालीन रूपमा असर पर्ने गरी जबरजस्ती करणी गरेको प्रमाणहरूबाट पुष्टि हुन आएकोले निजलाई १२ बाह्र वर्षसम्म कैद सजाय हुन र प्रतिवादीले आफैँले जन्माएको छोरीलाई करणी गरेको देखिँदा निजलाई हाडनाता करणीको महलको १ नं. ले हुने कैद सजाय जबरजस्ती करणीको महलको २ नं. बमोजिम थप १० वर्ष कैद सजाय हुन र पीडितको शारीरिक तथा मानसिक क्षतिको मापन मूल्यमा गर्न सकिने अवस्था नहुने भए तापनि प्रतिवादीबाट पीडितलाई क्षतिपूर्ति भराइदिन अभियोग मागदाबी लिएको अवस्थामा निजबाट पीडितलाई रू. ५०,०००।- क्षतिपूर्ति भराई दिन मनासिब हुने देखिँदा सोहीबमोजिम सुरू रोल्पा जिल्ला अदालतबाट कैद र क्षतिपूर्तिको सजाय गर्ने गरी भएको फैसला सदर गरेको पुनरावेदन अदालत, तुलसीपुरको फैसला कानून र न्यायको रोहमा मिलेकै देखिने।

प्रतिवादीले पुनरावेदन पत्रमा आफूले गरेको दुष्कर्मको पश्चाताप गरेको, कसुरका सम्बन्धमा साबित भई बयान गरेकोले आफूलाई कम सजाय हुनुपर्ने भनी लिएको पुनरावेदन जिकिर लिएको देखिन्छ । प्रतिवादीले उल्लिखित जिकिर लिए तापनि जबरजस्ती करणीको महलको ३(२) मा भएको सजायको व्यवस्थातर्फ विचार गर्दा पीडितको उमेरको आधारमा कसुरको न्यूनतम र अधिकतम कैदको हद तोकिएको देखिन्छ । निज अदालतमा कसुरमा साबित भएको र कसुरमा पश्चाताप गरेकै कारणले कैदको हद न्यून गर्न सकिने सम्बन्धमा कानूनमा उल्लेख भएको नदेखिने।

अतः विवेचित आधार, कारण र प्रमाणहरूसमेतबाट प्रतिवादी ..... लाई आरोपित कसुरमा सजाय हुने ठहऱ्याई सुरू रोल्पा जिल्ला अदालतले गरेको फैसला सदर गरेको पुनरावेदन अदालत, तुलसीपुरको मिति २०७१।७।२४ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : नगेन्द्रकुमार कालाखेती

कम्प्युटर : मन्दिरा रानाभाट

इति संवत् २०७३ साल कात्तिक ७ गते रोज १ शुभम्।

इजलास नं. २

१

मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री दीपककुमार कार्की, ०७१-CI-११४५, उत्प्रेषण, प्रतिषेध तथा परमादेश, *आन्तरिक राजस्व कार्यालय, विराटनगरका तर्फबाट प्रमुख कर अधिकृत गोपाल कोइराला वि. मोरङ जिल्ला, कटहरी गा.वि.स. वडा नं. ९ स्थित क्वालिटी थाई फुड्स प्रा. तर्फबाट सञ्चालक विपिन काबरा*

चाउचाउ उत्पादन गरी बजार पठाउनको लागि प्रयोग भएको च्यापर्स अन्तःशुल्क ऐन, २०५८ को दफा ३क(३) मा छुट दिएको कच्चा पदार्थभित्र पर्छ पर्दैन भन्नेतर्फ हेर्दा उक्त अन्तःशुल्क ऐनमा कच्चा पदार्थको परिभाषा गरेको नहुँदा यस्तो अवस्थामा अन्य कानूनमा भएको व्यवस्थालाई आधार लिनु पर्ने।

च्यापर्स बिना चाउचाउ बजारयोग्य उत्पादन हुन नसक्ने अवस्था हुँदा त्यसलाई कच्चा पदार्थको रूपमा मान्नु पर्ने।

निवेदक कम्पनीले चाउचाउलाई बजारयोग्य बनाउनका लागि सम्पूर्ण विवरण खुलाइएको च्यापर्स बिना उत्पादन भएको चाउचाउ बजारयोग्य उत्पादन छ भन्न, मान्न सक्ने अवस्था नहुँदा त्यसलाई कच्चा पदार्थ मान्नु पर्ने नै देखिने।

एकपटक कच्चा पदार्थ च्यापर्समा लाग्ने अन्तःशुल्क तिरी सकेको अवस्थामा अन्तःशुल्क ऐन, २०५८ को दफा ३क (३) बमोजिम निवेदक कम्पनीले कट्टी सुविधा लिन पाउने अवस्था रहेको अन्तःशुल्क पुनः प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा असुल गर्ने कारबाही निर्णय वा आदेश गर्ने कार्यलाई कानूनसम्मत मान्न नसकिने हुँदा निवेदकले कच्चा पदार्थमा तिरेको अन्तःशुल्क तयारी वस्तु चाउचाउ निष्काशन गर्दा तिर्नुपर्ने अन्तःशुल्कमा कानूनबमोजिम कट्टा गर्न पाउने नै देखिन आउने।

कानूनले स्पष्ट रूपमा च्यापर्समा कर लाग्छ नभनेसम्म च्यापर्समा कुनै पनि नामको कर लाग्ने देखिँदैन । यस्तो अवस्थामा निवेदकको निवेदन मागबमोजिम चाउचाउमा प्रयोग भएको कच्चा पदार्थ च्यापर्समा तिरेको अन्तः शुल्क कट्टी सुविधा पाउने र च्यापर्समा थप कर नलिनु भनी पुनरावेदन अदालत, विराटनगरबाट निषेधाज्ञाको आदेश जारी हुने ठहर गरी गरेको फैसला मिलेको नै देखिने।

अतः उल्लिखित सिद्धान्त, कानूनी व्यवस्था र आधार कारणहरूबाट निवेदक कम्पनीले चाउचाउमा प्रयोग हुने च्यापर्सलाई कच्चा पदार्थ मानी सोमा तिरेको अन्तःशुल्क तयारी वस्तु चाउचाउ उत्पादन गरी बिक्री वितरण गर्दा अन्तःशुल्क कट्टी गर्न दिनु तथा थप कर निर्धारण नगर्नु भनी निषेधाज्ञाको आदेश जारी हुने ठहऱ्याई पुनरावेदन अदालत, विराटनगरले मिति २०७१।६।२७ मा गरेको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत : प्रेम खड्का

इति संवत् २०७३ साल भदौ ५ गते रोज १ शुभम्।

२

मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री केदारप्रसाद चालिसे, ०७२-CR-१२२३ र ०७२-CR-२१२१, जबरजस्ती करणी, *नेपाल सरकार वि. सुरज विश्वकर्मा रसाइली र सुरज विश्वकर्मा रसाइली वि. नेपाल सरकार*

वारदात भएको भनिएको मिति २०७१।३।९ गते पीडितसँग भेटघाट भएको पीडितलाई साइकलमा राखी निजको घरतर्फ पुऱ्याउन गएको बीच बाटोबाट साइकलबाट झरेर पैदल घरमा फर्केको भनी प्रतिवादीले अदालतको बयानमा उल्लेख गरेका छन्। घटनास्थल नजिक प्रतिवादीको CAP भेटिएको छ भने घटनास्थल मकैबारीमा माटो तथा झार माडिएको भन्ने उल्लेख छ । प्रतिवादीउपर दोष लगाउनु पर्ने अन्य कारण केही देखिन आएको छैन। यस अवस्थामा पीडित परिवर्तित नाम ०४९-२८-०७०।०७१ लाई प्रतिवादीले जबरजस्ती करणी गर्न प्रयत्न गरेको पुष्टि हुन आउँछ । जबरजस्ती करणी गर्ने मनसाय लिई प्रतिवादीले पीडितलाई एकान्त स्थान मकैबारीमा लगेको त्यहाँ जबरजस्ती करणी गर्ने प्रयास गरेको भए पनि जबरजस्ती करणीको कार्य गरेको भन्ने वस्तुनिष्ठ प्रमाणबाट वारदात पुष्टि हुन आएको नहुँदा प्रतिवादीले पीडित परिवर्तित नाम ०४९-२८-०७०।०७१ लाई जबरजस्ती करणी गर्ने उद्योगको कसुर गरेको देखिने।

मिति २०५६।११।१० मा पीडितको जन्म भएको भनी वारदातको मितिपश्चात् मिति २०७१।३।१५ मा जन्मदर्ता प्रमाणपत्र लिएको आधारले १४ वर्ष भनी अभियोगपत्रमा उल्लेख भएको पाइयो । वारदात मितिपछि सिर्जना गरिएको सो जन्मदर्ता प्रमाणपत्रमा उल्लिखित मितिलाई समर्थन गर्ने पीडितको विद्यालयको सर्टिफिकेट आदि पेस भएको छैन। यस अवस्थामा वारदातपछि बनाइएको सो जन्मदर्ताको प्रमाणपत्रमा उल्लिखित मिति विश्वासप्रद देखिन आएन। त्यसको अलावा जाहेरी दरखास्त तथा

स्वयम् पीडितले गरेको बकपत्रमा उल्लिखित उमेरसँग पनि सो जन्मदर्ताको प्रमाण पत्रमा लेखिएको मितिको उमेर मिल्दैन अर्थात् एकरूपता रहेको नपाइने।

पीडितको हड्डी जोर्नीहरूको X-ray गरी वैज्ञानिक आधारबाट विशेषज्ञ चिकित्सकले पीडितको उमेर २० देखि २५ वर्षको हुने भनी तथ्य नै प्रमाणित भएको छ। यस्तो अवस्थामा पीडितको उमेर २० वर्षदेखि २५ वर्षसम्मको हुने तथ्य पुष्टि हुन आउने।

उल्लिखित आधार कारणहरूबाट पीडितलाई प्रतिवादीले जबरजस्ती करणीको उद्योगको कसुर गरेको र पीडितको उमेर २० वर्ष पुगेको भन्ने तथ्य पनि स्थापित भएको छ। २० वर्ष वा सोभन्दा बढी उमेरकी महिला भए पाँचदेखि सात वर्षसम्म कैद हुने कानूनी व्यवस्था जबरजस्ती करणी महलको ३(५) नं. मा रहेको छ। प्रतिवादीले जबरजस्ती करणीको उद्योग गरेकोसम्म ठहरेको हुँदा ऐ. को ३(५) नं. मा भएको कैदको सजायको आधी ऐ. को ५ नं. अनुसार निज प्रतिवादीलाई ३ वर्ष कैदको सजाय गर्ने गरेको पुनरावेदन अदालत, हेटौंडाको फैसला मिलेकै देखिने।

मुलुकी ऐन, जबरजस्ती करणीको महलको १० नं. को कानूनी व्यवस्थाबमोजिम जबरजस्ती करणीको उद्योगको कसुरमा पीडितलाई प्रतिवादीबाट क्षतिपूर्ति भराइदिन मिल्ने देखिँदैन। यस्तो अवस्थामा पुनरावेदन अदालत, हेटौंडाले प्रतिवादीबाट क्षतिपूर्ति भराई दिन नमिल्ने भनी गरेको इन्साफ पनि मिलेको नै देखिने।

तसर्थ, विवेचित आधार प्रमाणबाट प्रतिवादीले जबरजस्ती करणीको महलको ५ नं. को कसुरमा उक्त महलको दफा ३(५) नं. बमोजिम उमेर पुगेकी महिलालाई जबरजस्ती करणी गरेबापत हुने सजायको आधी ३ वर्ष कैद गर्ने गरी सुरू चितवन जिल्ला अदालतबाट मिति २०७१।८।११ मा भएको फैसला सो हदसम्म मिलेकै देखिँदा सदर हुने र जबरजस्ती करणीको उद्योग ठहर भएको कसुरमा उक्त महलको १० नं. को कानूनी व्यवस्थाअनुसार क्षतिपूर्ति भराई दिन मिल्ने नदेखिँदा सुरू चितवन जिल्ला अदालतको उक्त फैसला सो हदसम्म मिलेको भन्न नसकिने ठहर गर्दै सुरू फैसलामा केही उल्टी भई पीडितलाई क्षतिपूर्ति भराई दिन नपर्ने ठहर्छ भनी पुनरावेदन अदालत, हेटौंडाले मिति २०७२।७।१७ मा गरेको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत : प्रेम खड्का

कम्प्युटर : सन्तोष अवाल

इति संवत् २०७४ साल वैशाख १३ गते रोज ४ शुभम्।

इजलास नं. ३

१

मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री केदारप्रसाद चालिसे, ०६७-WO-०७४१, उत्प्रेषण / परमादेश, *रामपुरीसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत*

कुनै जग्गा व्यक्तिको नाउँमा दर्ता हुने वा नहुने भन्ने कुरा साबिक स्रोत, भोग, तिरो तिरान, लगत तथा स्रेस्ताबाट यकिन गरिने विषय हुन्। कुनै जग्गा सरकारी, सार्वजनिक, गुठी वा निजी के कस्तो हो भन्नेबारेमा स्रेस्ता र अभिलेख राख्ने निकायबाट सो जग्गाको अवस्था यकिन गरिनु पर्दछ। एकपटक व्यक्तिको नाममा दर्ता भइसकेको जग्गा कुनै बेहोराबाट अन्यत्र हस्तान्तरण नभएसम्म कुनै निकाय वा पदाधिकारीको गल्ती र त्रुटिको कारण कसैको स्वामित्व हरण हुनसक्ने देखिँदैन। तथापि सरकारी जग्गा कुनै त्रुटिवश कुनै व्यक्तिको नाउँमा दर्ता हुन गएको रहेछ भने त्यसलाई पुनः सरकारको स्वामित्व कायम गर्न नसकिने भन्ने नदेखिने।

विवादको जग्गाको स्रोत साबिक कि.नं.१९३ को फिल्डबुकमा बागमती खोला भनी जनिएको र सो जग्गा बागमती खोलाले छोडे पनि खोला उकासको

कायम हुने देखिएकोले सो जग्गा मालपोत ऐन, २०३४ को दफा २(ख२) बमोजिम सरकारी जग्गाको परिभाषाभित्र पर्ने।

विपक्षीमध्येका बाबुकाजी महर्जनसमेतका नाममा दर्ता भई विपक्षीमध्येको मण्डप विजनेस होम्सको नाउँमा हस्तान्तरण भइसकेको जग्गासमेत दर्ता बदर भई सो जग्गाको स्वामित्व पनि नेपाल सरकारको नाउँमा गइसकेको भन्ने मिसिलबाट देखिन्छ । विवादित जग्गा सरकारी जग्गा हो भन्ने ठहर गरी नेपाल सरकारका नाउँमा दर्ता भइसकेको र निवेदकको हक भोगको जग्गा हो भन्ने यकिन प्रमाण पेस हुन नआएको हुँदा निवेदकको नाउँमा दर्ता हुने अवस्था देखिन नआउने।

अतः विवेचित आधार कारणबाट निवेदन मागबमोजिम उत्प्रेषणयुक्त परमादेशको आदेश जारी गर्नुपर्ने अवस्थाको विद्यमानता नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : अनुपमा पन्त

इति संवत् २०७५ साल जेठ २१ गते रोज २ शुभम्।

२

मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री केदारप्रसाद चालिसे, ०६९-CI-११७८, उत्प्रेषण, *विक्रम श्रेष्ठ वि. राजु श्रेष्ठ*

विवादित जग्गा दर्ताफारी हुने कुरामा विपक्षीले इन्कार गरेको नभए तापनि नगर विकास योजनाको प्रस्तावित बाटोमा पर्ने क्षेत्रफल कटाई नरमगरम मिलाउनु पर्ने भनी सुरूमा नै दाबी लिएको पाइन्छ । अदालतबाट दर्ता फारी हुने ठहरी फैसला भएको भए तापनि कसको कतातर्फ भनी ठहर भएको नभई नरमगरम मिलाएर दर्ताफारी हुने ठहर भएको देखिन्छ। वादी प्रतिवादीका नाउँमा संयुक्त दर्ता रहेको साझा सम्पत्तिको जग्गा फैसलामै नरमगरम मिलाएर दर्ताफारी हुने ठहर भएपछि दुवैपक्षलाई चित्त बुझ्ने गरी नरम गरम मिलाएर मात्र कित्ताकाट हुनु न्यायोचित र विवेकसम्मत हुने।

संयुक्त दर्ता रहेको जग्गामाथि पुनरावेदकसरह हक रहेका व्यक्तिलाई बुझ्दै नबुझी, आफ्नो कुरा राख्ने मौकासम्म नदिई एकतर्फी निवेदन मागअनुरूप कित्ताकाट गरी दाखिल खारेज गरेको देखिँदा मालपोत कार्यालयको उक्त काम कारबाही एवम् निर्णय दर्ताफारी मुद्दामा भएको फैसला एवम् प्राकृतिक न्यायको सिद्धान्तसमेतको विपरीत रहेको देखियो । यसरी दुई व्यक्तिको नाउँमा संयुक्त दर्ता रहेको जग्गा एकतर्फी निवेदन मागबमोजिम कित्ताकाट गर्ने गरी मालपोत कार्यालय, ललितपुरबाट मिति २०६८।७।२ मा भएको निर्णय कानूनसम्मत रहेको नदेखिँदा उक्त निर्णय कायम हुनसक्ने देखिएन । तसर्थ मालपोत कार्यालय, ललितपुरबाट मिति २०६८।७।२ मा भएको निर्णय बदर हुने ठहऱ्याएको पुनरावेदन अदालतको फैसलालाई अन्यथा भन्न नमिल्ने।

तसर्थ माथि विवेचित आधार कारणबाट प्राकृतिक न्यायको सिद्धान्त पालना नगरी मालपोत कार्यालय, ललितपुरबाट मिति २०६८।७।२ मा भएको दर्ताफारी निर्णय, सो निर्णय बदर गरिपाउँ भनी दिएको निवेदनमा पुनरावेदन गर्न जानु भनी सुनाएको मिति २०६९।१।५ मा भएको निर्णयसमेत कानूनविपरीत रहेको देखिँदा उत्प्रेषणको आदेशद्वारा बदर गरी दुवै पक्षलाई बुझी पुनः निर्णय गर्नु भनी मालपोत कार्यालयलाई जानकारी दिने गरी पुनरावेदन अदालत, पाटनबाट मिति २०६९।१०।३ मा भएको आदेश मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: सुरेशराज खनाल

कम्प्युटर: रमला पराजुली

इति संवत् २०७४ साल फागुन ६ गते रोज १ शुभम्।

३

मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा, ०६९-CI-११४७, फैसलाबमोजिम जग्गा दर्ता, *लिलादेवी बरालसमेत वि. प्रा.डा. कमलमणी*

बराल

कानूनतः मालपोत कार्यालयको अधिकार भनेको जग्गा दर्ता गर्नेसम्मको अधिकार हो हकबेहकको अवस्था उत्पन्न भएकोमा मालपोत कार्यालयले सोझै निर्णय गर्न मिल्दैन । कुनै जग्गाको हक सम्बन्धमा एकभन्दा बढी पक्षको बीचमा विवाद उठेमा अर्थात् तेरोमेरोको विवाद परेकोमा के कुन प्रमाण आधारबाट दाबी गर्ने पक्षको हक दाबी पुग्न सक्ने नसक्ने के हो भन्ने कुराको विवेचना गरी निर्णयमा पुग्नुपर्ने ।

पैतृक सगोलको सम्पत्ति आफ्नोसमेत हक लाग्ने भनी दाबी गरेको अवस्था रहेको र परिवारका सदस्यमध्ये को कसले पाउने वा खाने हो भन्ने विवाद रहेको हुँदा अदालतले न्यायिक निर्णय गरेसरह निर्णय गर्ने अधिकार मालपोत कार्यालयलाई रहेको नदेखिने ।

एउटै जग्गा सम्बन्धमा आ-आफ्नो हकको दाबी लिएको अवस्थामा मालपोत कार्यालयले अदालतबाट हक कायम गराई ल्याउनु भनी सुनाउनु पर्नेमा आफैँ निर्णय गरेको कार्य त्रुटिपूर्ण रहेको देखिने ।

विवादित जग्गा बाबुबाजेकै पालादेखिको पैतृक सम्पत्ति रहे भएको भन्नेमा विवाद नरहेको र यसप्रकारको सम्पत्ति परिवारका सदस्यहरूमध्ये को कसले खाने वा पाउने भन्ने कुराको निरूपण मालपोत कार्यालयबाट हुने जग्गा दर्ता प्रक्रियाबाट हुनसक्ने देखिँदैन । यही विवादित जग्गा महेश्वर बरालका चारजना छोराहरू सबैको समान हक लाग्ने हो भने जग्गा दर्ता हुँदाको क्रममा जो जसका नाउँमा दर्ता भए पनि अंशियारहरूले अबन्डा सम्पत्ति बन्डा गरी लिन कुनै कानूनी बाधा देखिँदैन । यसप्रकारको विषयमा अब हक बेहकमा मालपोत कार्यालयबाट सुनाई दिनुपर्ने कुनै तार्किक आधारसमेत देखिँदैन । प्रस्तुत मुद्दा तहतह इन्साफ हुँदै यस अदालतसमक्ष आइसकेको र हक कायम गरी ल्याउनु भनी दुवै पक्षलाई सुनाउने प्रयोजनको लागि पुनः सुरू तहमा पठाउँदा मुद्दाको प्रक्रिया लम्बिन जाने निश्चित छ । परिणामस्वरूप मुद्दाका पक्षहरूले अनावश्यक हैरानी बेहोर्नु पर्ने अवस्था सिर्जना हुने देखिन्छ । यिनै कुरालाई मध्यनजर गरी मुद्दामा इन्साफ गर्नुपर्ने प्रश्नहरूसँग सम्बद्ध प्रमाणहरू तल्लो अदालत, निकाय वा अधिकारीले बुझ्न छुटाएको रहेछ भने आफैँले बुझी फैसला वा अन्तिम आदेश गर्ने अधिकार विधिकर्ताले पुनरावेदन अदालतलाई दिएको देखिन्छ । यसरी उपर्युक्त कानूनी व्यवस्थाबमोजिम आफूसमक्ष विचाराधीन रहेको मुद्दामा प्रमाण बुझ्नुपर्ने भए सम्बद्ध आफैँले बुझी निर्णय गर्न सकिनेमा सोबमोजिम नगरी हकबेहकमा सुनाउनु भनी मिसिल मालपोत कार्यालयमा पठाउने गरेको पुनरावेदन अदालत, पोखराको फैसला कानूनसम्मत भन्न नमिल्ने ।

माथि विवेचित आधार कारणबाट विवादित जग्गा आआफ्नो नाममा दर्ता हुनुपर्ने भनी वादी प्रतिवादीको दाबी रही हक बेहकको स्थिति उत्पन्न भएको अवस्थामा आफ्नो अधिकारक्षेत्रभन्दा बाहिर गई निवेदिका देवकी बराल र लिलादेवी बरालका नाउँमा संयुक्त नामसारी दर्ता हुने ठहऱ्याई मालपोत कार्यालय, कास्कीबाट मिति २०६८।०५।०१ मा भएको निर्णय बदर गरेको हदसम्म पुनरावेदन अदालतको इन्साफ मनासिब भएपनि माथि उल्लिखित कानूनी प्रावधानअनुसार सम्बद्ध प्रमाण बुझी स्वयम् निर्णय गर्नुपर्नेमा नगरी मालपोत कार्यालयमा हकबेहकमा सुनाउनु भनी पठाएको पुनरावेदन अदालत, पोखराको मिति २०६९।८।१२ को फैसला त्रुटिपूर्ण हुँदा बदर हुने ठहर्छ । अब मिसिल संलग्न प्रमाणलगायत अन्य जो जे प्रमाण बुझ्नुपर्छ बुझी उच्च अदालत, पोखराबाट नै कानूनबमोजिम फैसला गर्नु भनी मुद्दाका दुवै पक्षलाई तारेख तोकी उच्च अदालत, पोखरामा पठाई दिने ।

इजलास अधिकृत: सुरेशराज खनाल

कम्प्युटर: रमला पराजुली

इति संवत् २०७५ साल वैशाख ३ गते रोज २ शुभम् ।

४

मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री अनिलकुमार सिन्हा, ०७०-WO-०५१९, उत्प्रेषण, *बद्रीबहादुर कार्की वि. नेपाल वायु सेवा निगम केन्द्रीय कार्यालय, न्यूरोडसमेत*

निवेदकले प्राप्त गरेको लाइसेन्सको आधारमा प्रदान गरेको भत्ता गैरकानूनी भएको भनिएको तर सो भत्ता उपलब्ध गराउन सिफारिस गर्ने अधिकारीउपर कुनै कारबाही भएको देखिँदैन । भत्ता खान पाउने भनी सिफारिस गर्ने पदाधिकारीउपर कुनै कारबाही नगरिएको अवस्थामा निजको सिफारिसको आधारमा उपलब्ध भत्ता कटौती गर्नु न्यायोचित हुन सक्दैन । निवेदक वायुयान मर्मत सम्भारतर्फ कार्यरत प्राविधिक कर्मचारी रहेकोमा निजले गरेको कामबापत सञ्चालक समितिको निर्णय मुताबिक भत्ता पाउनु पर्ने भन्ने निवेदकको वैध अपेक्षा रहनुका अतिरिक्त हकसमेत रहने । कुनै पनि सार्वजनिक निकाय वा पदाधिकारीले व्यक्तिका वैध अपेक्षालाई बिनाआधार निस्तेज पार्न नमिल्ने ।

निगम आफैँले जिम्मेवारी दिई सो जिम्मेवारी वहन गरेबापत भनी भत्ता उपलब्ध गराउने अनि आफैँले असुलउपर गर्ने गर्दा एउटै निकायले दोहोरो मापदण्ड अपनाएको देखिन्छ । निवेदकले काम नगरी भत्ता खाएको भन्ने लिखित जवाफसमेतबाट देखिँदैन । निवेदकले अनुमतिपत्र प्राप्त गरेको विषयसित सम्बन्धित कार्य गरी भत्ता प्राप्त गरेकोमा सो भत्ता प्राप्त गर्न मिल्ने होइन भन्ने विपक्षीहरूको लिखित जवाफबाट नदेखिई केबल बढी भत्ता प्राप्त गरेको भन्ने देखिन्छ । साथै सञ्चालक समितिबाट गठित उपसमितिले निवेदकले पाउनुपर्ने रकम यति हो भनी यकिन गर्न सकेकोसमेत देखिँदैन । निवेदकले आफूले पाउनु पर्ने तलब भत्ता आफूखुसी लिए खाएको भन्ने नदेखिएको अवस्थामा सेवा निवृत्त भएपछि प्राप्त हुने रकम कट्टा गर्ने गरी भएको विपक्षीको निर्णय विवेकसम्मत मान्न नमिल्ने ।

माथि विवेचित आधार कारणबाट निवेदकले २०६४ असारदेखि २०६९ पौषसम्म प्राप्त गरेको भत्ता रकम रू.१२,००,९०१।- कटौती गर्ने गरी सञ्चालक समितिबाट गठित उपसमितिले मिति २०७०।२।२९ मा पेस गरेको सिफारिस एवम् सो सिफारिसलाई कार्यान्वयन गर्ने गरी भएको मिति २०७०।३।२३ को सञ्चालक समितिको निर्णय र सो निर्णयको आधारमा नेपाल वायु सेवा निगमको अर्थ विभागद्वारा निवेदकले प्राप्त गर्नुपर्ने रकम कट्टा गरेको १७ जुलाई २०१३ को पत्रलगायतका काम कारबाही कानून प्रतिकूल रहेको देखिँदा उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ । अब निवेदकले खाई पाई आएको उपर्युक्त रकम निवेदकलाई भुक्तानी दिनु दिलाउनु भनी विपक्षीहरूको नाममा परमादेशको आदेशसमेत जारी हुने ।

इजलास अधिकृत: सुरेशराज खनाल

कम्प्युटर: रमला पराजुली

इति संवत् २०७४ साल कात्तिक २६ गते रोज १ शुभम् ।

५

मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री अनिलकुमार सिन्हा, ०७२-CI-१६०३, उत्प्रेषण / परमादेश, निषेधाज्ञा, *भुली देवीसमेत वि. उपेन्द्र ठाकुरसमेत*

तेजनारायण ठाकुरका नाउँमा दर्ता रहेको कि.नं.२०३ बाट वादी दाबीबमोजिमको दर्ता बदर भए पनि बदर भएको जग्गा सार्वजनिक प्रकृतिको देखिएकाले वादीका नाउँमा दर्ता हुन नसक्ने भनी ठहर फैसला भएको देखिएकोमा सोही फैसलालाई टेकेर कि.नं.२०३ बाट बदर भएको जग्गा कि.नं.२८८ को ०-०-४-२ जग्गा वादी मुनिदेवीका नाउँमा दर्ता हुने गरी मालपोत कार्यालय, धनुषाबाट मिति २०५६।११।६ मा निर्णय भएको मालपोत कार्यालयको निर्णय मिसिलबाट देखिन्छ । सोही जग्गा तहतह हस्तान्तरण हुँदै हाल यी पुनरावेदकका नाउँमा आएको देखियो । अदालतको फैसलाले सार्वजनिक ठहर गरेको जग्गा झुट्ठा बेहोरा

उल्लेख गरी दूषित तरिकाबाट व्यक्तिको नाममा दर्ता गराएको स्पष्ट रूपमा देखिँदा त्यस्तो दर्ता नै अवैध र कानूनविपरीत रहेको देखिने ।

धनुषा जिल्ला अदालतको फैसलाअनुसार मालपोत कार्यालयले मुनिदेवी साह कलवारको नाउँमा दर्ता भएको जग्गा देवनारायण यादवको नाउँमा हक हस्तान्तरण भएको हो । हामीले सक्कल जग्गाधनी पुर्जा हेरी सुपथ रूपैयाँ तिरी खरिद र भोगचलन गरेको जग्गाको दर्ता निर्णय बदर हुने होइन भन्ने पुनरावेदकले जिकिर लिएको देखिन्छ । विवादित जग्गाको दर्ताको मूल आधार भनेको धनुषा जिल्ला अदालतको मिति २०५६।११।६ को फैसला भन्ने देखिन्छ । तर उक्त फैसलाबाट पुनरावेदकको परदाता मुनिदेवी साह कलवारको नाममा दर्ता हुने ठहर भएको भन्ने देखिँदैन । यसरी मुनिदेवी साह कलवारको नाममा कानूनसम्मत रूपमा दर्ता भएको नदेखिएको अवस्थामा मूल स्रोत नै दूषित भएपछि त्यसपछिका हकहस्तान्तरणले वैधता प्राप्त गर्न नसक्ने हुँदा विवादित जग्गाको दर्ता बदर हुने ठहऱ्याएको पुनरावेदन अदालतको फैसलालाई अन्यथा भन्न नमिल्ने ।

माथि विवेचित आधार कारणबाट अदालतको फैसलाबाट सार्वजनिक कायम भएको विवादित जग्गा झुठा बेहोरा उल्लेख गरी अदालतको फैसलाविपरीत व्यक्तिको नाममा दर्ता गर्ने गरी मालपोत कार्यालय, धनुषाबाट मिति २०५६।११।६ मा भएको निर्णय र सो निर्णयका आधारमा भएको हक हस्तान्तरणको कार्यसमेत बदर हुने ठहऱ्याई पुनरावेदन अदालत, जनकपुरबाट मिति २०७१।१२।२४ मा भएको आदेश मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: सुरेशराज खनाल

इति संवत् २०७४ साल भदौ २६ गते रोज २ शुभम् ।

६

मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री अनिलकुमार सिन्हा, ०७३-CI-०१५९, परमादेश, *थम्मराज श्रेष्ठसमेत वि. टिकाबहादुर ऐडी*

Eminent Domain राज्यसत्ताको अन्तरनिहित र अविभाज्य अधिकार हो । यसअन्तर्गत राज्यले सार्वजनिक प्रयोगको लागि व्यक्तिको सम्पत्ति प्राप्त गर्नसक्ने कुरालाई स्वीकार गरेको पाइन्छ । तर सर्वसाधारणको सम्पत्ति सार्वजनिक प्रयोगको लागि प्राप्त गर्दा राज्यले उचित क्षतिपूर्ति दिनुपर्ने अपेक्षा यस सिद्धान्तले आत्मसात् गरेको हुँदा राज्यले नागरिकको निजी सम्पत्ति कानूनबमोजिम उचित क्षतिपूर्ति दिएर मात्र प्राप्त गर्न सक्दछ । कानूनबमोजिम बाहेक व्यक्तिको निजी सम्पत्ति कुनै निकायले स्वेच्छाचारी तरिकाले उपभोग गर्नबाट वञ्चित गर्न मिल्ने हुँदैन । सार्वजनिक कार्यको लागि व्यक्तिको सम्पत्ति प्राप्त गर्नु परेमा पनि संविधान र प्रचलित कानूनबमोजिमको कार्यविधि पूरा गरी अधिग्रहण भएको हुनुपर्ने ।

बाटोमा परेको क्षेत्रफल बराबरको निवेदकको जग्गा नगर विकास समितिले आफ्नो जग्गाबाट दिने भन्ने सुर्खेत उपत्यका नगर विकास समितिको मिति २०५८।८।२२ को निर्णयबाट देखिन्छ । आफूले गरेको उक्त निर्णय कार्यान्वयन नभएको कुरा पुनरावेदकले स्वीकार गरेको देखिन्छ । वस्तुत राज्यका सार्वजनिक निकायबाट भएका कानूनसम्मत निर्णय कार्यान्वयन हुन्छन् भनी आम नागरिकले अपेक्षा गर्नुलाई अन्यथा भन्न मिल्दैन । प्रशासनिक स्वच्छता कायम गर्नको लागिसमेत यो अपरिहार्य रहेको हुन्छ । प्रस्तुत विवादमा विधिवत् जग्गा अधिग्रहण भएको नदेखिएकोसमेतका आधारबाट नगर विकास समितिले आफ्नो निर्णय कार्यान्वयन गर्नबाट पछि हट्न मिल्ने देखिँदैन । यसर्थ निवेदकलाई जग्गा दिने विषयमा गरेको निर्णय लामो समयसम्म जस्ताको त्यस्तै रहन नसक्ने भनी विपक्षीले लिएको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

तसर्थ विवेचित आधार कारणबाट निवेदकको कि.नं.१४५१ को बाँकी ०-०-१ जग्गा सुर्खेत उपत्यका

नगर विकास समितिका नाउँमा र उक्त कि.नं.१४५१ को ज.वि. ०-०-७ जग्गाको सट्टा मूल्याङ्कन र क्षेत्रफलको हिसाबले बराबर हुने जग्गा निवेदकको नाममा हस्तान्तरण गर्ने कार्य गर्नु गराउनु भनी सुर्खेत उपत्यका नगर विकास समितिका नाउँमा परमादेशको आदेश जारी हुने ठहऱ्याई पुनरावेदन अदालत, सुर्खेतबाट मिति २०७२।१२।२४ मा भएको आदेश मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: सुरेशराज खनाल

कम्प्युटर: रमेश आचार्य

इति संवत् २०७४ साल भदौ २६ गते रोज २ शुभम्।

७

मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री सपना प्रधान मल्ल, ०६८-WO-०८७२, उत्प्रेषण / परमादेश, *देउकुमारी गुरूङसमेत वि. राष्ट्रिय ताल संरक्षण विकास समिति, बानेश्वरसमेत*

निवेदकहरूसमेतको जग्गा रोक्का राख्न पोखरा उपत्यका नगर विकास समितिले च.नं.१५५ मिति २०६६।११।११ मा पत्राचार गरेको छ । तालतलैयाजस्ता जलस्रोतहरू बहुआयामिक महत्त्वको भएको र जैविक विविधता संरक्षण तथा सम्बर्द्धन गर्न र वातावरणीय सन्तुलन कायम राख्न तालतलैयाको संरक्षण हुनुपर्ने आवश्यक देखिएको र सो दायित्व राज्यको हुने भएकोले सोही दायित्व पूरा गर्ने उद्देश्यले पोखरा उपत्यका नगर विकास समितिले उक्त जग्गा रोक्का राखेको देखियो । पोखरा उपत्यका नगर विकास समिति सरकारी कार्यालय, भएको र सो कार्यालयको पत्राचारअनुसार मालपोत ऐन, २०३४ को दफा ८ख(२) का अधीनमा रही मालपोत कार्यालय, कास्कीले निवेदकहरूको जग्गा रोक्का राख्ने कार्य गरेको देखिएकाले सो कार्य कानूनबमोजिम प्राप्त गरेको अख्तियार र जनहितको संरक्षणको उद्देश्यबाट नै भएको मान्नु पर्ने।

पोखरा उपत्यका नगरविकास समितिले के कति जग्गा अधिग्रहण गर्ने हो सो कुराको छिनोफानो भएपछि लिन आवश्यक पर्ने भए तुरून्तै क्षतिपूर्ति दिई अधिग्रहण गर्ने र सो गर्न नपर्ने भए जग्गाको रोक्का फुकुवा गर्ने प्रतिबद्धता लिखित जवाफमार्फत जनाए पनि निवेदकहरूको निजी दर्तामा रहेको जग्गा यति लामो समयसम्म रोक्का राख्दा निजहरूको घर व्यवहार चलाउन आवश्यक परेको बेला बेचबिखन गर्नसमेत नपाउने भएकोले त्यसबाट संविधानप्रदत्त सम्पत्तिको अधिकार उपभोग गर्नबाट निवेदकहरू वञ्चित हुन जाने अवस्था देखिन आएकोले त्यसतर्फ यस अदालतको गम्भीर ध्यानाकर्षण हुने।

तसर्थ विवेचित आधार कारणहरूबाट निवेदकहरूको नाम दर्ताको जग्गा ताल संरक्षण गर्ने उद्देश्यले कानूनले प्रदान गरेको अख्तियारीबमोजिम नै रोक्का गरिएकोले सो रोक्काको निर्णय निवेदन मागबमोजिम उत्प्रेषणको आदेशले बदर गरिरहनु परेन। तर निवेदकहरूको जग्गा लामो समयसम्म रोक्का राख्दा निवेदकहरूलाई पर्न जाने समस्यातर्फ विचार गर्दा रिट निवेदनमा उल्लेख भएका निवेदकहरूको जग्गा ताल संरक्षणसमेतका कार्यको लागि आवश्यक पर्ने भए क्षेत्रफल यकिन गरी उचित मुआब्जा प्रदान गरी जग्गा प्राप्त गर्नेतर्फ यथाशीघ्र आवश्यक पहल गर्नु र रोक्का राख्न नपर्ने जग्गा अविलम्ब फुकुवा गर्ने व्यवस्था गर्नु गराउनु भनी विपक्षीहरूको नाममा परमादेश जारी हुने।

इजलास अधिकृतः रामु शर्मा र अनुपमा पन्त

इति संवत् २०७५ साल वैशाख १६ गते रोज १ शुभम्।

- यसै लगाउको ०६९-WO-०२९४, उत्प्रेषण / परमादेश, *विष्णुमाया तिमिल्सिनासमेत वि. राष्ट्रिय ताल संरक्षण विकास समिति, बानेश्वरसमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

८

मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री सपना प्रधान मल्ल, ०७०-WO-०१३५, उत्प्रेषण,

केदारबहादुर खड्कासमेत वि. मालपोत कार्यालय, भद्रपुर, झापासमेत

अदालतले कुनै पनि विवादको निरूपण गर्दा सर्वप्रथम हदम्याद, हकदैया र क्षेत्राधिकार रहेको छ छैन भन्ने कुरा प्रारम्भिक रूपमा हेर्नु पर्ने हुन्छ। जसअनुसार आफ्नो हक प्रचलनको लागि अदालतमा उजुरी लिई आउने व्यक्तिले सर्वप्रथम त्यस विषयमा आफ्नो हक स्थापित रहेको छ भन्ने देखाउनु आवश्यक हुने।

सुकुम्बासी समस्या समाधान आयोगबाट निवेदकहरूले विधिवत्रूपमा जग्गाधनी प्रमाणपुर्जा प्राप्त गरी नसकेको भन्ने देखिँदा उक्त जग्गामा निवेदकहरूको हक स्वामित्व कायम भएको अवस्था देखिँदैन। यसरी आ-आफ्नो नाममा जग्गा दर्ता भई दर्ता स्रेस्ता कायम भई नसकेको अवस्थामा त्यस्तो जग्गामा घर बनाई बसेको भन्ने मात्र आधारमा निवेदकहरूको हक सिर्जना भएको मान्न मिलेन। साथै निवेदकहरूले आफ्नो समुच्चा निवेदनमा आफूलाई संविधान वा अन्य कुनै कानूनद्वारा प्रदत्त यो हक हनन भएको भनी कहिँकतै उल्लेख गर्न सकेको देखिँदैन । विवादित जग्गा निवेदकहरूको नाउँमा दर्ता माग गरी मालपोत कार्यालय, झापामा निवेदन दिएको भन्ने मात्र आधारले उक्त जग्गामाथि हकअधिकार सिर्जना भएको अर्थ गर्न नमिल्ने।

विवेचित आधार कारणबाट विवादित जग्गा सुकुम्बासी समस्या समाधान आयोगले कानूनबमोजिम निवेदकहरूलाई वितरण गरी निवेदकहरूको नाममा विधिवत् दर्ता स्रेस्ता कायम भएको भन्ने नदेखिएको, वितरणको प्रयाससम्म भएको भन्ने आधारमा निवेदकहरूको हक स्थापित भएको भन्न नमिल्ने हुँदा विवादित जग्गा सम्बन्धमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट भएको निर्णय एवम् मालपोत कार्यालय, भद्रपुरबाट मिति २०६३।१०।११ र मिति २०६४।४।२४ को निर्णय बदर गरिपाउँ भनी निवेदकहरूलाई प्रस्तुत रिट निवेदन दिने हकदैया रहेको भन्न मिलेन। तसर्थ हकदैयाको अभावमा प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः सुरेशराज खनाल

कम्प्युटर: रमेश आचार्य

इति संवत् २०७४ साल चैत ६ गते रोज ३ शुभम्।

९

मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री सपना प्रधान मल्ल, ०७१-WO-०७३५, उत्प्रेषण, *रामचन्द्र साह तेली वि. पुनरावेदन अदालत, हेटौंडासमेत*

मोहियानी हक कानूनबमोजिम प्राप्त हक भएको हुँदा यसको समाप्ति पनि कानूनद्वारा निर्दिष्ट विधि र प्रक्रियाबाट मात्र हुनसक्छ । एकपटक मोही कायम भइसकेको जग्गा हक हस्तान्तरण हुँदै विभिन्न व्यक्तिमा गए पनि त्यसले मोहीको कानूनी हैसियतमा कुनै परिवर्तन नहुने।

एकपटक साबिक कि.नं. को जग्गाको मोहियानी हक सम्बन्धमा विवाद उठी अदालतबाट मोहियानी हक कायमहुने गरी फैसला भइसकेको तथ्यलाई पूर्णत: अनदेखा गरी आफ्नो कार्यालयमा रहेको साबिक स्रेस्ता एवम् अभिलेख नहेरी एकतर्फी निर्णयको आधारमा मोहीलगत कट्टा गर्ने गरी भएको भूमिसुधार कार्यालय, रौतहटको निर्णय गैरजिम्मेवारीपूर्ण, स्वेच्छाचारी एवम् निर्णय अन्तिमताको सिद्धान्तविपरीतसमेत रहेको देखियो। आफ्नो अड्डामा रहेको फैसला प्रमाण नहेरी न्याय गर्ने नाममा हतार गरी न्याय नै मर्ने गरी गरिएको कार्य स्वीकारयोग्य नभई बदरभागी हुने।

यस अदालतको पूर्वफैसलाले रिट निवेदकलाई प्रस्तुत कित्ताकाट हुनुअगावै कायम रहेको जग्गाको मोही हक कायम गरिरहेको स्थितिमा अ.बं.१७ नं. बमोजिम पुनरावेदन अदालत, गएको भनी अन्यथा तर्कगर्नु न्यायसङ्गत हुँदैन । तसर्थ निवेदक गलत बाटो समाती अदालत, प्रवेश गरेकोले रिट निवेदन खारेज हुनुपर्छ भनी विपक्षीको जिकिरसँग सहमत हुन नसकिने।

तसर्थ विवेचित आधार कारणबाट विवादित कि.नं. ११४८ को जग्गामा रहेको निवेदकको मोहियानी लगत कट्टा गर्ने गरी भूमिसुधार कार्यालय, रौतहटबाट मिति २०६९।११।१४ मा भएको निर्णय र सो निर्णयलाई सदर गरेको पुनरावेदन अदालत, हेटौंडाको मिति २०७१।७।१३ को आदेश त्रुटिपूर्ण रहेको देखिँदा उत्प्रेषणको आदेशद्वारा बदर हुने ।

इजलास अधिकृत: सुरेशराज खनाल

कम्प्युटर: रमेश आचार्य

इति संवत् २०७४ साल असार २५ गते रोज १ शुभम् ।

१०

मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री सपना प्रधान मल्ल, ०७४-CR-०३४०, कर्तव्य ज्यान, *नेपाल सरकार वि. हर्कबहादुर तामाङ*

मृतकको मुखबाट रगतजस्तो रातो पदार्थ निस्किएको, बायाँ कन्चटमा एक इन्चजतिको चोट लागेको, टाउकाको बायाँपट्टिको पछाडिको भागमा अन्दाजी ५।२ सि.एम.को घाउ भन्ने रहेको भन्ने घटनास्थल तथा लास जाँच मुचुल्कामा उल्लेख भएको पाइन्छ । शव परीक्षण प्रतिवेदनबाट मृत्युको कारण TRAUMATIC HEAD INJURY CAUSING EXCESSIVE BLEEDING भन्ने उल्लेख भएको छ । मृतकले आफूलाई गाली गरेको रिसको आवेशमा मैले बन्दुक उठाई सोही बन्दुकले शरीरको विभिन्न भागमा घाइते बनाउने उद्देश्यले हिर्काएको र सोही चोटबाट निजको मृत्यु भएको हो । मार्ने नियतले प्रहार गरेको होइन भनी प्रतिवादीले अधिकारप्राप्त अधिकारी र अदालतसमक्ष समेत कसुरमा साबित रही बयान गरेको देखिन्छ । यसरी प्रतिवादीउपरको किटानी जाहेरी, मौकामा बुझिएका मानिसको अदालतसमक्ष भएको बकपत्र, शव परीक्षण प्रतिवेदनसमेतका स्वतन्त्र प्रमाणहरूबाट प्रतिवादीको साबिती बयान समर्थित हुन आएको देखिँदा प्रतिवादी हर्कबहादुर तामाङकै कर्तव्यबाट चिनबहादुरको मृत्यु भएको हो भन्ने तथ्य शङ्कारहित रूपमा पुष्टि हुन आएको देखिने ।

प्रतिवादीले पड्काई सकेको भरूवा बन्दुकको बडले प्रहार गरेको देखिँदा जोखिमी हतियारको प्रयोग भएको भन्ने पनि मिसिलबाट देखिँदैन । मृतकको श्रीमती लक्छी तामाङ, जाहेरवाला पुके तामाङ, वस्तुस्थिति मुचुल्काका मानिस फुर्वा तामाङसमेतका वादी पक्षका साक्षीहरूले मृतक र प्रतिवादीबीच पूर्वरिसिइवी झगडा लेनदेन केही थिएन भनी अदालतसमक्ष उपस्थित भई बकपत्र गरेको पाइन्छ । यसबाट प्रतिवादीले योजनाबद्धरूपले पूर्वरिसइवी लिई मृतकलाई मार्ने नै मनसायले आक्रमण गरेको भन्ने तथ्य निर्विवाद रूपमा पुष्टि हुन सकेको नदेखिने ।

वारदातस्थलमा प्रतिवादी स्वयम्ले बिनाकारण मृतकसँग निहुँ खोजी परिस्थितिलाई उत्तेजित बनाएको नभई मृतक र प्रतिवादीलगायतका मानिसहरू भेला भई भोज खाइरहेको अवस्थामा मृतकले रक्सीको नसाको सुरमा प्रतिवादीलाई जथाभावी गाली गर्ने, कुट्न खोज्नेजस्तो व्यवहार देखाई प्रतिवादीलाई उत्तेजित बनाएको कारणबाट प्रतिवादी आवेशमा आई छेउमै राखेको भरूवा बन्दुकको पछाडिको भागले मृतक चिनबहादुर तामाङको टाउकामा हानी कुटपिट गरेको कारणबाट मृतकको मृत्यु भएको भन्ने तथ्य स्थापित भएको देखिँदा प्रतिवादीको उक्त कार्य मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नं. विपरीतको कसुर कायम हुने देखियो । उक्त आधार कारणबाट मृतकको ज्यान मार्ने मनसाय तत्त्वको अभावमा प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

तसर्थ माथि विवेचित आधार कारणबाट प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नं. बमोजिम १० वर्ष कैद सजाय हुने ठहऱ्याई सुरू सिन्धुपाल्चोक जिल्ला अदालतबाट भएको फैसला

सदर गरेको पुनरावेदन अदालत, पाटनको मिति २०७२।४।३१ को फैसला मिलेकै देखिँदा सदर हुने।
इजलास अधिकृत: सुरेशराज खनाल
कम्प्युटर: रमला पराजुली
इति संवत् २०७५ साल जेठ १५ गते रोज ३शुभम्।

इजलास नं. ४

१

मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ र मा.न्या.श्री मीरा खडका, ०६८-CR-१०५९, लागु औषध खैरो हेरोइन, *नेपाल सरकार वि. अभिषेककुमार तिवारी*

प्रतिवादी अभिषेककुमार तिवारीले सुरू अदालतमा बयानमा सो बरामद भएको रूपैयाँ मेरो आफ्नै हो, क्याम्पसको फी तिर्नको लागि राखेको हुँ भनी लेखाई दिएको देखिन्छ । प्रतिवादीले मौकाको बयानमा लेखाई दिएको मात्र आधारमा सो नगद रूपैयाँ लागु औषध बिक्री गरी आर्जन गरेको मानी अभियोग माग दाबीबमोजिम जफत गर्न नमिल्ने हुँदा सो रूपैयाँ जफत हुनुपर्ने भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

सुरू अदालतमा बयान गर्दा प्रतिवादी गोपाल भन्ने अभिषेककुमार तिवारीले आफ्नो साथबाट लागु औषध खैरो हेरोइन, तौल गर्ने तराजुसहित बरामद भएको तथ्यलाई स्वीकार गरेको पाइन्छ । यसैगरी अर्का प्रतिवादी मेराज मन्सुरीले अदालतमा बयान गर्दासमेत २० ग्राम लागु औषध प्रतिवादी गोपाल भन्ने अभिषेककुमार तिवारीलाई दिन आउँदा पक्राउ परी बरामद भएको तथ्य स्वीकार गरेको पाइन्छ । यसरी सुरू अदालतमा लागु औषध बरामद भएको तथ्यलाई स्वीकार गर्ने प्रतिवादी लागु औषध कारोबार गर्ने व्यक्ति भएकोमा अन्यथा मान्न सकिने अवस्था नदेखिँदा निज प्रतिवादी अभिषेककुमार तिवारीउपर गरेको पोललाई स्वभाविक रूपमा प्रमाणमा ग्रहण गर्नुपर्ने देखिन आउने।

प्रतिवादीबाट लागु औषध खैरो हेरोइन र तराजु बरामद भएकोमा स्वीकार गरी सुरू अदालतमा बयान गरेबाट बरामदी मुचुल्कालाई प्रमाणमा ग्रहण गर्न नमिल्ने भन्ने बहस जिकिरसँग सहमत हुन नसकिने।

अभियोजन पक्षले अभियोगपत्रमा यो यति सजाय छुट गरिपाउँ भनी माग दाबी गरे पनि कसुरको मात्रा, अपराध हुँदाको परिस्थिति, प्रतिवादीको भनाइसमेतलाई मध्यनजर गरी सजाय के कति छुट दिने भन्ने स्वविवेकीय अधिकार उक्त कानूनले न्यायकर्तालाई प्रदान गरेको छ । अदालतले कति छुट दिन सक्ने भन्ने सम्बन्धमा निर्णय गर्न नै सक्ने देखिन्छ। निज प्रतिवादी अभिषेककुमार तिवारीले कसुर गर्नुपूर्व अपराधको जानकारी दिई सहयोग गरेको नभई आफू लागु औषधको कारोबारमा संलग्न भई पक्राउ परेपश्चात् अन्य व्यक्तिको सम्बन्धमा जानकारी दिएको कारणले सजायमा आंशिक छुट हुन मागदाबी लिई अभियोग दायर भएकोमा निज प्रतिवादी अभिषेककुमार तिवारीलाई लागेको कैद १५ वर्षमा १ वर्ष छुट दिई जम्मा वर्ष १४ कैद सजाय हुने ठहऱ्याई सुरू काठमाडौं जिल्ला अदालतबाट मिति २०६६।११।२६ मा भएको फैसला सदर हुने ठहरी पुनरावेदन अदालत, पाटनबाट मिति २०६८।९।१२ मा फैसला भएबाट सजायमा पूर्ण छुट पाउँ भन्ने प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अतः माथि विवेचित आधार, कारण तथा प्रमाणहरूबाट अभियोग माग दाबीअनुसार प्रतिवादी अभिषेककुमार तिवारीलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१)(छ)(३) बमोजिम १५ वर्ष कैद र रू. ५,००,०००।- जरिवाना हुने र निजको हकमा अभियोग मागदाबीअनुसार उक्त सजायमा १ वर्ष कम गरी १४ वर्ष कैद र रू.५,००,०००।- जरिवाना हुने तथा बरामद तराजु जफत भई बरामद रू.१४,०००।- प्रतिवादी गोपाल भन्ने अभिषेककुमार

तिवारीले फिर्ता पाउने ठहर गरी सुरू काठमाडौं जिल्ला अदालतबाट मिति २०६६।११।२६ मा भएको फैसला सदर हुने ठहरी पुनरावेदन अदालत, पाटनबाट मिति २०६८।९।१२ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: लोकबहादुर हमाल

कम्प्युटर: सिजन रेग्मी

इति संवत् २०७३ साल असोज २ गते रोज १ शुभम्।

२

मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ र मा.न्या.श्री मीरा खडका, ०७०-CR-०५३४, मानव बेचबिखन तथा ओसारपसार, *रामकृष्ण नेपाली वि. नेपाल सरकार*

वास्तवमा दोषी प्रमाणित नभएसम्म निर्दोष (कसुरदार होइन) भनी अदालतले अनुमान गर्नुपर्ने (Presumption of innocence) सिद्धान्तको विद्यमानता र "होइन" भन्ने कुरा भन्दा "हो" भन्ने कुराको पर्याप्त प्रमाण हुन्छ भन्ने मान्यता भएको कारणले नै प्रमाण ऐन, २०३१ को दफा २५ मा फौजदारी मुद्दामा अभियुक्तको कसुर प्रमाणित गर्ने भार वादी पक्षमा राखिएको हो। तर प्रमाण ऐनको आद्योपान्त अध्ययन गर्दा प्रतिवादीले कुनै कुरा प्रमाणित गर्नै पर्ने रहेनछ भनी अर्थबोध गर्न भने मिल्ने नदेखिने।

पीडित बकपत्रार्थ अदालतमा उपस्थित नभएको भन्ने बुँदालाई प्राथमिकता दिएर न्याय अन्यायको निष्कर्ष निकाल्दा निश्चय नै ऐनले व्यवस्था गरेको "प्रमाण पुऱ्याउने भार" र "प्रमाणित बयान प्रमाणमा लिनुपर्ने" भन्ने कानूनी व्यवस्था प्रयोजनहीन हुन पुग्दछन्। जिउ मास्ने बेच्ने जस्तो गम्भीर अपराध नियन्त्रण गर्ने उद्देश्य लिएर बनेको ऐनलाई सोही मुताबिक लागू गर्नु अदालतको कानूनी कर्तव्य पनि हो, अन्यथा विधायिकी मनसाय साकार नहुने।

एउटी निरक्षर ग्रामीण महिलाले प्रतिवादीले आफूलाई विवाह गरी घुम्न जाने बहानामा काठमाडौंको बालाजुबाट ट्याक्सी चढाई नारायणघाट, त्यहाँबाट बस चढाई काकडभिट्टा, त्यहाँबाट रिक्सा चढाई कुनै अमुक ठाउँ लगेर बस चढाई ७, ८ घण्टा बस चढेपछि दिल्ली पुऱ्याएको भन्ने बेहोरा जाहेरी दरखास्त र प्रमाणित बयानमा उल्लेख गरेकी छन्। बालाजुदेखि दिल्लीसम्मको यात्रा विवरण (Itinerary) निजले क्रमबद्ध रूपमा उल्लेख गरेको देखिँदा एउटी निरक्षर ग्रामीण महिलाले कृत्रिम रूपमा गर्दै नगरेको यात्राको यस्तो सविस्तार विवरण उल्लेख गर्न सम्भव पनि हुँदैन। अत: प्रतिवादीले जाहेरवालीसँग बनावटी विवाह (Sham marriage) गरी विश्वासमा पारी घुम्न जाने बहानामा दिल्ली पुऱ्याई वेश्यालयमा बिक्री गरेको भन्ने जाहेरी दरखास्त र प्रमाणित बयान बेहोरालाई मिथ्या हुन् कि भनी शङ्का गरिरहनुपर्ने अवस्था मिसिलको अध्ययनबाट देखिन नआउने।

जाहेरवालीले प्रतिवादीउपर लगाएको आरोप भावी दिनमा निज स्वयंलाई समेत गम्भीर असर पुऱ्याउने र पीडानुभूति गरिरहनु पर्ने प्रकृतिको छ। सुदूर भविष्यसम्म आफ्नो पारिवारिक तथा सामाजिक जीवनमा प्रतिकूल स्थितिको सिर्जना गर्ने र जीन्दगी नै अपहेलित एवम् निरिह हुने जोखिम बेहोरेर त्यस प्रकृतिको बनावटी उजुरी लिई न्यायको याचिका गर्न कुनै महिला अदालत, आउँदैनन् भनी कानूनले ठान्दछ। यदि आउँछन् भने त्यस्ता महिलाको याचिकाउपर गम्भीर भएर सोची निजलाई न्याय प्रदान गर्न अदालतले काँध थाप्नै पर्ने हुन्छ। विवेचित उपर्युक्त आधार प्रमाणबाट पुनरावेदक / प्रतिवादीले अभियोग दाबीबमोजिमको आरोपित कसुर गरेको देखिन आउने।

दुवै प्रतिवादीलाई जिउ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३ वा अभियोगपत्रमा दाबी गरिएको मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ ले प्रतिवादीलाई हुने सजायको तुलनात्मक मात्रा हेर्दा पहिलो ऐनले गरेको सजायभन्दा पछिल्लो ऐनले गरेको सजायको मात्रा बढी रहेको र क्षतिपूर्तिको दायित्वसमेत थप गरेको देखिन्छ। प्रतिवादीले गरेको

कसुर पछिल्लो ऐन, लागू भएको मिति २०६४।४।८ भन्दा अगाडि पहिलो ऐन, लागू रहेको समयको हो । नेपालको अन्तरिम संविधान, २०६३ को धारा २४(४) मा "तत्काल प्रचलित कानूनले सजाय नहुने कुनै काम गरेबापत कुनै व्यक्ति सजायको भागी हुने छैन र कुनै पनि व्यक्तिलाई कसुर गर्दाको अवस्थामा प्रचलित कानूनमा तोकिएभन्दा बढी सजाय दिइने छैन" भन्ने उल्लेख भएको हुँदा यस मुद्दाका प्रतिवादीलाई पछिल्लो ऐनको नभई पहिलो ऐनकै सजाय आकर्षित हुने देखिन आउने ।

पुनरावेदक / प्रतिवादी रामकृष्ण नेपालीले एउटी ग्रामीण र निरक्षर महिलालाई बनावटी विवाह गरी झुक्याएर नेपालको विभिन्न ठाउँ हुँदै भारतको दिल्ली पुऱ्याई वेश्यालयमा बिक्री गरेको अवस्था र पीडितले भोग्नु परेको शारीरिक एवम् मनोवैज्ञानिक पीडाका दृष्टिकोणबाट निज पुनरावेदक / प्रतिवादीले गरेको कसुर गम्भीर प्रकृतिको देखिन आएकोले निज प्रतिवादीलाई तत्काल प्रचलित जिउ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३ को दफा ८(१) बमोजिम १५ वर्ष कैद गर्दा पनि न्यायको मक्सद पूरा हुने देखिँदा १५ वर्ष कैद गरी दफा ८(५) बमोजिम बिक्री गरेको भा.रू.५०,०००।- को हुने नेपाली रू.८०,०००।- जरिवाना हुने ठहऱ्याई पुनरावेदन अदालत, पाटनबाट मिति २०६९।१२।२० मा भएको फैसला मिलेको देखिँदा मनासिब नै देखिन आउने ।

अतः माथि विवेचित आधार, प्रमाण र कारणहरूसमेतबाट प्रतिवादी रामकृष्ण नेपाली र बद्री नेपालीसमेत भई पीडिता सीता नेपालीलाई भारतको दिल्ली जिबी रोडस्थित वेश्यालयमा पुऱ्याई भा.रू.५०,०००।- (पचास हजार) मा बिक्री गरेका भनी किटानी जाहेरी दिई जाहेरी मिलानको अदालतबाट भएको प्रमाणित बयानमा समेतबाट पुष्टि हुन आएको देखिँदा अभियोग दाबीबमोजिम प्रतिवादी रामकृष्ण नेपालीलाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५(१)(क) बमोजिम २०(बीस) वर्ष कैद र रू.२,००,०००।- (दुई लाख) जरिवाना भई ऐ. का दफा १७ बमोजिम पीडित जाहेरवालीलाई प्रतिवादीबाट रू.१,००,०००।- (एक लाख) क्षतिपूर्तिसमेत भराई दिने ठहऱ्याई नुवाकोट जिल्ला अदालतबाट मिति २०६८।०८।२९ मा भएको फैसला मिलेको नदेखिँदा केही उल्टी हुने ठहऱ्याई निज प्रतिवादीलाई तत्काल प्रचलित जिउ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३ को दफा ८(१) बमोजिम १५ वर्ष कैद गर्दा पनि न्यायको मक्सद पूरा हुने देखिँदा १५ वर्ष कैद गरी दफा ८(५) बमोजिम बिक्री गरेको भा.रू.५०,०००।- को हुने नेपाली रू.८०,०००।- (असी हजार मात्र) जरिवाना हुने ठहऱ्याई पुनरावेदन अदालत, पाटनबाट मिति २०६९।१२।२० मा भएको फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृत: लोकबहादुर हमाल

कम्प्युटर: सिजन रेग्मी

इति संवत् २०७३ साल कात्तिक १ गते रोज २ शुभम् ।

३

मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ र मा.न्या.श्री प्रकाशमान सिंह राउत, ०६९-CR-०८८६, ०६९-CR-१०३५ र ०६९-CR-१०३६, जबरजस्ती करणी तथा डाँका चोरी, *दीपककुमार बुढामगर वि. नेपाल सरकार, नेपाल सरकार वि. दीपककुमार बुढामगर र अजय वली वि. नेपाल सरकार*

पीडितको शरीरमा कुनै घाउचोट नहुनु योनिमा लिङ्ग प्रवेश भए नभएको भन्न नसकिने भनी विशेषज्ञ डा. केदारप्रसाद सेनचुरीले पुनरावेदन अदालत, तुलसीपुरमा बकपत्र गरेको भए तापनि पीडित जाहेरवाली परिवर्तित नाम लालमती वलीले यी प्रतिवादीहरूउपर किटानी जाहेरी दिई आफूले मौकामा दिएको जाहेरी दरखास्त समर्थित हुने गरी सुरू अदालतमा प्रतिवादीहरूले नै आफूलाई जबरजस्ती करणी गरेका हुन् भनी बकपत्र गरेको

देखिएबाट प्रतिवादीहरू अजय वली, दीपककुमार बुढामगरसमेतले मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ नं. र ३(४) नं. अनुसारको कसुर अपराध गरेको देखिन आउने।

जाहेरवाली परिवर्तित नाम लालमती वलीलाई यी प्रतिवादीहरू अजय वलीले र दीपककुमार बुढामगरले पालैपालो जबरजस्ती करणी गरेका हुन् भनी जाहेरवाली पीडितले आफूले मौकामा दिएको जाहेरी बेहोरालाई समर्थित हुने गरी अदालतमा उपस्थित भई बकपत्र गरेको देखिन्छ। यसैगरी प्रतिवादी दीपककुमार बुढामगरले मौकामा अनुसन्धान अधिकारीसमक्ष मिति २०६६।८।२६ गते बिहान अजय वली मेरो घरमा आई खाना पकाउन लागेको अवस्थामा सन्तोष के.सी र चुडामणी डाँगी आई हामीहरूलाई पनि खाना पकाउ भनी गाउँबाट भाले र रक्सी ल्याई सबै जनाले मासु भात खायौं अजय वली र म तुलसीपुर जान भनी हिँडेकोमा बेलुका अन्दाजी साढे ६ बजेको समयमा पवननगर गा.वि.स. वडा नं.२ मा रहेको चौतारामा पुग्दा सन्तोष के.सी. र चुडामणी फेला परी निजहरूले एक जना केटी ल्याएका रहेछन् मलाई उक्त केटीसँग करणी गर् भनेकाले मैले एक पटक करणी गरेको हुँ। हामी पुग्नुभन्दा पहिले नै सन्तोष र चुडामणीले निजलाई करणी गरिसकेका थिए। मैले करणी गर्दा जाहेरवालीसँग सुनका गहना र मोबाइल थिएनन्। पछि अजय वलीले जाहेरवालीलाई लिएर गएका हुन् भनी सामूहिक रूपमा जाहेरवालीलाई करणी गरेको कुरामा साबित भई बयान गरेको देखिएबाट यी प्रतिवादीहरू अजय वलीले, दीपककुमार बुढामगरसमेतले सामूहिक रूपमा पीडितलाई जबरजस्ती करणी गरेको निर्विवाद रूपमा पुष्टि हुन आएको देखिँदा यी पुनरावेदक / प्रतिवादीहरू अजय वलीले र दीपककुमार बुढासमेतले मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३क नं. अनुसारको कसुर अपराध गरेको देखिन आउने।

प्रतिवादी अजय वलीले वारदातको दिन जाहेरवाली लालमतीलाई निजको घरमा छोड्न गएको हुँ भनी कसुरमा इन्कार रही मौकामा अनुसन्धान अधिकारी तथा सुरू अदालतसमक्ष बयान गरे तापनि वारदातको समयमा यी प्रतिवादी जाहेरवाली पीडित लालमतीसँग नै रहेको कुरा स्वीकार गरेको देखिन्छ। यसैगरी अर्का प्रतिवादी दीपककुमार बुढामगरले मौकामा अनुसन्धान अधिकारीसमक्ष आरोपित कसुरमा साबित भई बयान गरेको पाइन्छ भने सुरू अदालतमा कसुरमा इन्कार रही बयान गरी आफू वारदातको समयमा म आफ्नो गाडी लिई सल्यान कपुरकोटमा रहेको कुरा उल्लेख गरी बयान गरेको पाइन्छ। यसरी प्रतिवादी दीपककुमार बुढामगरले आफू वारदातको समयमा सल्यान कपुरकोट गएको भनी विपरीत स्थानमा उपस्थित भएको भन्ने Alibi को जिकिर लिएको भए तापनि सो तथ्य वस्तुनिष्ठ प्रमाणबाट पुष्टि हुन सकेको नदेखिने।

प्रतिवादीहरूले पीडितसँग रहेको सुन, मोबाइल सेट र जम्मा नगद रू.३५००।- डाँका चोरी गरी लगेको भन्ने घटनास्थल मुचुल्का भए पनि निजहरूबाट सुन बरामद हुन नसकेको, बरामद भएको मोबाइल सेट जाहेरवालीले भनेबमोजिमको नभएको र बरामद भएको रू.३३००।- पनि प्रतिवादी अजय वलीले मेरै हुन् भनी मौकामा तथा अदालतमा समेत डाँका गरेको कुरामा इन्कार रही बयान गरेबाट र अर्का प्रतिवादी दीपककुमार बुढामगरको साथबाट कुनै पनि दशी बरामद हुन सकेको नदेखिएबाट अभियोग दाबीबमोजिमको डाँकातर्फको आरोप प्रमाणित भएको नदेखिने।

प्रतिवादीहरू अजय वली र दीपककुमार बुढामगरले जाहेरवाली पीडितलाई जबरजस्ती करणी गरी निजका सुनका गहना डाँका गरी लिएको कुरा पुष्टि हुने निर्विवाद आधारहरू वादी पक्षबाट पेस हुन सकेको देखिँदैन। डाँका गरी लिएको सुनका गहनाहरू र मोबाइल सेट यी प्रतिवादीहरूबाट बरामद भएको

पनि पाइँदैन । प्रतिवादीहरूले डाँका गरेको भन्ने कुरा अन्य स्वतन्त्र प्रमाणले पुष्टि गरेको नदेखिँदा केबल यी पुनरावेदक / प्रतिवादीहरू अजय वली र दीपककुमार बुढामगरलाई डाँकातर्फको अभियोग लगाएको आधारमा मात्र डाँकातर्फ कसुरदार ठहऱ्याउन मिल्ने नदेखिने ।

अतः उल्लिखित विवेचित आधार, प्रमाण र कारणहरूबाट अभियोग दाबीबमोजिम प्रतिवादीहरूलाई सामूहिक जबरजस्ती करणीमा सजाय गर्नुपर्नेमा सो नगरी सुरू दाङ देउखुरी जिल्ला अदालतबाट डाँकातर्फ कैद वर्ष ६(छ) सजाय मात्र गर्ने गरी मिति २०६८।९।२८ मा भएको फैसला त्रुटिपूर्ण देखिँदा केही उल्टी हुने ठहऱ्याई पुनरावेदक / प्रतिवादीहरू अजय वली र दीपककुमार बुढामगरसमेतले पीडित जाहेरवालीलाई सामूहिक रूपमा जबरजस्ती करणी गरेको देखिन आउँदा मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३ नं.को देहाय (४) नं. बमोजिम तजबिजी कैद वर्ष ५(पाँच) र सोही महलको ३क नं. बमोजिम कैद वर्ष ५(पाँच) थप सजायसमेत हुने गरी यी दुई जना प्रतिवादीहरूलाई जनही कैद वर्ष १०(दश) हुने तथा सोही महलको १० नं. बमोजिम पीडित जाहेरवालीलाई परेको शारीरिक र मानसिक क्षतिसमेतलाई विचार गर्दा निजलाई यी दुई प्रतिवादीहरूबाट जनही रू. २५,०००।- क्षतिपूर्तिसमेत भराइदिने ठहऱ्याई पुनरावेदन अदालत, तुलसीपुर दाङबाट मिति २०६९।६।१६ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृत: लोकबहादुर हमाल

इति संवत् २०७३ साल भदौ २१ गते रोज ३ शुभम् ।

इजलास नं. ५

१

मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री तेजबहादुर के.सी., ०७१-WO-०३९६, उत्प्रेषण / परमादेश, *केदारप्रसाद कलवार वि. भूमिसुधार कार्यालय, सर्लाहीसमेत*

निवेदकहरूको नागरिकताको प्रमाणपत्रबाट समेत सर्लाही जिल्लाकै ब्रह्मपुरी गा.वि.स. वडा नं. १ को वतन देखिएकोमा इश्वरपुर गा.वि.स. वडा नं. ३ को वतनमा म्याद तामेल गरी भगुवा मोही लगत कट्टा गरिपाउँ भनी विपक्षीको निवेदन परेको देखिँदा निवेदक मोहीको फरक वतनमा म्याद तामेल भएकै आधारमा निजले सुनुवाइको मौका पाएको भन्न नमिल्दा निवेदकहरूको हकमा असर पर्ने विषयमा सुनुवाइको उचित मौका प्रदानै नगरी भएका निर्णयलगायतका काम कारबाही प्राकृतिक न्यायको सिद्धान्तविपरीत भई न्यायसम्मत् भएको देखिन नआउने ।

अतः भूमिसुधार कार्यालय, सर्लाहीबाट जारी भई टाँस भएको ३५ दिने म्याद / हक दाबीसम्बन्धी मिति २०७०।३।२३ र मिति २०७०।३।२२ मा सूचना, रिट निवेदकको पिता राम अशिष कलवारको नामको मोही लगत कट्टा गरिदिने गरी भूमिसुधार कार्यालयबाट मिति २०७०।८।६ मा भएको निर्णयलगायतका सोसँग सम्बन्धित काम कारबाही प्राकृतिक न्यायको सिद्धान्तविपरीत भए गरेको देखिएकोले उक्त म्याद सूचना, निर्णयलगायतका काम कारबाही उत्प्रेषणको आदेशद्धारा बदर गरिदिएको छ । अब रिट निवेदकले रिट निवेदनमा उल्लेख गरेको वतनमा कानूनबमोजिम म्याद सूचना जारी गरी रिट निवेदकहरूलाई सुनुवाइको मौका प्रदान गरी पुनः निर्णय गर्नु भनी भूमिसुधार कार्यालय, सर्लाहीका नाउँमा समेत परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृतः कृष्णप्रसाद अधिकारी

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७४ साल असार २५ गते रोज १ शुभम् ।

२

मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री डम्बरबहादुर शाही, ०७०-WO-०६८६, उत्प्रेषण

/ परमादेश, *गगनबहादुर खत्री वि. विद्यालय शिक्षक किताबखाना, ताहचलसमेत*

कानूनमा संशोधन हुनुपूर्व शैक्षिक योग्यतामा उल्लिखित उमेरका आधारमा उमेरको गणना गरिने भनी भएका निर्णयहरू कानूनमा भएको संशोधनअनुसार संशोधित वा खारेज हुन जाने हुँदा शैक्षिक योग्यताको आधारमा उमेर गणना गरिने भनी भएका पूर्वनिर्देशन वा परिपत्र शिक्षा नियमावलीमा २०६७।१०।९ मा भएको छैठौं संशोधनद्वारा खारेज हुने नै देखियो। यस्तो अवस्थामा उमेरको गणना गर्दा सरकारी निकायबाट भएको निर्णयको आधारमा हुनुपर्ने भन्न मिल्ने देखिँदैन। शिक्षा नियमावली (छैटौं संशोधन), २०५९ को नियम १३१(१) को स्पष्टीकरणअनुसार रिट निवेदकको अवकाशको ६० वर्ष उमेर २०६६।३।१४ मा पुग्ने देखियो। तर उक्त नियमावलीमा २०६७।१०।९ मा मात्र संशोधन भएको अवस्थामा रिट निवेदकको ६० वर्षको उमेर २०६७।१०।९ मा मात्र पुग्ने गरी विपक्षीहरूबाट मिति २०७०।११।२२ मा निर्णय भएको भन्ने पाइन्छ । कानूनी व्यवस्थाअनुसार नै रिट निवेदकको उमेरको गणना गरी गरिएको मिति २०७०।११।२२ को निर्णय र सो निर्णयका आधारमा मिति २०७०।१२।२ मा भएको पत्र व्यवहारसमेतलाई गैरकानूनी मान्न मिल्ने नदेखिने।

अतः माथि विवेचित तथ्य एवम् कानूनी व्यवस्थासमेतको आधारमा मिति २०७०।११।२२ मा भएको निर्णय र सो निर्णयका आधारमा मिति २०७०।१२।२ मा भएको पत्राचारसमेत उत्प्रेषणको आदेशले बदर गरी रिट निवेदकको अवकासको उमेर मिति २०७१।३।१४ कायम गरिपाउँ भन्ने रिट निवेदकको मागबमोजिमको आदेश जारी गर्न मिलेन। रिट खारेज हुने।

इजलास अधिकृतः इन्दिरा शर्मा

इति संवत् २०७४ साल मङ्सिर १२ गते रोज ३ शुभम्।

३

मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री डम्बरबहादुर शाही, ०७१-WO-०२९६, उत्प्रेषण / परमादेश, *जानकीदेवी मण्डलसमेत वि. मालपोत कार्यालय, सर्लाहीसमेत*

नेपाल सरकारका नाममा दर्ता स्रेस्ता कायम रहेको सरकारी वा सार्वजनिक जग्गामा कुनै व्यक्तिले लामो समयसम्म भोगचलन गरेकै आधारमा व्यक्ति विशेषको नाममा नामसारी गर्न नमिल्ने।

दाबी गरिएको कि.नं. ७३, ५१ र ५८ का जग्गाहरू आफूले भोग गरेको र तिरो तिरेकोमा नापीमा दर्ता गर्न छुट भएकोले छुट जग्गा दर्ता गरिपाउँ भनी मालपोत कार्यालय, सर्लाहीमा रिट निवेदकहरूका पिता / पतिले दिएको निवेदनमा मिति २०७१।५।२ मा उक्त जग्गा नेपाल सरकारका नाउँमा दर्ता कायम रहेको हुँदा व्यक्तिका नाउँमा दर्ता गर्न नमिल्ने भनी मालपोत कार्यालयले गरेको निर्णय बदर गराई माग्न प्रस्तुत रिट निवेदन दायर हुन आएको भन्ने देखियो। मालपोत ऐन, २०३४ को दफा ७ बमोजिम मालपोत कार्यालयबाट उक्त निर्णय भएको भन्ने देखिएको र सो दफा ७ बमोजिम मालपोत कार्यालयबाट भएको निर्णयउपर ऐ. ऐनको दफा ३१ बमोजिम पुनरावेदन अदालतमा पुनरावेदन लाग्ने भन्ने कानूनी व्यवस्था रहेको पाइन्छ । रिट निवेदकहरूले मालपोत कार्यालयले गरेको उक्त निर्णयलाई पुनरावेदनको मार्ग अवलम्बन गरी चुनौती नदिई सोझै रिट क्षेत्रमा प्रवेश गरेको भन्ने देखिन आयो। रिट क्षेत्राधिकारको प्रयोग कानूनी हक अधिकारको वैकल्पिक उपचारको उपाय नभएको अवस्थामा अवलम्बन गर्ने हो । जहाँ पुनरावेदनको मार्ग उपलब्ध छ त्यहाँ रिट क्षेत्राधिकार आकर्षित हुन नसक्ने।

अतः विवेचित तथ्य, व्यवस्था एवम् प्रमाणको आधारमा मोठ स्रेस्ताबाट सरकारी जग्गा भनी मोठस्रेस्ता भिडी नेपाल सरकारको नाममा दर्ता

कायम भएको जग्गा व्यक्ति विशेषको नाममा नामसारी गर्न नमिल्ने भनी मालपोत कार्यालय, सर्लाहीबाट मिति २०७१।५।२ मा भएको निर्णयउपर मालपोत ऐन, २०३४ बमोजिम पुनरावेदनको वैकल्पिक मार्ग अवलम्बन नगरी रिट क्षेत्राधिकारमा प्रवेश गरेको देखिएको हुँदा निवेदन मागबमोजिम रिट जारी गर्न मिलेन। रिट खारेज हुने।

उपरजिष्ट्रारः इन्दिरा शर्मा

इति संवत् २०७४ साल मङ्सिर १२ गते रोज ३ शुभम्।

४

मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री डम्बरबहादुर शाही, ०७२-WO-०३३५, उत्प्रेषण / परमादेश, *थानेश्वर आचार्य वि. नेपाल राष्ट्र बैंक, के.का. बालुवाटारसमेत*

सजाय दिन पाउने अधिकारीले कानूनले निर्धारण गरेको प्रक्रिया पूरा गरी निवेदकलाई आफ्नो भनाइ राख्ने उचित समय दिई निवेदकले पेस गरेको सफाइको मूल्याङ्कन गरी सजाय गरेको हुनुपर्ने हुन्छ। सजाय दिन पाउने अधिकारीले कानूनी प्रक्रियाको अवलम्बन गरी आफैँले कारबाहीको थालनी गरी निर्णय गर्दा आधार र कारणसमेत खुलाउनु पर्ने प्राकृतिक न्यायको सिद्धान्त हो। तर सजाय गर्ने अधिकारीले कुनै व्यक्तिलाई विभागीय सजाय गर्दा प्रशासकीय काम कारबाहीमा जस्तो टिप्पणी र आदेशलाई सदर गरी भएको काम कारबाहीलाई न्यायको दृष्टिकोणबाट उचित मान्न नमिल्ने।

प्राकृतिक न्यायको सिद्धान्तअनुसार न्यायिक अधिकारसम्बन्धमा निर्णय गर्दा आधार र कारणसमेत खुलाई निर्णय गर्नुपर्ने हुन्छ । भाषा अध्ययनको लागि अध्ययन बिदा दिने कानूनी व्यवस्था नभएको भन्ने मात्र आधारमा निवेदकले बिदा माग गरी पेस गरेको निवेदनमा कारबाही नै नगरी लामो समयसम्म कार्यालयमा अनुपस्थित भएको भनी सेवाबाट हटाउने गरी निर्णय गर्दा निवेदकलाई सफाइ पेस गर्ने मौका दिएकोसमेत नदेखिएको र गभर्नरबाट टिप्पणी र आदेशलाई सदर गरी निर्णय गरिएको देखिँदा उक्त निर्णयले कानूनी मान्यता पाउने नदेखिने।

अतः उल्लिखित तथ्य एवम् प्रमाणबाट रिट निवेदकलाई भविष्यमा बैंकको सेवाको निमित्त अयोग्य नठहरिने गरी सेवाबाट हटाउने भनी बैंकका गभर्नरबाट मिति २०७२।४।१ मा भएको निर्णय र सो निर्णयलाई सदर गर्ने गरी सञ्चालक समितिबाट मिति २०७२।५।२१ मा भएको निर्णय एवम् सो निर्णयहरूका आधारमा भए गरेका पत्राचारलगायतका सम्पूर्ण काम कारबाही उत्प्रेषणको आदेशले बदर हुने ठहर्छ । निवेदकलाई साबिक पदमा पुनर्बहाली गर्नु गराउनु भनी विपक्षीहरूको नाउँमा परमादेशसमेत जारी हुने।

इजलास अधिकृतः इन्दिरा शर्मा

इति संवत् २०७४ साल मङ्सिर १२ गते रोज ३ शुभम्।

इजलास नं. ६

१

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री तेजबहादुर के.सी., ०६७-CI-०३५३, लिखत बदर, *सन्तोषकुमार लेखर वि. हौसीलाल कुर्मीसमेत*

पुनरावेदक प्रतिवादीका दाता प्रतिवादी कृष्णकुमार कुर्मी र तिर्थराम कुर्मी समान पुस्ताका दाजुभाइ नाताका अंशियार रहेको कुरामा विवाद देखिँदैन । दाबीको कि.नं. २९७ को जग्गा वादी तिर्थराम कुर्मीले अंशियारबाहेकका अन्य व्यक्तिलाई हक हस्तान्तरण गरिदिएको नभई आफ्नै एकासगोलका अंशियार भाइ कृष्णकुमार कुर्मीलाई हालैको बकसपत्र लिखत पारित गरिदिएको देखियो । अंशबन्डाको १९(५) नं. मा अंशबन्डा नहुँदैको अवस्थामा कसैले दिन नपाउने सम्पत्ति दिएको रहेछ भने पनि बन्डा गर्दा सोसमेत सबै सम्पत्ति मिसाई अंशबन्डा गरिदिनु पर्ने कानूनी व्यवस्था रहेको देखिन्छ । उक्त

कानूनी व्यवस्थाबमोजिम कि.नं. २९७ को जग्गा अंशियारमध्येकै कृष्णकुमार कुर्मीका नाममा रही सबै अंशियारलाई अंश भाग लाग्ने प्रकृतिको देखिएको र निजले सो जग्गा बिक्री गर्दा लेनदेन व्यवहारको १० नं. बमोजिम सगोलका अंशियार वादीहरूको मन्जुरी लिएको नदेखिएको र माथि उल्लिखित अंश मुद्दाबाट उक्त जग्गा सबै अंशियारहरूलाई अंश भाग लाग्ने ठहर भइसकेको देखिँदा सो राजीनामा लिखत यथावत् कायम रहन नसक्ने हुँदा प्रतिवादी सन्तोषकुमार लेखर र निजतर्फका विद्वान् अधिवक्ताले गर्नुभएको बहस जिकिरसँग सहमत हुन नसकिने।

अतः उल्लिखित आधार कारणबाट दाबीको लिखतमध्ये ६ भागको ५ भाग लिखत बदर हुने ठहऱ्याएको सुरू बाँके जिल्ला अदालतको मिति २०६३।११।२७ को फैसला केही उल्टी गरी सो लिखतमध्ये ७ भागको ५ भाग लिखत बदर भई वादीहरूका नाममा दर्तासमेत हुने ठहऱ्याएको पुनरावेदन अदालत, नेपालगञ्जको मिति २०६६।१०।५ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: विमला पौडेल

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७४ साल पुस १६ गते रोज १ शुभम्।

२

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री तेजबहादुर के.सी., ०६७-CI-०७४१, जग्गा खिचोला मेटाई हक कायम गरी चलन चलाई पाउँ, *सुरथबहादुर बानियाँ वि. हेमबहादुर थापा*

पुनरावेदक प्रतिवादीले कि.नं. २६ को जग्गा राजीनामा पारित गरिलिएको मिति २०४७।२।१० बाटै उक्त कि.नं. ११०२ को जग्गासमेत भोग गरेको भने पनि भोग गरेकै आधारमा अरूको हक दर्ताको जग्गाको स्वामित्व प्राप्त हुनसक्ने हुँदैन । तसर्थ पुनरावेदक प्रतिवादीको कि.नं.२६ मा स्रेस्ताको क्षेत्रफलभन्दा कम जग्गा रहेको भन्ने कारणले मात्र अर्काको हकको स्रेस्ता नापी नक्सामा अस्तित्वमा रहेको जग्गामा निज प्रतिवादीको हक स्वामित्व रहने भनी मान्न मिल्ने हुँदैन । यस्तो अवस्थामा पुनरावेदन अदालत, पोखराबाट विवादित न.नं.१३, कि.नं.११०२ को क्षेत्रफल ०-१४-०-२ जग्गा विपक्षी वादी हेमबहादुर थापाको कायम हुने गरी भएको फैसला बदर गरी कास्की जिल्ला अदालतबाट भएको फैसला सदर कायम गरिपाउँ भन्ने पुनरावेदक प्रतिवादी सुरथबहादुर बानियाँको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अतः उल्लिखित आधार एवम् कारणबाट वादी दाबी पुग्न नसक्ने ठहऱ्याई सुरू कास्की जिल्ला अदालतबाट मिति २०६५।५।१ मा भएको फैसला उल्टी गरी पुनरावेदन अदालत, पोखराको आदेशबमोजिम भई आएको मिति २०६६।१०।१८ को नक्सा मुचुल्कामा उल्लिखित विवादित न.नं. १३ कि.नं.११०२ को जग्गासम्म वादीको कायम गरी प्रतिवादीको खिचोला मेटाई वादीले चलनसमेत पाउने ठहऱ्याएको पुनरावेदन अदालत, पोखराको मिति २०६६।१२।४ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: विमला पौडेल

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७४ साल पुस १६ गते रोज १ शुभम्।

३

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री तेजबहादुर के.सी., ०६७-CI-०७४२, फैसला बदर, *सुशिला बनेनीसमेत वि. मुन्नीदेवी बनेनी*

अदालतको आदेशबमोजिम २०६२।६।५ मा भई आएको नापनक्सा मुचुल्कामा विवादको न.नं. १६ को घरको बेहोरामा "दुई तले पक्की घर उत्तर, पश्चिम मुखा रहेको । सो घरमध्ये आधा घर कधैयालाल गुप्ता र किशोरीलाल गुप्ता (वादी) को नाउँमा कोठी नं.२४४ को घर हो, उक्त घरमा आधा घर रती बनेनीको नाउँमा र कोठी नं. २४५ रामरती बनेनीको घर हो भन्ने

वादीको भनाइ रहेको र सो घर सिद्धिनाथ शिव मन्दिर धर्मशालाको हो भन्ने प्रतिवादीको भनाइ रहेको र सो घरमा मुन्नी देवी गुप्ताले भोगचलन गरी बसी आएको।" भनी उल्लेख भएको देखिन्छ। यसबाट दाबीको घरमा प्रस्तुत मुद्दाको वादी मुन्नीदेवीको भोग रहेको देखिने।

मुन्नीदेवीको भोगमा रहेको बागेश्वरी टोलमा रहेको बेलगती जग्गामा रहेको घर तथा पुनरावेदक प्रतिवादीको देखिएको विस्कोरियन टोलमा रहेको कोठी नं.२४४ का जग्गाहरू फरकफरक रहेको देखिँदा उक्त दुवै जग्गाहरूलाई एकै कायम गरी भएको २०६४।१।१२ को बाँके जिल्ला अदालतको फैसला कायम नहुने गरी पुनरावेदन अदालत, नेपालगञ्जबाट मिति २०६६।१०।२४ मा भएको फैसला मनासिब देखिँदा सो फैसला बदर हुनुपर्छ भन्ने पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

तसर्थ, संवत् २०६२ सालको वि.दे.नं. १८ को बहाल दिलाई घर खाली गराई चलन चलाई पाउँ भन्ने मुद्दामा मिति २०६२।६।५ मा भई आएको नाप नक्सा मुचुल्कामा दाबीको घरको सम्बन्धमा न.नं. १६ मा उल्लिखित बेहोराबाट दाबीको घर वादी मुन्नीदेवीको देखिएको तथा उक्त मुद्दा र संवत् २०६० सालको दे.नं. १२७० को दर्ता छुट्याई चलन चलाई पाउँ भन्ने मुद्दामा समेत पेस भएको प्रतिवादीको जग्गा र वादीको भोगमा रहेको जग्गाहरू फरकफरक स्थान विस्कोरियन टोल र बागेश्वरी टोलमा रहेको देखिई प्रतिवादीको जग्गा नै फरक रहेको देखिँदा उपर्युक्त फैसला बदर गरिपाउँ भन्ने वादी दाबी नपुग्ने ठहऱ्याएको बाँके जिल्ला अदालतको फैसला उल्टी गरी मिति २०६४।१।१२ को जालसाजी मुद्दा बदर गरी तथा दे.नं. १२७० को मुद्दामा मिति २०६१।९।५ मा बाँके जिल्ला अदालतबाट भएको फैसला कायम नरहने गरी पुनरावेदन अदालत, नेपालगञ्जबाट मिति २०६६।१०।२४ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: बिमला पौडेल / विकाशकुमार रजक

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७४ साल पुस १६ गते रोज १ शुभम्।

४

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री तेजबहादुर के.सी., ०७०-CR-०५५० र ०७०-CR-१५६७, जिउ मास्ने बेच्ने, *नेपाल सरकार वि. सन्तोष कार्की र सन्तोष कार्की वि. नेपाल सरकार*

प्रतिवादी सन्तोष कार्कीले पीडितहरू चौतारा M र N लाई बिक्री गर्ने उद्देश्यले लिएर गएको भए पनि बेचबिखन गर्ने गन्तव्यसम्म पुऱ्याएको र पीडितहरूलाई बिक्री गरेको नदेखिई सो उद्देश्यले पीडितहरूलाई लैजाँदै गर्दाको अवस्थामा पीडितहरूको उद्धार भएको देखिएकोले प्रतिवादीले आफ्नो उद्देश्यअनुरूपको कार्य सम्पन्न गरी सकेको नदेखिँदा निजको उक्त कार्य अभियोग दाबीबमोजिम जिउ मास्ने बेच्ने कार्य नभई सोको उद्योगसम्म भएको देखिन आयो। त्यसैले अभियोग दाबीबाट पूर्णरूपमा सफाइ पाउनुपर्छ भन्ने प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५(१)(ज) मा मानव बेचबिखन वा ओसारपसारको कसुरको उद्योग गर्नेलाई सो कसुर गर्दा हुने सजायको आधा सजाय हुनेछ भन्ने कानूनी व्यवस्था गरेको र प्रस्तुत मुद्दामा प्रतिवादीको उल्लिखित कार्य अभियोग दाबीबमोजिम कसुर नभई सोको उद्योगसम्मको कसुर देखिएकोले प्रतिवादी सन्तोष कार्कीलाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५(१)(ज) बमोजिम ५ वर्ष कैद र रू.२५,०००।- जरिवाना हुने।

मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १७ मा पीडितलाई

क्षतिपूर्ति भराउने व्यवस्था भए पनि प्रस्तुत वारदात उद्योगसम्मको कसुर ठहरेको र पीडित जाहेरवालाहरूले अदालतमा मौकाको प्रमाणित बयान प्रतिकूल बकपत्र गरी न्यायिक प्रक्रियामा असहयोग गरेको देखिँदासमेत निज पीडितहरूलाई ऐनको दफा १७ बमोजिमको क्षतिपूर्ति भराइरहनु पर्ने नदेखिँदा वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अत: माथि विवेचित आधार प्रमाणबाट जिउ मास्ने बेच्ने कसुरमा प्रतिवादीलाई अभियोग दाबीबमोजिम १० वर्ष कैद र ५०,०००।- (पचास हजार) जरिवाना गरी पीडितहरूले क्षतिपूर्ति भराई नपाउने र पीडित जाहेरवालाहरूलाई रू.५००।- जरिवानासमेत हुने ठहऱ्याई सिन्धुपाल्चोक जिल्ला अदालतबाट मिति २०६८।१२।२९ मा भएको फैसला सदर गरेको पुनरावेदन अदालत, पाटनको मिति २०६९।१०।२३ को फैसला केही उल्टी भई प्रतिवादी सन्तोष कार्कीलाई मानव बेचबिखन तथा ओसारपसार ऐन, २०६४ को दफा १५(१) (ज) बमोजिम जिउ मास्ने बेच्ने कसुरको उद्योगमा ५ वर्ष कैद र २५०००।- जरिवाना हुने।

इजलास अधिकृत: विमला पौडेल

कम्प्युटर: चन्द्रशेर राना

इति संवत् २०७४ साल भदौ २८ गते रोज ४ शुभम्।

५

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री तेजबहादुर के.सी., ०७१-CR-१०४७ र ०७१-CR-१४६५, कर्तव्य ज्यान र जबरजस्ती चोरी, *अक्षयकुमार गिरी वि. नेपाल सरकार र नेपाल सरकार वि. अक्षयकुमार गिरी*

मृतकको मृत्यु कर्तव्यबाट भएको कुरामा विवाद नभएको र प्रतिवादीले अनुसन्धान अधिकारीसमक्ष बयान गर्दा मृतकलाई घाँटी थिची छुरा हानी कर्तव्य गरी मारेको कुरामा साबित रहेका, निजको सो साबिती बयान घटनास्थल तथा लास जाँच मुचुल्का, पोस्टमार्टम रिपोर्ट, मौकामा कागज गर्ने उषा गुरूङले वारदातको दिन प्रतिवादी आफ्नो घरतर्फबाट जाँदै गरेको देखेको भनी अदालतसमक्ष गरेको बकपत्र, जाहेरी बेहोरा समर्थित हुने गरी जाहेरवाला यमबहादुर गुरूङले अदालतमा गरेको बकपत्र तथा मौकामा कागज गर्ने अन्य व्यक्तिहरूको कथनसमेतका सबुद प्रमाणबाट समर्थित भएको देखियो । यसप्रकार प्रतिवादीले मृतकलाई घाँटी थिची छुरी हानी कर्तव्य गरी मारेको कुरा पुष्टि हुन आएकोले आफूले कसुर नगरेको हुँदा पुनरावेदन अदालत, पाटनसमेतले आफूलाई सर्वस्वसहित जन्मकैदको सजाय गरेको फैसला मिलेको नहुँदा अभियोग दाबीबाट सफाइ पाउनु पर्दछ भनी निज प्रतिवादीले लिएको पुनरावेदन जिकिर र निजतर्फबाट उपस्थित विद्वान् अधिवक्ताहरूको बहस जिकिरसँग सहमत हुन नसकिने।

प्रतिवादीले जबरजस्ती चोरी गरेको भनिएको नगद तथा गरगहना बरामद भएको देखिएको छैन । जाहेरवालालगायतका मौकामा कागज गर्ने व्यक्तिहरूले नगद तथा गरगहना प्रतिवादीले चोरी गरेको देखेको भनी भन्न सकेको अवस्था पनि छैन। वादी पक्षले अन्य वस्तुनिष्ठ प्रमाण पेस गरी प्रतिवादीले चोरीको कसुर गरेको भनी प्रमाणित गर्न सकेकोसमेत नदेखिएको अवस्थामा बरामद नै नभएको धनमाल यी पुनरावेदक प्रतिवादीले नै चोरी गरेको भनी ठहर निर्णय गर्नु न्यायोचित हुने नदेखिँदासमेत वादी नेपाल सरकारको उक्त जिकिरसँग समेत सहमत हुन नसकिने।

अतः माथि विवेचित आधार कारणबाट प्रतिवादी अक्षयकुमार गिरीले मृतकलाई कर्तव्य गरी मारेकोसम्मको कसुर स्थापित हुन आएकोले निज प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैद र चोरीको १४(२) नं. बमोजिम डेढ महिना कैद र बिगोको डेढी जरिवाना गरी सोबापत समेत कैद सजाय हुने ठहऱ्याई

सुरू धादिङ जिल्ला अदालतले मिति २०७०।४।२८ मा गरेको फैसला केही उल्टी गरी प्रतिवादीलाई सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहऱ्याएको हदसम्मको उक्त फैसला सदर हुने र चोरीको महलको १४(२) नं. बमोजिम सजाय गर्ने गरेको हदसम्मको उक्त फैसला मिलेको नदेखिँदा निज प्रतिवादीले चोरीको महलतर्फको अभियोग दाबीबाट सफाइ पाउने ठहऱ्याएको पुनरावेदन अदालत, पाटनको मिति २०७१।६।७ को फैसला मनासिब देखिँदा सदर हुने।

इजलास अधिकृतः विमला पौडेल

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०७४ साल भदौ २८ गते रोज ४ शुभम्।

इजलास नं. ७

१

मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री तेजबहादुर के.सी., ०७४-WO-०२७९, उत्प्रेषण / परमादेश, *सिताराम अग्रवाल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत*

प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ३५(२) तथा प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ३५(२) को व्यवस्था हेर्दा निर्वाचन आयोगमा बन्दसूची बुझाउने दलभन्दा बढी चुनाव चिह्न भएको मतपत्र छाप्न हुँदैन भन्ने व्यवस्था रहेको पाइएन । राजनीतिक दलले निर्वाचनमा भाग लिने इच्छा व्यक्त गरी निर्वाचन आयोगमा पत्राचार गर्ने तर बन्दसूची बुझाउने समयमा भने बन्दसूची नबुझाउने गर्दा यदाकदा केही बढी मत चिह्नसहित मतपत्र छापिने अवस्था पनि आइपर्ने देखिएको तर सो कारणबाट मतदाताले आफ्नो मत अभिव्यक्त गर्ने अवसरबाट वञ्चित भइहाल्छन् भन्ने अवस्था रहने नदेखिने।

तसर्थः निवेदकले बदर गरिपाउँ भनी माग गरेको मतपत्र प्रयोग भई प्रतिनिधि सभा सदस्य समानुपातिक निर्वाचन (पहिलो संशोधन) निर्देशिका, २०७४ तथा प्रदेश सभा सदस्य समानुपातिक निर्वाचन (पहिलो संशोधन) निर्देशिका, २०७४ समेतको आधारमा तोकिएको मितिमा मतदान भई प्रतिनिधि सभा र प्रदेश सभाको सदस्यहरूको निर्वाचन सम्पन्न भइसकेकोले प्रस्तुत रिट निवेदनको औचित्य समाप्त भइसकेको देखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: नारदप्रसाद भट्टराई

कम्प्युटर: विनोदकुमार बानियाँ

इति संवत् २०७५ साल असोज ५ गते रोज ६ शुभम्।

- यसै लगाउको ०७४-WO-०२८०, उत्प्रेषण / परमादेश, *सिताराम अग्रवाल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

२

मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या. श्री तेजबहादुर के.सी., ०७५-WH-००२६, बन्दीप्रत्यक्षीकरण, *मोहनबहादुर कार्कीसमेत वि. गृह मन्त्रालय, सिंहदरबारसमेत*

निवेदकद्वय कृष्णप्रसाद धमला र मोहनबहादुर कार्कीलाई काभ्रेपलाञ्चोक जिल्लामा क्रसर उद्योगमा आगजनी गरेको भन्ने वारदातमा अनुसन्धानको लागि पक्राउ गरी अनुसन्धान तहकिकात भइराखेको अवस्थामा यस अदालतमा दायर भएको २०७५ सालको रिट नं. ०७५-WH-००१८ को बन्दीप्रत्यक्षीकरणको मुद्दामा मिति २०७५।५।१८ गते थुनाबाट छाडी दिनु भन्ने आदेश भए लगतै यस अदालतको मुख्य रजिस्ट्रारको रोहबरमा निजहरूलाई छाडिएको देखिने।

कुनै पनि राजनीतिक पार्टी र सोका कार्यकर्ताले डर त्रास र दबाबबाट चन्दा माग्ने, असुल गर्ने र नदिएमा उनीहरूको धनजन एवम् सम्पत्तिलाई आघात पार्ने कार्यलाई कानूनले अनुमति नदिएको हुँदा

त्यस्ता कार्य एवम् कसुर विरूद्धको आरोप तथ्य एवम् वस्तुगत आधारमा पुष्टि हुनुपर्दछ भने अर्कोतर्फ कुनै वस्तुगत आधारविनै संविधानबमोजिम राजनीतिक गतिविधि सञ्चालन गरेका राजनीतिक पार्टीका नेता तथा कार्यकर्तालाई राजनीतिक प्रतिशोधको आधारमा प्रवृत्त धारणा राखी पूर्वाग्रही भई फौजदारी एवम् राज्य विरूद्धका मुद्दाहरू लगाइरहन उचित नहुने। राजनीतिक पृष्ठभूमिका व्यक्तिहरूलाई फौजदारी कसुरको अभियोगमा अनुसन्धान गर्न थुनामा राख्नको लागि प्रत्यक्ष प्रमाणसहितको पर्याप्त आधार र कारण वस्तुनिष्ठ रूपमा नै देखिन जरूरी हुन जान्छ। निवेदकहरूलाई पक्राउ गर्दाखेरीको पृष्ठभूमिदेखि थुनामा राख्ने म्याद थपको अवस्थासम्म पर्याप्त आधार र कारणहरू स्पष्ट रूपमा नै खुलेको नदेखिएबाट निजहरूलाई प्रवृत्त धारणा एवम् राजनीतिक पूर्वाग्रहको आधारमा नै फौजदारी मुद्दाको माध्यमबाट निजहरूलाई पक्रने र थुनामा राख्ने शृङ्खलाबद्धयुक्त कार्य गरेको देखिँदा यस्तो पृष्ठभूमि र प्रकृतिको काम कारबाही र सो आधारमा निजहरूलाई राखिएको थुनालाई कानूनसम्मत मान्न नमिल्दा निजहरू गैरकानूनी थुनामा नै रहेको देखिन आउने।

तसर्थ, पर्याप्त बिना आधार र कारण निवेदकहरूको संविधान प्रदत्त मौलिक हकहरूमाथि अनुचित बन्देज लगाउने गरी पक्राउ गरी विपक्षीहरूले गैरकानूनी रूपमा निवेदकहरूलाई थुनामा राखेको देखिएको हुँदा उक्त थुना गैरकानूनी देखिई नेपालको संविधानको धारा १३३(३) मा भएको उपधारा (२) बमोजिमको असाधारण अधिकार क्षेत्रअन्तर्गत सर्वोच्च अदालतले "बन्दीप्रत्यक्षीकरण परमादेश, उत्प्रेषण, प्रतिषेध अधिकारपृच्छालगायत अन्य उपयुक्त आदेश जारी गर्न सक्नेछ।" भन्ने व्यवस्थाअनुरूप निवेदकद्वय कृष्णप्रसाद धमला र मोहनबहादुर कार्कीलाई गैरकानूनी थुनाबाट यस अदालतका मुख्य रजिस्ट्रारको रोहबरमा आजै छाडी दिनु भनी विपक्षीहरूका नाउँमा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने।

इजलास अधिकृतः सरिता रिजाल

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७५ साल भदौ २५ गते रोज २ शुभम्।

३

मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री बमकुमार श्रेष्ठ, ०६९-CI-१२२९, लिखित दर्ता बदर, *तिर्थमाया महर्जनसमेत वि. रामदेवी महर्जनसमेत*

विवादित घरजग्गा मिति २०६०।३।३ गते पारित शेषपछिको बकसपत्रको आधारमा मालपोत कार्यालयको मिति २०६५।१०।५ को निर्णयबाट पूर्णदेवी महर्जनको नामबाट रामदेवी महर्जनको नाममा प्राप्त भएको देखिन्छ। मिति २०५५।६।१ को मिलापत्रमा पूर्णमाया महर्जनको शेषपछि सबै अंशियारले बाँडी खानु भन्ने कहीँकतै उल्लेख भएको पाइँदैन। आफ्नो एकलौटी अंश भागको आफूखुस गर्न पाउने घर जग्गा जुनसुकै बेहोराबाट जोसुकै व्यक्तिलाई हक हस्तान्तरण गर्न कुनै पनि कानूनले बन्देज लगाएको अवस्थासमेत देखिँदैन। शेषपछिको बकसपत्रमा रामदेवी महर्जनले नै पालनपोषण स्याहार गर्दै आई रिझाएकोले बकस गरिदिएको भन्ने देखिँदा उक्त जग्गाको पुनरावेदक वादीहरूको हक पुगेको आधार केही नदेखिएको र आ-आफ्नो अंश हक लिई भिन्न भइसकेको अवस्थामा अर्को अंशियारले पाएको अंश आफूखुश गर्न पाउने सम्पत्ति रहेको देखिन्छ। उक्त शेषपछिको बकसपत्रबाट पुनरावेदक वादीहरूको कुनै पनि कानूनी हकमा आघात परेको अवस्था देखिन नआउँदा पुनरावेदक वादीहरूको हक मेटिएको हदसम्म अर्थात् ४ खण्डको ३ खण्ड लिखत बदर गरी हामी फिरादीहरूका नाममा नामसारी दर्ता हुने ठहऱ्याई जग्गाधनी प्रमाण पुर्जासमेत दिलाई पाउँ भन्ने पुनरावेदन जिकिर मनासिब नदेखिने।

अतः काठमाडौं जिल्ला अदालतबाट लिखत

दर्ता बदर गरिपाउँ भन्नेसमेत वादी दाबी पुग्न नसक्ने ठहर गरी भएको मिति २०६६।११।१० को फैसला सदर हुने ठहऱ्याएको पुनरावेदन अदालत, पाटनको मिति २०६८।१।४ को फैसला मनासिब देखिँदा सदर हुने।

इजलास अधिकृत: जयराम श्रेष्ठ

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७४ साल चैत २५ गते रोज १ शुभम्।

यसै लगाउको निम्न मुद्दाहरूमा यसैअनुसार फैसला भएका छन्:

- ०६८-CI-१२३०, निर्णय दर्ता बदर, *तिर्थमाया महर्जनसमेत वि. रामदेवी महर्जनसमेत*
- ०६९-CR-१००६, जालसाजी, *तिर्थमाया महर्जनसमेत वि. रामदेवी महर्जनसमेत*
- ०७०-WO-००६२, उत्प्रेषण, *तिर्थमाया महर्जनसमेत वि. रामदेवी महर्जनसमेत*

४

मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री बमकुमार श्रेष्ठ, ०७१-CR-१४८७, बन्दीप्रत्यक्षीकरण, *जिलेवीया सरदार वि. सुनसरी जिल्ला अदालत, इनरूवासमेत*

कुसुम परियार र मूर्तिदेवी सरदारको जाहेरीले नेपाल सरकार वादी भएको जिउ मास्ने बेच्ने मुद्दामा जिलेविया सरदारसमेतलाई प्रतिवादी कायम गरिएको देखिन्छ। यसरी प्रतिवादी कायम गरिएका जिलेविया सरदारको नाममा पटकपटक मिति २०४५।१२।१७, मिति २०४६।४।१२ र २०४६।८।३० मा म्याद जारी भई प्रतिवादी जिलेवीया सरदारको नाउँको म्याद घरदैलोमा टाँस गरी तामेल भएको र सोमध्ये मिति २०४५।११।१७ मा टाँस गरी तामेल भएको म्यादमा लालवीर सरदार रोहबर साक्षी बसेको भन्ने देखिने।

पुनरावेदक निवेदकले आफूलाई लालवीरको छोरा भनी निवेदनमा उल्लेख गरी स्वीकारेको र निवेदकले प्राप्त गरेको नागरिकताको प्रमाणपत्रमा निवेदक जिलेवीयाको बाबुको नाम लालबीर भनी उल्लेख भएको पाइएकोले पुनरावेदक निवेदक जिलेविया सरदार लालबीरको छोरा रहेछन् भन्ने कुरा स्पष्ट देखिने।

निवेदकको वतन खनार-६ हो भनी लिएको जिकिरका सम्बन्धमा हेर्ने हो भने खनार-६ को मतदाता नामावलीमा निवेदक र निजको बाबुको नाम समावेश भएको नदेखिँदा मेरो वतन खनार-६ हो भन्ने पुनरावेदकको जिकिर तथ्यपरक र विश्वासयोग्य भई भरपर्दोसमेत देखिएन। अर्को कुरा धेरै समयअगाडिको कुरा भएको र समयको लामो अन्तरालमा वतन तलमाथि हुन सामान्य कुरा हो। तर पुनरावेदकले आफ्नो वतन खनार-६ हो भनी भनेपनि त्यसको भरपर्दो र विश्वासयोग्य प्रमाण प्रस्तुत गर्न नसकेको अवस्था एकातर्फ छँदै छ भने अर्कोतर्फ खनार-४ मा जारी भएको म्याद निजको घरदैलामा टाँस तामेल भएको तथा खनार-४ को मतदाता नामावलीमा निजको नाम समावेश भएको अवस्थाले जिलेविया सरदारको वतन खनार-४ रहेको भन्ने कुरा स्पष्ट देखिने।

पुनरावेदक निवेदकको वतन सुनसरी जिल्ला खनार गाउँ विकास समिति वडा नं. ६ रहेको निजको नागरिकताबाट देखिएको छ भन्ने कुरा हो सो सम्बन्धमा घटना २०४५ सालको भएको र समयको यति लामो अन्तरालमा वतन फेरिनु अस्वाभाविक नहुने भएकोले नागरिकतामा वतन खनार-६ भनी उल्लेख भएकै एक मात्र कारणले पुनरावेदक निवेदकको वतन खनार-४ होइन भनी भन्न मिल्ने देखिँदैन। जुन कुरालाई खनार-४ को वतनमा जारी भएको म्याद पुनरावेदक निवेदकको घरदैलामा टाँस हुनु, म्यादमा निजको बाबु लालवीर रोहबर रहनु, खनार-६ को मतदाता नामावलीमा यिनी र यिनको बाबुसमेतको नाम समावेश

नभई खनार-४ को मतदाता नामावलीमा समावेश भएको पाइनुबाट फैसलाबमोजिम कैद लागेको व्यक्ति म होइन मलाई गैरकानूनी ढङ्गले कैदमा राखियो भन्ने पुनरावेदक निवेदकको जिकिरमाथि उल्लेख भई विवेचना भएको आधार प्रमाण एवम् कारणसमेतबाट प्रमाणित भई स्थापित भएको नदेखिँदा मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्न मिलेन । निवेदकको निवेदन खारेज हुने ठहर्छ भनी पुनरावेदन अदालत, विराटनगरबाट मिति २०७१।१२।२३ मा भएको आदेश मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृत: जयराम श्रेष्ठ

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७५ साल भदौ ४ गते रोज २ शुभम् ।

५

मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री बमकुमार श्रेष्ठ, ०७३-WO-०२८०, उत्प्रेषण / परमादेश, *राजेन्द्र अग्रवालसमेत वि. जिल्ला विकास समितिको कार्यालय, कैलालीसमेत*

मूल ऐनमा नै कर लिन पाउने भनी उल्लेख नभएको र स्थानीय स्वायत्त शासन नियम, २०५६ को नियम २०७ ले अनुसूची २३ को वस्तुमा कर लगाउन पाउने भए तापनि बिस्कुट कर लिन पाउने विषयवस्तुभित्र परेको नदेखिएकोले बिस्कुट उत्पादनमा लगाएको कर कानूनबमोजिम नदेखिएकोले विपक्षी जिल्ला परिषद्को आ.व.२०७३।२०७४ को नि.नं.२३ को विवरण खण्डको क्रमसंख्या १६ मा बिस्कुटमा कर लगाउने भनी भएको निर्णय कानूनविपरीतको देखिँदा उत्प्रेषणको आदेशले बदर हुने ठहर्छ । कानूनविपरीत निवेदकबाट बिस्कुटमा उठाइएको कर प्रक्रिया पुऱ्याई निवेदकलाई फिर्तासमेत दिनु भनी विपक्षीका नाममा परमादेशसमेत जारी हुने ।

इजलास अधिकृत: जयराम श्रेष्ठ

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७४ साल चैत २५ गते रोज १ शुभम् ।

इजलास नं. ८

१

मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री प्रकाशमान सिंह राउत, ०७०-CR-१६५४, मानव बेचबिखन तथा ओसारपसार, *पहलमान थिङ्ग वि. नेपाल सरकार*

अनुसन्धानका क्रममा कसुरमा साबित रहेका प्रतिवादीले सुरू अदालतमा बयान गर्दा कसुरमा इन्कार रही बयान गरे तापनि अनुसन्धान अधिकारीसमक्षको बयान स्वेच्छा विरूद्धको भनी प्रमाणित गर्नु र अदालतसमक्षको इन्कारी बयानलाई स्वतन्त्र प्रमाणबाट पुष्टि गर्न सकेको पनि देखिँदैन । स्वयम् पीडितहरूको मौकाको बयान र अदालतमा आई गरिदिएको बकपत्र तथा अनुसन्धानको क्रममा बुझिएका मानिसहरूले अनुसन्धानका क्रममा गरिदिएको कागज र अदालतमा आई गरिदिएको बकपत्रबाट प्रतिवादीको उक्त इन्कारी बयान खण्डित भएको अवस्था छ । निज प्रतिवादीका साक्षीले निजलाई त्यस्तो प्रवृत्तिका मानिस होइनन् भनी गरिदिएको बकपत्र वस्तुनिष्ठ प्रमाणमा आधारित नभई अनुमानमा आधारित रहेको छ । त्यसैगरी प्रतिवादीको अनुसन्धान अधिकारीसमक्षको बयान पुष्टि हुने गरी प्रतिवेदक लक्ष्मण पाठकले पर्सा जिल्ला अदालतमा बकपत्रसमेत गरिदिएको अवस्था र परिस्थितिलाई हेर्दा यी प्रतिवादी निर्दोष हुन् भनी मान्न सकिने अवस्था नदेखिने ।

प्रतिवादी पहलमान थिङले अदालतमा बयान गर्दा कसुरमा इन्कार रही बयान गरे तापनि मौकामा अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा कसुर गरेकोमा साबित रहेको देखिन्छ । पीडित जाहेरवालाहरूको बयान मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ६ बमोजिम जिल्ला अदालतबाट प्रमाणित गराएको पनि

देखियो । कुनै व्यक्तिलाई यस ऐनअन्तर्गतको कसुर गरेको अभियोग लागेकोमा सो कसुर आफूले गरेको छैन भन्ने कुराको प्रमाण निजले नै पुऱ्याउनु पर्नेछ भन्ने सोही ऐनको दफा ९ मा उल्लेख भइरहेको छ । प्रतिवादीले अनुसन्धानका क्रममा गरेको बयान बेहोरा झुठ्ठा हो भन्न सकिने प्रमाणसमेत गुजार्न सकेको नदेखिने ।

जाहेरवालीको मौकामा गरेको बयान अदालतसमक्ष उपस्थित भई गरिदिएको बकपत्रसमेतबाट यिनै प्रतिवादीको सँगसाथ लागी गएको भन्ने देखिन्छ । यी प्रतिवादीले समेत मौकामा अनुसन्धान अधिकृतसमक्ष बयान गर्दा उनाउ गरेका व्यक्तिलाई जिम्मा लगाई दिन आफूले लिई गएको भनी उल्लेख गरेको देखिन्छ । पीडितहरूको बयान बकपत्र र प्रतिवादीले अनुसन्धान अधिकृतसमक्ष मौकामा गरेको बयानलाई हेर्दा यी प्रतिवादीले पीडित जाहेरवालीहरूलाई विदेश पठाउने बहानामा बिना पासपोर्ट लिएर गई सुरज क्षेत्री भन्ने व्यक्तिलाई जिम्मा लगाउने र सोबापत रकम लिने गरेको तथा पहिला पनि यसैगरी मानिस पुऱ्याएको भनी उल्लेख गरेको देखिएबाट सोही आधारबाट प्रतिवादीलाई कसुरदार ठहर गरेको मनासिब नै देखिने ।

तसर्थ, नाम परिवर्तित ठूलीमाया र सुनमायालाई बिक्री गर्ने उद्देश्यले लिई गएको भनी परेको प्र.ना.नि लक्ष्मण पाठकको किटानी प्रतिवेदन, पीडित ठूलीमाया र सुनमायाले दिएको किटानी जाहेरी र अदालतमा गरेको प्रमाणित बयान तथा पछि अदालतमा आई गरिदिएको बकपत्र, प्रतिवादी पहलमान थिङले मौकामा गरेको साबिती बयान, मीना गिरीसमेतका व्यक्तिहरूले बिक्री गर्ने उद्देश्यले लगेकोमा विश्वास लाग्छ भनी लेखाई दिएको मुचुल्का र अदालतमा गरेको बकपत्रसमेतबाट प्रतिवादीले अभियोग मागदाबीबमोजिम कसुर गरेको प्रमाणित भएको अवस्था देखिँदा केवल प्रतिवादीले अदालतमा गरेको इन्कारी बयानलाई मात्र आधार मानेर पुनरावेदन जिकिरबमोजिम सफाइ दिन मिल्ने नदेखिँदा प्रतिवादीलाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५(१)(ङ)(२) बमोजिम १० (दस) वर्ष कैद र रू.१ लाख जरिवाना हुने ठहऱ्याई सुरू पर्सा जिल्ला अदालतबाट मिति २०६९।१०।२३ मा भएको फैसलालाई सदर गरेको पुनरावेदन अदालत, हेटौंडाको मिति २०७०।१०।२८ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः नगेन्द्रकेशरी पोखरेल

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७४ साल वैशाख ११ गते रोज २ शुभम् ।

२

मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री सपना प्रधान मल्ल, ०६७-CR-०९५६, बहुविवाह, *किशोर भुषाल वि. नेपाल सरकार*

प्रतिवादी मीना कार्कीको सम्बन्धमा पुनरावेदन अदालत, बुटवलबाट जारी भएको सूचना म्याद निज बसेको घर ढोकामा टाँस गरेको म्याद बेरीत भएको भनी बदर गरेको पनि देखिँदैन । निज प्रतिवादी मीना कार्कीले आफूउपर लागेको अभियोगबारे मौन बसी अदालती प्रक्रियामा संलग्न नभएकै कारणबाट अभियोग दाबीबाट सफाइ पाउन सक्ने अवस्था पनि हुँदैन । निज अदालतमा उपस्थित नभई प्रतिवादी किशोर भुषालसँगको सम्बन्धलाई स्वीकार गरी बसेको अवस्था देखिएको स्थितिमा गरे भएको कसुरबाट निजहरूले उन्मुक्ति पाउन नसक्ने ।

प्रतिवादी मीना कार्की (भुषाल) सँग किशोर भुषालले दोस्रो विवाह गरेको भन्ने देखिइरहेको अवस्थामा निजको नाउँको म्याद बेपत्ते तामेल भएकै कारणबाट मात्र पुनरावेदक प्रतिवादीलाई अभियोग मागदाबीको कसुरबाट फुर्सद पाउनु पर्छ भन्ने पुनरावेदन जिकिर मिल्दो नदेखिने ।

जाहेरवाली सरस्वती भुषाल निज

पुनरावेदक प्रतिवादीको विवाहिता श्रीमती भएको कुरामा विवाद देखिँदैन । आफ्नै श्रीमतीले पतिलाई कैदसम्मको सजाय हुने कसुरमा उजुरी दिनुपर्ने कारण र अवस्थाबारे पुनरावेदक प्रतिवादीले कुनै जिकिर लिएको पनि पाइँदैन । पति पत्नीको सम्बन्ध स्थापित भइसकेपछि आफ्नो दायित्व निर्वाह गर्न प्रयत्न गरेको छु भनी देखाउन सकेको पनि पाइँदैन । एक्लै बसिरहेको छु, अर्को विवाह गरेको छैन भन्नु मात्रै निर्दोषिताको प्रमाण हुन सक्दैन । अर्को प्रतिवादी मीना कार्की भुषाल अदालती कारबाहीमा सरिक नभई बसेकै कारणबाट मात्र निजसँग दोस्रो विवाह गरेको कुरालाई वस्तुस्थिति मुचुल्काका व्यक्तिहरूले समेत प्रमाणित गरी अदालतमा समेत उपस्थित भई बकपत्र गरिदिएको कुरालाई अनदेखा गर्न मिलेन । आफ्नो उपस्थितिबाट सजायको भागीदार बन्नुपर्ने सम्भावनाको आँकलन गरी अनुसन्धानका क्रममा र अदालतमा समेत अनुपस्थित भएकै कारणबाट प्रतिवादी मीना कार्कीको अस्तित्व नै छैन भनी अनुमान गरी यी पुनरावेदक प्रतिवादी किशोर भुषाललाई निर्दोष ठहर गर्नु कानूनसङ्गत पनि नहुने ।

तसर्थ, प्रतिवादी किशोर भुषाल र मीना कार्की भुषाललाई समेत अभियोग दाबीबाट सफाइ दिने गरी गरेको गुल्मी जिल्ला अदालतको मिति २०६६।१०।२५।२ को फैसला उल्टी गरी अभियोग दाबीबमोजिमको कसुर अपराधमा निज प्रतिवादीहरूलाई मुलुकी ऐन, विहावारीको १० नं. बमोजिम जनही १ वर्ष कैद र रू.७,०००।– जरिवाना हुने ठहऱ्याई पुनरावेदन अदालत, बुटवलबाट भएको मिति २०६७।११।१०।३ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः नगेन्द्रकेशरी पोखरेल

इति संवत् २०७३ साल चैत १६ गते रोज ४ शुभम् ।

३

मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री सपना प्रधान मल्ल, ०६९-CR-०४३४, मानव बेचबिखन तथा ओसारपसार, *नेपाल सरकार वि. श्रीमती भावना बस्नेत*

प्रतिवादी भावना बस्नेतले अनुसन्धानका क्रममा र अदालतसमक्ष बयान गर्दा कसुरमा इन्कार रही बयान गरे तापनि जाहेरवाला र प्रतिवादीबीच कुनै प्रकारको रिसइवी झै-झगडा पनि नभएको अवस्थामा यौन सम्पर्क गर्न बाध्य तुल्याएको भनी आफ्नो चरित्रलाई नै असर पार्ने गरी जाहेरी दिनु, बयान गर्नु र सो कुरालाई अदालतमा समेत आई बकपत्र गरिदिनुपर्ने कुनै कारण नदेखिने ।

जाहेरवालीले प्रतिवादीको होटलमा काम गरेको डेढ महिना मात्र भएको र जाहेरीमै यौन सम्पर्क गर्न दबाब दिएको सहन नसकी जाहेरी दिएको भन्ने मिसिल कागजातबाट देखिन आएको र प्रतिवादीले पीडित जाहेरवालीलाई काम गरेको दिनको रकम दिएको भन्ने नदेखिएकोले यी दुवैबीच काम गरेको दिनको रकम लिने दिने कुरामा सामान्य विवाद हुनुलाई अस्वाभाविक मान्न नसकिने हुँदा पीडितलाई तलबसमेत नदिएको स्थितिमा पीडितलाई विभिन्न ग्राहकवर्गसँग यौन सम्पर्क राख्न लगाउन दुरूत्साहन दिन प्रेरित गरेको मान्नुपर्ने अवस्था यस मुद्दाको प्रकृतिबाट देखिन्छ । यौनजन्य क्रियाकलापमा संलग्न भएको भन्ने जाँच परीक्षणसमेत नभएको र जाहेरवालाको अनुसन्धानका क्रममा भएको बयान, अदालतसमक्ष गरिदिएको बकपत्र तथा परिस्थितिजन्य प्रमाणहरूसमेतबाट यी प्रतिवादीले जाहेरवालीलाई त्यस्तो यौनजन्य क्रियाकलापमा संलग्न गराएको भन्ने पुष्टि हुने तथ्ययुक्त प्रमाण नभए पनि रेस्टुरेन्टमा ग्राहक संख्या बढ्ने नियतले जाहेरवालीलाई वेश्यावृत्तिमा लगाउनेजस्तो कार्य गरेको थिइनन् होला भनी भन्न सकिने अवस्था नदेखिएको स्वयम् प्रतिवादीले मौकाको बयानमा जाहेरवालीसँग रिसइवी थिएन भन्ने बयान गरेबाट पुनरावेदन अदालत, पाटनको फैसला अन्यथा मान्नुपर्ने अवस्था नदेखिने ।

तसर्थ, सुरू काठमाडौं जिल्ला अदालतबाट मिति २०६८।३।२३ मा भएको फैसला मिलेको नदेखिँदा उल्टी भई पुनरावेदक प्रतिवादी भावना बस्नेतलाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४(१)(ख) तथा १५(१)(ज) बमोजिम रेस्टुरेन्टमा ग्राहक संख्या बढाउने नियतले जाहेरवालीलाई वेश्यावृत्तिमा लगाउनेजस्तो कार्य गर्न जाहेरवालीलाई दुरूत्साहन दिई वेश्यावृत्तिमा लगाउने उद्योगको कसुर गरेको ठहर्नाले प्रतिवादी भावना बस्नेतलाई सोही ऐनको दफा १५(१)(ज) ले दफा १५(१)(ख) मा उल्लेख भएको न्यूनतम सजायको आधाले हुने ५(पाँच) वर्ष कैद र रू.२५,०००।– (पच्चीस हजार) जरिवाना हुने ठहऱ्याई पुनरावेदन अदालत, पाटनबाट मिति २०६८।१०।३ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः नगेन्द्रकेशरी पोखरेल

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७३ साल चैत १६ गते रोज ४ शुभम्।

४

मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री सपना प्रधान मल्ल, ०६९-CR-००९४ (०६६-RI-१२४४), लागु औषध खैरो हेरोइन, *गोविन्द गुरूङ वि. नेपाल सरकार*

अनुसन्धानका क्रममा गोविन्द गुरूङले अनुसन्धान अधिकारीसमक्ष दिएको बयान र सहअभियुक्तले पोलेको आधारमा हेर्दा निजले प्रतिवादी छिरिङ टासी शेर्पालाई लागु औषध बेचबिखन गर्ने कार्यमा मतियारको रूपमा सहयोग गरेको भन्ने अवस्था देखिन आयो। बरामद भएको लागु औषध आफूसँग बरामद नभएको, सँगसाथमा पक्राउ नपरेको अवस्था र कारणबाट मात्रै निजको उक्त लागु औषधको कारोबार र बिक्री वितरणमा मुख्य अभियुक्तलाई सघाउ गरेको हैन भनी मान्नु र सोको जिकिर लिँदैमा कसुरदार हैनन् भनी भन्नु न्यायसङ्गत हुने देखिँदैन। अदालतसमक्ष बयान गर्दा निज प्रतिवादी गोविन्द गुरूङले कसुरमा इन्कार रही बयान गरे तापनि निजसँग चिनजान भएको र फोनमा कुराकानी हुने गरेको कुरालाई स्वीकार गरेको पाइन्छ। प्रतिवादी छिरिङ टासी शेर्पाले पनि निज गोविन्द गुरूङलाई चिनेको भनी अदालतसमक्षको बयानमा उल्लेख गरेको देखिन्छ। लागु औषधको कारोबारमा निज छिरिङ टासी शेर्पाले निजको संलग्नतालाई उल्लेख गर्नुपर्ने अन्य कारण र अवस्था रहे भएको पनि मिसिल संलग्न प्रमाण कागजहरूबाट नदेखिने। यी पुनरावेदक प्रतिवादी गोविन्द गुरूङबाट लागु औषध बरामद भएको भन्ने तथ्यगत प्रमाणबाट पुष्टि नभएकोमा छिरिङ टासी शेर्पालाई सहयोग गरेको कुरा स्वीकार गरेकोसम्मको अवस्थामा प्रतिवादी छिरिङ टासी शेर्पालाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१) को (छ) (२) अनुसार ११ वर्ष कैद र रू.१,००,०००।- (एक लाख) जरिवाना तथा निज गोविन्द गुरूङलाई कसुरको मात्राअनुसार लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १७ अन्तर्गतको कसुर देखिएको भनी ५ वर्ष ६ महिना कैद र रू.५०,०००।- जरिवाना हुने सजाय गरिएको सुरू काठमाडौं जिल्ला अदालतको फैसलालाई सदर गरेको पुनरावेदन अदालत, पाटनको फैसला अन्यथा गर्नुपर्ने देखिन नआउने।

तसर्थ प्रतिवादी छिरिङ टासी शेर्पाले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान, बरामदी मुचुल्का प्र.स.नि. विष्णु खतिवडा, प्र.ह.पद्मकान्त न्यौपाने, प्र.नि. यादवबहादुर घर्ती र प्र.स. नि. लोकेन्द्रबहादुर चन्दको बकपत्रबाट प्रतिवादी गोविन्द गुरूङले मतियार भई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १७ अन्तर्गतको कसुर गरेको भनी कसुरको मात्राबमोजिम ५(पाँच) वर्ष ६ महिना कैद र रू.५०,०००।- (पचास हजार) जरिवाना हुने ठहऱ्याई सुरू काठमाडौं जिल्ला अदालतले मिति २०६६।१।२१ मा गरेको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ भनी

पुनरावेदन अदालत, पाटनबाट मिति २०६६।११।२५ मा भएको फैसला मनासिब नै देखिँदा सदर हुने।

इजलास अधिकृतः नगेन्द्रकेशरी पोखरेल

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७३ साल चैत १६ गते रोज ४ शुभम्।

५

मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री डम्बरबहादुर शाही, ०७१-CR-००४९, लागु औषध ब्राउन सुगर / बुप्रिनर्फिर, *राजेश ठाकुर वि. नेपाल सरकार*

प्रतिवादी राजेश ठाकुरसमेतको साथबाट लागु बरामद भएको हुँदा निजहरूलाई आवश्यक कारबाही गरिपाउँ भन्ने बेहोराको मौकाको बरामदी मुचुल्का रहेको, प्रतिवादीले लागु औषध कारोबार गर्ने गरेकोमा अधिकारप्राप्त अधिकारीसमक्ष साबिती भई बयान गरेको देखिएको, बरामद भएको वस्तु लागु औषध परीक्षणबाट लागु औषध नै हो भन्ने यकिन भइसकेको र निज प्रतिवादीले सुरू अदालतसमक्ष गरेको बयानमा समेत लागु औषध आफूबाट बरामद भएको कुरालाई स्वीकार गरेको देखिन्छ । प्रमाण ऐन, २०३१ को दफा ९ अनुसार पक्षले व्यक्त गरेको कुरा निजको विरूद्धमा प्रमाणमा लिन मिल्ने देखिँदा राजेश ठाकुरलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ को खण्ड (घ)(ङ) र (च) तथा ऐ.ऐनको दफा १४(१)(छ)(२) बमोजिम कसुरदार ठहर गरी भएको पुनरावेदन अदालतको फैसला अन्यथा भन्न नसकिने।

मिसिल सामेल रहेको प्रतिवादीको जन्मदर्ताको प्रमाणपत्रको प्रतिलिपिलाई हेर्दा निज प्रतिवादीको जन्ममिति २०५४।४।५ मा भएको भनी मिति २०६७।११।१ दर्ता भएको जन्मदर्ताको प्रमाणपत्र पेस भएको देखिन्छ । प्रतिवादी राजेश ठाकुर मिति २०६७।११।२६ गते लागु औषधसहित पक्राउ भएको देखिएको अवस्थामा कसुर गर्नुभन्दा २५ दिनअगाडि मात्र स्थानीय पञ्जिकाधिकारीसमक्ष जन्मदर्ता गराएको देखिन्छ । प्रमाण ऐन, २०३१ को दफा ६ (ग) मा अन्यथा प्रमाणित नभएसम्म सरकारी कार्यालयमा कानूनबमोजिम रहेको दर्ता स्रेस्ता अदालतले प्रमाणमा लिनुपर्ने भनी उल्लेख भए तापनि प्रतिवादीले पेस गरेको जन्मदर्ताको प्रमाणपत्र जन्म भएको करिब १३ वर्ष ७ महिनापछि मात्र दर्ता भएको देखिएको र उक्त जन्मदर्ता प्रमाणपत्रलाई थप पुष्ट्याई गर्नेगरी उमेर खुल्ने अन्य कुनै वस्तुनिष्ठ कागज प्रमाण प्रतिवादीले पेस गर्न नसकेको अवस्थामा केवल कम उमेरको भनी लिएको जिकिर र जन्मेको धेरै पछि मात्र दर्ता गरिएको जन्मदर्ताको प्रमाणपत्रको प्रतिलिपिका आधारमा मात्र प्रतिवादीलाई कम उमेरको हो भनी मान्न नसक्दा पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिरसँग समेत सहमत हुन नसकिने।

तसर्थ माथि विवेचित गरिएका आधार, कारण र प्रमाणसमेतबाट प्रतिवादी राजेश ठाकुरलाई लागु औषध नियन्त्रण ऐन, २०३३ को दफा १४(१)छ(२) बमोजिम १० वर्ष कैद र एक लाख जरिवाना गरेको सुरू फैसलालाई सदर गर्ने ठहरी पुनरावेदन अदालत, पोखराबाट मिति २०७०।५।२ मा भएको फैसला प्रमाण मूल्याङ्कनको रोहमा मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: मनिराम ज्ञवाली

कम्प्युटर: चन्द्रा तिमल्सेना

इति संवत् २०७५ साल असार २४ गते रोज शुभम्।

इजलास नं. ९

१

मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ, ०७०-CI-०६८८, बाटो निकास खुलाई चलन, *काशी नरेश तिवारी वि. राजेन्द्र तिवारी*

फिराद दाबीमा न.नं. ३ वादीको जग्गाको उत्तरतर्फ रहेको बाटो निकासको सम्ममा दाबी रहेको

छ। न.नं. ८ को बाटो वादी को न.नं. ३ को दक्षिणतर्फ अवस्थित रहेको छ। वादीले दाबी नै नगरेको विषयमा अदालत स्वयम् वादी भई निर्णय गर्न मिल्ने हुँदैन। वादीको दाबीको सीमाभित्र रही विवादित विषयमा हेरिने न्यायिक परम्परा परिपाटी नै हो। न.नं. ८ को बाटो निकास मिचेको भन्ने दाबी नै छैन। न.नं.४ को बाटो दक्षिणतर्फ रहेको न.नं. ८ को बाटोसँग जोडी निकास कायम भइरहेको पनि देखिँदैन। सो दक्षिणतर्फ रहेको न.नं. ८ को बाटो न.नं. ४ मा रहेको बाटोसँग जोडिएको निकास बाटो रहेको भन्ने प्रतिउत्तरमा पनि उल्लेख भएको नपाइने।

अत: फिराद र प्रतिउत्तरमा नै विवाद नदेखिएको तथ्यमा अदालतले बोल्न मिल्ने देखिन आएन। प्रतिवादीको न.नं. ६ र ७ को जग्गाले न.नं. ४ को बाटो मिचेकोतर्फ जिल्ला अदालतबाट भएको फैसलाउपर प्रतिवादीले पुनरावेदन नगरी चित्त बुझाई सकेको हुँदा अब सोतर्फ अहिले पुन: विचार गर्न मिलेन। विवाद नभएको न.नं.८ को सम्बन्धमा जिल्ला अदालतबाट भएको फैसला सो हदसम्म बदर गरेको पुनरावेदन अदालत, हेटौंडाको फैसलालाई अन्यथा भन्न मिल्ने देखिन आएन। तसर्थ माथि उल्लिखित आधार प्रमाणसमेतबाट पुनरावेदन अदालत, हेटौंडाको मिति २०६९।९।८ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: विदुरकुमार उपाध्याय

कम्प्युटर: संजय जैसवाल

इति संवत् २०७३ साल चैत ८ गते रोज ३ शुभम्।

२

मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ, ०७०-CI-१२२०, निषेधाज्ञा, *महेश्वरप्रसाद चौधरी वि. मणिग्राम रूपन्देहीका आयोजना प्रमुखसमेत*

विपक्षी व्यापारिक मार्ग विस्तार आयोजना (बेलहिया-बुटवल सडक) रूपन्देहीको लिखित जवाफ हेर्दा २०७०।२।१० मा बुटवल टुडे तथा लुम्बिनी दैनिकमा १५ दिने सूचना प्रकाशन गरी मिति २०३४।३।२० भन्दा पहिले निर्माण भएका घर टहरा वा अन्य संरचनाको हकमा सप्रमाण योजना कार्यालयमा सम्पर्क राख्न अनुरोध गरिन्छ। उक्त मितिभन्दा अगाडि निर्माण भएका भौतिक संरचनाहरूको क्षतिपूर्ति निर्धारण गर्न आवश्यक सहयोगको लागि सम्बन्धित घरधनीहरूसँग समन्वयसाथ कार्य गर्ने उद्देश्यले उक्त सूचनामार्फत आह्वान गरिएको देखिन्छ। यसरी पत्रिकामा प्रकाशित सूचना निवेदकको जानकारीमा आएको मान्नु पर्ने हुन्छ। विपक्षीले पुनरावेदक निवेदकलाई समन्वयका लागि आह्वान गरेपछि निवेदक पनि सम्पर्क राख्न जानुपर्ने र आफूलाई मर्का परेको विषयवस्तुको सम्बन्धमा छलफल गरी समन्वय गर्नुपर्ने दायित्व निवेदकको पनि रहने।

यसर्थ अदालतबाट यसै विषयमा सडक विस्तारको कार्य रोक्ने गरी आदेश नभएको घरका सम्बन्धमा फरकफरक स्थानमा भत्काउने चिह्न लगाएको छ भन्ने विषयलाई सम्बोधन गर्नका लागि समन्वय गरी व्यवस्था मिलाउनु भनी भइरहेको आदेशानुसार निवेदक सम्पर्क राख्न गएको भन्ने देखिएन। पटक-पटक एउटै विषयमा अदालतमा प्रवेश गरिरहेको र माग पनि तात्विक फरक नभई एउटै विषयवस्तु रहेको छ सोही विषयमा निवेदकले दायर गरेको ०६९-WO-००७६ को निषेधाज्ञामिश्रित परमादेश मुद्दामा २०७०।०१।२५ मा आदेश भइसकेको हुँदा निवेदकको मागबमोजिम निषेधाज्ञाको आदेश जारी गरिपाउँ भन्ने रिट निवेदन खारेज गर्ने गरेको पुनरावेदन अदालत, बुटवलको मिति २०७०।९।२९ को आदेशलाई अन्यथा भन्न मिलेन। तसर्थ, माथि विवेचित आधारसमेतबाट पुनरावेदन अदालत, बुटवलको मिति २०७०।९।२९ को आदेश मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: विदुरकुमार उपाध्याय

कम्प्युटर: संजय जैसवाल

इति संवत् २०७३ साल चैत ८ गते रोज ३ शुभम्।

- यसै लगाउको ०७०-CR-१६२०, अदालतको अवहेलना, *महेश्वरप्रसाद चौधरी वि. व्यापारिक मार्ग विस्तार आयोजना (बेलहिया - बुटवल सडक) मणिग्राम रूपन्देहीका आयोजना प्रमुखसमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

३

मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा, ०७१-CR-१११३, वैदेशिक रोजगार ठगी, *नेपाल सरकार वि. शान्ति लामा*

प्रतिवादीले न्यायाधिकरणसमक्ष गरेको इन्कारी बयानलाई निज प्रतिवादीका साक्षी रतनबहादुर तामाङले समर्थन हुने गरी बकपत्र गरेको देखिन्छ भने जाहेरवालाहरू प्रेम राना र दुर्गाप्रसाद घर्तीले वैदेशिक रोजगार न्यायाधिकरणसमक्ष उपस्थित भई बकपत्र गर्दा वैदेशिक रोजगारमा इराक जान भनी मिलन पुनलाई जनही रू.२,५०,०००।- (अक्षरूपी दुई लाख पचास हजार रूपैयाँ) दिएकोमा निज भागेपछि निजको साथी यी प्रतिवादी शान्ति लामालाई वैदेशिक रोजगारको कागज गराई जाहेरी दिएका हौं, जाहेरी बेहोरा झुट्ठा हो भनी आफ्नो जाहेरी दरखास्त र लिखतको बेहोरा खण्डन गरी बकपत्र गरेको देखिन्छ । यसरी वादीका साक्षीहरू जाहेरवालाहरू स्वयम्ले हामीले वैदेशिक रोजगारमा जानको लागि प्रतिवादीलाई रकम दिएको होइन, जाहेरी बेहोरा झुट्ठो हो भनी बकपत्र गरेबाट यी प्रतिवादीले जाहेरवालाहरूलाई वैदेशिक रोजगारमा पठाई दिने भनी झुट्ठा आश्वासन तथा प्रलोभन देखाई रकम लिएको तथ्य नै पुष्टि हुन नआएबाट निजउपरको अभियोग दाबी प्रमाणित हुन सकेको नदेखिने ।

अत: माथि विवेचित आधार र कारणबाट प्रतिवादी शान्ति लामालाई वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ आरोपमा ऐ. ऐनको दफा ४३ बमोजिम सजाय गरिपाउँ भन्ने वादीको अभियोग मागदाबी पुग्न सक्दैन । प्रतिवादी शान्ति लामाले आरोपित कसुरबाट सफाइ पाउने ठहर्छ भनी सुरू वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०७१।६।२६ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृत: शिवप्रसाद पराजुली

कम्प्युटर: उत्तरमान राई

इति संवत् २०७४ साल मङ्सिर ६ गते रोज ४ शुभम् ।

४

मा.न्या.श्री मीरा खडका र मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई, ०७०-CR-०६७०, लागु ओषध चरेस, *नेपाल सरकार वि. राजकुमार परियार*

प्रतिवादी राजकुमार परियारको कोठाबाट २३० ग्राम लागु औषध चरेस बरामद भएको तथ्य मिसिल संलग्न बरामदी मुचुल्का तथा सो तथ्यलाई प्रतिवादीले आफ्नो बयानमा स्वीकारसमेत गरेको देखिँदा सो तथ्यमा कुनै विवाद रहेको देखिँदैन । साथीहरूसँग हिँड्ने क्रममा साथी दिपक नेपालीले लागु औषध चरेस खान सिकाएकोले खान थालेको हुँ । पछि निजले मलाई आधा किलोजति चरेस दिएकोले श्रीमती र छोराहरू समेतलाई थाहा नदिई ओछ्यानमुनि लुकाई राखी सेवनसमेत गर्दै आएको थिएँ । म लागु औषधको कारोबार, सञ्चय र बिक्री वितरण गर्दिन । सो लागु औषध खाँदै जाँदा २३० ग्राम मात्र रहेको भनी सेवन गरेको तथ्यलाई स्वीकार गरी अधिकारप्राप्त अधिकारी एवम् अदालतसमक्ष बयान गरेको देखिने ।

मौकामा र अदालतमा समेत प्रतिवादीले आफू लागु औषध सेवनकर्ता भएको भनी बयान गरेको देखिन्छ । यी प्रतिवादीसँग २३० ग्राम लागु औषध चरेस बरामद भएको देखिन्छ । सो लागु औषध चरेस यी प्रतिवादीले बिक्री वितरण गर्ने उद्देश्यले नै ल्याएका रहेछन् भनी मान्न मिल्ने कुनै ठोस आधार प्रमाण वादी पक्षले पेस गर्न सकेको देखिँदैन । अभियोग दाबीअनुसारको सजाय गर्न सोअनुसारको कसुर गरेको सप्रमाण पुष्टि भएको हुनुपर्छ । प्रस्तुत मुद्दामा

प्रतिवादीले अभियोग दाबीअनुसारको कसुर गरेका रहेछन् भनी मान्न मिल्ने कुनै प्रमाण वादी पक्षले पेस गर्न सकेको देखिँदैन । यी प्रतिवादी पट्के कसुरदार पनि रहेको भन्ने नदेखिने ।

अतः बरामद भएको लागु औषधको प्रकृति र परिमाण, प्रतिवादीको अधिकारप्राप्त अधिकारी एवम् अदालतसमक्ष भएको बयानसमेतका मिसिल संलग्न रहेका प्रमाणहरूको आधारमा यी प्रतिवादीले अभियोग दाबीअनुसार लागु औषध खरिद बिक्रीको कसुर अपराध गरेका रहेछन् भनी मान्न मिल्ने अवस्था नदेखिँदा यी प्रतिवादीलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४(क) विपरीत लागु औषध सेवन गर्ने गरेको देखिँदा निजलाई सोही ऐनको दफा १४(१)(क) बमोजिम १(एक) महिना कैद सजाय हुने ठहऱ्याई भएको सुरू काठमाडौं जिल्ला अदालतको मिति २०६८।११।१७ को फैसला सदर हुने ठहऱ्याएको पुनरावेदन अदालत, पाटनको मिति २०७०।१।१७ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: उदवीर नेपाली

इति संवत् २०७४ साल भदौ १४ गते रोज ४ शुभम् ।

५

मा.न्या.श्री मीरा खडका र मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई, ०७०-CR-११३८, मोटरसाइकल चोरी, *नेपाल सरकार वि. रतन तामाङ*

जाहेरवालाको चोरी भएको मोटरसाइकल यिनै प्रतिवादीको साथबाट बरामद भएको अवस्थामा प्रमाण ऐन, २०३१ को दफा ७(क) मा गरिएको उक्त कानूनी व्यवस्थाबमोजिम आफूसँग बरामद भएको मोटरसाइकल आफूले चोरी गरेको हैन भन्ने कुराको प्रमाण प्रतिवादीले नै पुऱ्याउनु पर्ने हुन्छ। तर यी प्रतिवादी रतन तामाङले आफूसँग बरामद भएको मोटरसाइकल आफूले चोरी गरेको हैन भनी मान्न मिल्नेसम्मको कुनै खम्बीर प्रमाण पेस गर्न सकेको मिसिलबाट देखिँदैन । बरामद भएको मोटरसाइकल आफूले चोरी गरेको नभई विक्रम थापा भन्ने व्यक्तिबाट खरिद गरेको भनी अधिकारप्राप्त अधिकारीसमक्ष प्रतिवादीले बयान गरेको भए पनि विक्रम थापा भन्ने व्यक्तिको स्पष्ट वतन खुलाउन सकेको नदेखिनुको अतिरिक्त सो व्यक्तिसँग प्रतिवादीले बरामद भएको मोटरसाइकल खरिद रहेछन् भनी मान्न मिल्ने कुनै पनि वस्तुनिष्ठ प्रमाण पेस गर्न सकेको देखिँदैन । सो व्यक्तिको अस्तित्व नै प्रमाणित हुन सकेको नदेखिने । चोरीको मोटरसाइकल बरामद भएको अवस्थामा अन्यथा प्रमाणित नभएसम्म बरामद भएकै व्यक्तिले सो बरामद भएको सामान चोरेको हो भनी अदालतले स्वतः अनुमान गर्नुपर्ने हुन्छ। वस्तुनिष्ठ एवम् भरपर्दो प्रमाणको अभावमा केवल प्रतिवादीको मौखिक भनाइकै आधारमा अन्यथा रहेछ भनी अनुमान गर्न मिल्ने हुदैन । चोरीको महलको २४ नं. को कसुर कायम हुन सर्वप्रथम चोरी गर्ने व्यक्तिउपरको कसुर ठहर गर्नुपर्ने हुन्छ। चोरी गर्ने व्यक्तिको अस्तित्व नै प्रमाणित हुन नसकेको अवस्थामा सो व्यक्तिबाट यी प्रतिवादीले चोरीको मोटरसाइकल खरिद गरेका रहेछन् भनी अदालतले अनुमान गरी निर्णयमा पुग्नसमेत मिल्ने हुँदैन । चोरीको मोटरसाइकल प्रतिवादीबाट बरामद भएको अवस्थामा सो मोटरसाइकल अन्य व्यक्तिबाट खरिद गरेको भनी सप्रमाण पुष्टि गर्न नसकेको अवस्थामा चोरीको २४ नं. को कसुर कायम गरेको सुरू फैसला सदर गरेको पुनरावेदन अदालतको फैसला मिलेको नदेखिने ।

अतः प्रतिवादीकै सँगसाथबाट चोरीको मोटरसाइकल बरामद भएको तथ्यलाई प्रतिवादीले स्वीकार गरेको देखिएको, सो मोटरसाइकल आफूले चोरी गरेको नभई विक्रम थापा नाम व्यक्तिबाट खरिद गरेको भनी प्रतिवादीको बयान बेहोरा रहे पनि सो बयान बेहोराको पुष्टि हुने खम्बीर प्रमाण निजले पेस गर्न नसकेको, निज विक्रम थापा भन्ने व्यक्तिको अस्तित्व नै प्रमाणित गराउन नसकेको, कालो रङको बा. २३ प ८८४१ को मोटरसाइकलको नम्बरलाई निलो रङको

बा. २३ प ८०४९ बनाई चलाई रहेको अवस्थामा पक्राउ परेको देखिँदा यिनै प्रतिवादीले जाहेरवालाको मोटरसाइकल चोरी गरी मुलुकी ऐन, चोरीको १ र १२ नं. बमोजिमको कसुर गरेको ठहर्छ। सो ठहर्नाले निज प्रतिवादीलाई चोरीको १२ नं. अनुसार (एक) महिना कैद तथा मूल्य मुचुल्काबाट चोरीको मोटरसाइकलको मूल्य रू.१,००,०००।- (एक लाख) रहेको भन्ने देखिँदा सो रू.१,००,०००।- (एक लाख) जरिवाना हुने ठहर्छ। प्रतिवादीलाई चोरीको २४ नं. अनुसारको कसुरमा रू. ६०,०००।- (साठी हजार) जरिवाना हुने ठहऱ्याएको सुरू फैसला सदर गरेको पुनरावेदन अदालत, पाटनको मिति २०७०।२।२२ को फैसला केही उल्टी हुने।

इजलास अधिकृतः उदवीर नेपाली

कम्प्युटर: उत्तरमान राई

इति संवत् २०७४ साल भदौ १४ गते रोज ४ शुभम्।

६

मा.न्या.श्री मीरा खडका र मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई, ०७०-CR-१२५३, मोटरसाइकल चोरी, *नेपाल सरकार वि. समिर लामासमेत*

प्रतिवादीले बरामद भएको मोटरसाइकल आफूले चोरी गरेको हैन भनी लिएको जिकिर वस्तुनिष्ठ प्रमाणबाट प्रमाणित गर्न सकेको देखिँदैन। वस्तुनिष्ठ एवम् भरपर्दो प्रमाणको अभावमा केवल प्रतिवादीको मौखिक भनाइकै आधारमा अन्यथा रहेछ भनी अनुमान गर्न मिल्ने हुँदैन। चोरी गर्ने व्यक्तिको अस्तित्व नै प्रमाणित हुन नसकेको अवस्थामा सो व्यक्तिबाट यी प्रतिवादीले चोरीको मोटरसाइकल खरिद गरेका रहेछन् भनी अदालतले अनुमान गरी निर्णयमा पुग्नसमेत मिल्ने हुँदैन। चोरीको मोटरसाइकल प्रतिवादीबाट बरामद भएको अवस्थामा सो मोटरसाइकल अन्य व्यक्तिबाट खरिद गरेको भनी सप्रमाण पुष्टि गर्न नसकेको अवस्थामा चोरीको २४ नं. को कसुर कायम गरेको सुरू फैसला सदर गरेको पुनरावेदन अदालतको फैसला मिलेको नदेखिने।

प्रतिवादीकै सँगसाथबाट चोरीको मोटरसाइकल बरामद भएको तथ्यलाई प्रतिवादीले स्वीकार गरेको देखिएको, सो मोटरसाइकल आफूले चोरी गरेको नभई अनिल चौधरी तथा शिशिर थापाबाट खरिद गरेको भनी प्रतिवादीको बयान बेहोरा रहे पनि सो इन्कारी बयान बेहोराको पुष्टि हुने खम्बीर प्रमाण निजले पेस गर्न नसकेको, निजहरूको अस्तित्व नै प्रमाणित गराउन नसकेको, चोरीको मोटरसाइकल चलाइरहेको अवस्थामा पक्राउ परेको देखिँदा यिनै प्रतिवादीले जाहेरवालाको मोटरसाइकल चोरी गरेको मान्नु पर्ने।

अतः विवेचित आधार तथा कारणबाट प्रतिवादी समिर लामाले मुलुकी ऐन, चोरीको १ र १२ नं. बमोजिमको कसुर गरेको देखिँदा निज प्रतिवादीलाई मुलुकी ऐन, चोरीको महलको २४ नं. अनुसार बिगोबमोजिम रू.२,१०,०००।- सजाय गरेको सुरू फैसला सदर गरेको पुनरावेदन अदालत, पाटनको मिति २०६९।१२।२० को फैसला नमिलेकोले केही उल्टी भई निज प्रतिवादीलाई सोही महलको १२ नं. अनुसार बिगोबमोजिम रू.२,१०,०००।- जरिवाना र १ महिना कैद हुने ठहर्छ। प्रतिवादी अनिल चौधरीको हकमा जिल्ला अदालत नियमावली, २०५२ को नियम १९(क)(४) बमोजिम तामेलीमा राख्न सकिने नै हुँदा निजको हकमा तामेलीमा राखेको मिलेकै देखिने।

इजलास अधिकृतः उदवीर नेपाली

कम्प्युटर: उत्तरमान राई

इति संवत् २०७४ साल भदौ १४ गते रोज ४ शुभम्।

७

मा.न्या.श्री मीरा खडका र मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई, ०७०-CR-१२६१ र ०७०-CR-१२८३, जबरजस्ती करणी, *महेश यादव वि. नेपाल सरकार र नेपाल सरकार वि. महेश यादव*

वारदात हुँदाका प्रत्यक्षदर्शी श्याम देव मेहताले "प्रतिवादीले वर्ष १२ की परिवर्तित नाम करिनालाई

उल्लिखित मितिमा जबरजस्ती करणी गर्ने कार्य गरेको हुँदा निज बालिका चिच्याएको मैले सुनी के भएछ ? भनी हेर्न जाँदा प्रतिवादीले हतार हतार आफ्नो धोती कस्दै भागेको मैले देखेको हुँ र सोही कारणले विषादीसमेत सेवन गर्नेसम्मको कार्य भएको" भनी घटना विवरण कागज गरेको देखिन्छ। "सो मिति समयमा म खेतबारीमा थिएँ । महेश यादव हाम्रो घरमा आएका थिए । मैले आँखाले देखेँ, बच्चा चिच्याउँदै थिइन् घरवालालाई पछि बोलाएँ, महेश यादव बच्चामाथि चढेको थियो तब म पुगेपछि प्रतिवादी भागे" भन्ने प्रेमदेवी मेहताले अदालतमा बकपत्र गरेको देखिन्छ । प्रस्तुत आधार र कारणलाई मनन गर्दा पीडित जबरजस्ती करणीको वारदात पूरा भएको नदेखिई सोको उद्योगसम्म भएको देखिन आउँछ । तसर्थ परिवर्तित नाम करिनाउपर जबरजस्ती करणीको वारदात भएको भन्ने वादीतर्फको जिकिरसँग सहमत हुन नसकिने।

पीडित नै घटनाको आधारभूत गवाह हो । निजले अनुसन्धान अधिकारी तथा अदालतसमक्ष व्यक्त गरेको कुरालाई प्रमाण ऐन, २०३१ को दफा १०(ख) (क) बमोजिम प्रत्यक्ष र निर्णायक प्रमाणको रूपमा लिनुपर्ने हुन्छ। पीडितको बयानबाट प्रतिवादीले जबरजस्ती करणी गर्न खोजेको तर आफू चिच्याएको कारणबाट निज प्रतिवादी भागेको भनी गरेको बयानबाट जबरजस्ती करणीको कार्य गर्ने मनसाय निज प्रतिवादीको रहेको, सोको तयारीसमेत गरेको र वारदातको क्रममा बाह्य व्यक्तिको हस्तक्षेपको कारण वारदात पूर्ण हुन नपाएको भनी मिसिल संलग्न कागजात प्रमाणबाट देखिन आयो । यसबाट आपराधिक कार्य भइसकेको तर पूर्णता नपाएको अवस्था विद्यमान रहेकोले प्रस्तुत वारदात, जबरजस्ती करणी उद्योगसम्मको रहेको र सो कार्यमा निज प्रतिवादीको संलग्नता रहेको तथ्य निर्विवाद देखिन आउने।

जाहेरवाला प्रत्यक्षदर्शी नभए पनि निज कामबाट घर आउँदा सबै कुरा थाहा पाई घर परिवारले बताएबमोजिम आफूले जाहेरी दिएको र निजको किटानी जाहेरीलाई निज स्वयम् अदालतमा उपस्थित भई बकपत्र गरी पुष्टि गरिदिएको देखिन्छ । के सही र के गलत भनी राम्ररी छुट्टयाउन नसक्ने १२ वर्षीय बालिकाले कोही कसैलाई नियतवश: फसाउनु पर्ने कारण देखिँदैन, वारदातै नभई जबरजस्ती करणीजस्तो घृणित व्यवहार केवल परिकल्पनाको आधारमा सिलसिलेबर रूपमा १२ वर्षकी बालिकाले व्यक्त गर्न सक्छिन् भनी विश्वास गर्न सकिँदैन । यी पीडितले जबरजस्ती करणीको आरोप लगाउनु र विष सेवन गर्नुको पछाडि कुनै भरपर्दो कारण रहेको तथ्यसमेत प्रतिवादीले खुलाउन सकेको अवस्था छैन । जाहेरी, जाहेरवालाको भनाइ, पीडितको भनाइ, बुझिएका मानिसहरूको भनाइ, अभियुक्त स्वयंले आफू परिवर्तित नाम करिना भएको ठाउँमा गएको कुरा स्वीकार्नुसमेतका आधार कारण र प्रमाणहरूबाट प्रतिवादी चमरू भन्ने महेश यादवले जबरजस्ती करणी उद्योगको वारदात गरेको पुष्टि हुन आएकोले प्रस्तुत वारदातमा आफ्नो संलग्नता नरहेको भन्ने प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

तसर्थ, माथि विवेचित आधार, कारण र प्रमाणहरूबाट पीडित करिना (परिवर्तित नाम) लाई प्रतिवादी चमरू भन्ने महेश यादवले जबरजस्ती करणीको उद्योग गरेको देखिँन आएको हुँदा सुरू जिल्ला अदालतबाट प्रतिवादीले अभियोग दाबीबाट सफाइ पाउने गरी भएको फैसला केही उल्टी गरी मुलुकी ऐन, जबरजस्ती करणीको ५ नं. बमोजिम जबरजस्ती करणीको उद्योग गरेको ठहऱ्याई निज प्रतिवादीलाई ऐ. महलको ३(२) नं. बमोजिम ४ (चार) वर्ष कैद सजाय हुने ठहऱ्याएको पुनरावेदन अदालत, विराटनगरको मिति २०७०।१।८ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः सुभद्रा जि.सी.

इति संवत् २०७५ साल जेठ २५ गते रोज ६ शुभम्।

इजलास नं. १०

१

मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री तेजबहादुर के.सी., ०७२-CR-१५२८, जबरजस्ती करणी, *सञ्जिव उराव वि. नेपाल सरकार*

पुनरावेदकले अनुसन्धानमा गरेको भनिएको बयान आफूलाई सोधी नलेखेको र अदालतमा आफूले कसुर स्वीकार नगरेको भन्ने पुनरावेदन जिकिर लिए पनि मिसिल संलग्न अन्य प्रमाणहरूले निजको अनुसन्धानको बयानलाई समर्थन गरेको पाइन्छ । यसबाट निजको अनुसन्धानको बयानलाई अन्यथा मान्न सकिँदैन । त्यसैले निजको अनुसन्धानको बयानलाई प्रमाण ऐन, २०३१ को दफा ९(२)(क) अनुसार प्रमाणमा लिन हुने नै देखिन आउँछ । निजले अदालतको बयानमा आफू सो दिन अन्यत्रै रहेको भनी (Plea of Alibi) को जिकिर लिएपनि निजको सो जिकिर निजले नै पुष्टि गर्न सक्नुपर्नेमा सो पुष्टि हुने कुनै प्रमाण निजले पेस गर्न सकेको देखिँदैन । मिसिल संलग्न उल्लिखित प्रमाण कागजहरूबाट यी पुनरावेदकले जबरजस्ती करणीको कसुर नगरेको भन्ने निजको जिकिरसँग सहमत हुन नसकिने ।

प्रतिवादीको उमेरको विवादित विषय छ सो सन्दर्भमा संलग्न कागज अध्ययन गरी हेर्दा प्रतिवादीले अदालतमा बयान गर्दा १४ वर्ष उमेर भनी लेखाएको देखिए पनि सुरू अदालतबाट भएका आदेशानुसार कोशी अञ्चल अस्पतालबाट भई आएको उमेर जाँचसम्बन्धी च.नं.२४६५ मिति २०७०।२।३० को प्रतिवेदन पत्र हेर्दा Growth plates of all parts of bones (as per given radiographs) are fused, so the skeletal age of given person 17-18 years भन्ने उल्लेख भएको देखिन आयो । उमेर परीक्षण गर्ने चिकित्सकमध्येका डा.मुकुन्द दाहालले अदालतमा आई बकपत्र गर्दा परीक्षण प्रतिवेदनलाई पुष्टि गर्दै बकपत्र गरेकोसमेत देखिएको छ । त्यसैले चिकित्सा विज्ञानलाई आधार लिई शारीरिक विकासको अवस्थालाई मध्यनजर गरी भई आएको प्रतिवादीको उमेर परीक्षण प्रतिवेदनमा प्रतिवादीको उमेर १७ देखि १८ वर्ष रहेको भन्ने उल्लेख भएकोलाई अन्यथा मान्न नसकिने । आफूलाई नाबालक कायम गरी बालबालिकासम्बन्धी ऐन, नियमअनुसार मात्र सजाय कायम गरिनु पर्ने हो भन्ने पुनरावेदकको जिकिरसँग सहमत हुन सकिएन । त्यस्तै यी प्रतिवादी माथि उल्लेख भएअनुसार कसुरदार ठहर भई सोअनुसार सजायसमेत हुने देखिएको अवस्थामा मुलुकी ऐन, जबरजस्ती करणीको महलको १० नं. अनुसार पीडितलाई क्षतिपूर्तिसमेत भराइदिनु पर्नेसमेत देखिन्छ । तसर्थ सुरू फैसला केही उल्टी गरी पुनरावेदक / प्रतिवादीको उमेर १७ वर्षमाथि रहेको देखिएको भनी मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३(१) नं. बमोजिम १०(दश) वर्ष कैद हुने र रू.१०,०००।- (दश हजार) क्षतिपूर्ति यी प्रतिवादीबाट पीडितले भराई पाउने ठहऱ्याई पुनरावेदन अदालतबाट भएको फैसला मिलेको नै देखिन आउने ।

अतः माथि विवेचित आधार, कारण र प्रमाणहरूबाट यी पुनरावेदक / प्रतिवादी फुट्ला भन्ने संजिव उरावले मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ नं. र ३(१) नं. को कसुरमा सोही ३(१) नं. अनुसार हुने सजाय १० वर्ष कैदमा निज नाबालक भएकोले भनी सोको आधा ५ वर्ष मात्र कैद सजाय हुने ठहऱ्याई सुरू मोरङ जिल्ला अदालतबाट मिति २०७१।३।१७ मा भएको फैसला केही उल्टी गरी निजलाई १० वर्ष कैद सजाय हुने र निजबाट पीडितले रू.१०,०००।- (दश हजार) क्षतिपूर्तिसमेत भराई पाउने ठहऱ्याई पुनरावेदन अदालत, विराटनगरबाट मिति २०७२।३।१६ मा भएको फैसला मिलेको नै

देखिएकोले सदर हुने ।

इजलास अधिकृत: यदुराज शर्मा

कम्प्युटर: सिजन रेग्मी

इति संवत् २०७४ साल चैत २० गते रोज ३ शुभम् ।

२

मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री तेजबहादुर के.सी., ०७३-WO-०१८८, उत्प्रेषण, *श्रीराम द्विवेदी वि. विद्यालय शिक्षक किताबखाना, छाउनी काठमाडौंसमेत*

निवेदकको कानूनअनुसार अनिवार्य अवकाश पाउने मिति २०७०।७।२ भई निजले अवकाशपछि पाउने पेन्सनलगायतका सेवा सुविधा सोही आधारमा नै पाउने भए पनि शिक्षक किताबखाना र अन्य सम्बन्धित निकायले सो मितिको अवकाशको बारेमा निजलाई जानकारी नगराएकोले निजले निरन्तर रूपमा मिति २०७२।१।२७ सम्म १ वर्ष ६ महिना २५ दिन बढी शिक्षक सेवामा कामकाज गरी सोबापत सेवा सुविधा लिए खाएको देखियो । निजलाई समयमा नै नेपाल सरकार तथा सम्बन्धित निकायले अवकाश नदिनुको अर्थ निजलाई काममा लगाइरहनु भन्ने नै हुन आउँछ । सो समयावधिमा निजले काम गरेको कुरामा पनि कुनै विवाद रहेको छैन । यसरी अवकाश पत्र पनि समयमा नदिने र अवकाश नपाएकोले काम गर्दै आइरहेको व्यक्तिलाई काम गरेको अवधिको सेवा सुविधा पनि नदिने भन्नु कदापि न्यायोचित हुन नसक्ने ।

विपक्षी शिक्षक किताबखानाले यी निवेदक श्रीराम द्विवेदीले अवकाश पाउने उमेरभन्दा १ वर्ष ६ महिना २५ दिन बढी काम गरी सोबापत लिएको सेवा सुविधा जम्मा रू.४,९४,११५।- निजले अवकाशपछि पाउने सेवा सुविधाको रकमबाट कट्टा गरी हिसाब मिलान गर्ने गरी गरेको मिति २०७३।५।६ को निर्णय प्रचलित कानूनी व्यवस्था र यस अदालतबाट प्रतिपादित सिद्धान्तसमेतका आधारमा मिलेको देखिन आएन । उक्त निर्णयबाट यी निवेदकको श्रमको हक, शोषण विरूद्धको हकलगायतका मौलिक हकहरूमा समेत आघात पुग्न गएको पाइएकोले निवेदन मागअनुसारको आदेश जारी गर्नुपर्ने नै देखिन आउने ।

अतः माथि विवेचित आधार र कारणहरूबाट निवेदक श्रीराम द्विवेदीको अवकाश मिति २०७०।७।२ रहेभएको देखिएकोमा निजले २०७२।१।२७ सम्म जम्मा एक वर्ष छ महिना पच्चीस दिन बढी काम गरी अवकाश लिएको देखिएकोले सो बढी काम गरेको अवधि एक वर्ष छ महिना पच्चीस दिन काम गरेबापत निजले लिएको सेवा सुविधा निजले अवकाशपश्चात् पाउने सेवा सुविधाको रकमबाट कट्टा गर्ने गरी शिक्षक किताबखानाबाट मिति २०७३।५।६ मा भएको निर्णय मिलेको नदेखिएकोले सो निर्णय र सोसँग सम्बन्धित सम्पूर्ण काम कारबाहीहरू उत्प्रेषणको आदेशले बदर गरी अब निजको कानूनअनुसारको अवकाश पाउने मितिको आधारमा हुने सम्पूर्ण सेवा सुविधाबाट उपर्युक्तानुसार काम गरेको बढी अवधिको लिएको सेवा सुविधाबापतको कुनै रकम कट्टी नगरी पाउने सम्पूर्ण सेवा सुविधा दिनु दिलाउनु भनी विपक्षीहरूका नाममा परमादेशसमेत जारी हुने ।

इजलास अधिकृत: यदुराज शर्मा

कम्प्युटर: सिजन रेग्मी

इति संवत् २०७४ साल चैत १८ गते रोज १ शुभम् ।

३

मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री तेजबहादुर के.सी., ०७३-WO-०३०९, उत्प्रेषण, *विष्णुप्रसाद अधिकारीसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत*

दैनिक प्रशासन सञ्चालन गर्न तथा सरकारका नीति नियमको कार्यान्वयन गर्नका लागि निजामती सेवाको व्यवस्था गरिएको हुन्छ । देशको दैनिक प्रशासन सञ्चालन तथा नीति नियमहरूको कार्यान्वयनको अन्तिम जिम्मेवारी कार्यपालिकाको रहन्छ । कार्यपालिकाको कार्यकारिणी जिम्मेवारी पूरा

गराउन नीति र कानूनको कार्यान्वयन गर्ने हातको रूपमा कानूनअनुसार निजामती सेवालगायतका सरकारी सेवाको व्यवस्था गरेको हुन्छ । त्यसैले हरेक देशमा निजामती सेवा राष्ट्रको कार्यकारणी शक्तिअन्तर्गत सञ्चालित र व्यवस्थित हुने सेवाका रूपमा रहेको हुन्छ । देशको आवश्यकताअनुसार कुन ठाउँमा के कस्ता कार्यालयहरू स्थापना गर्ने, कुन कार्यालयमा के कति कस्तो योग्यता भएको जनशक्तिको व्यवस्था गर्ने, अर्थात् कुन श्रेणी वा तहको कति दरबन्दी सिर्जना गर्ने, समयक्रमसँगै कुन श्रेणी वा तहको के कति दरबन्दी थप्ने कटौती गर्ने के कति कहाँ समायोजन गर्ने भन्ने निजामती प्रशासनको सम्बन्धमा निर्णय गर्ने अधिकार कानूनले सरकारको कार्यकारिणी अङ्गलाई प्रदान गरेको हुन्छ। सोको लागि कानूनले तोकेको प्रक्रिया पूरा गरी कानूनले तोकेको निकाय वा अधिकारीले कानूनले तोकेबमोजिमको अधिकारको प्रयोग आवश्यकता र औचित्यताका आधारमा गर्नुपर्ने।

लोक सेवा आयोगले प्रकाशित गरेको सूचना र विज्ञापनअनुसार यी निवेदकको आवश्यक न्यूनतम् योग्यता पूरा भएको भए निजहरू पनि प्रतियोगितामा समावेश हुन पाउने नै देखिन्छ। यी निवेदकले यसरी गरिएको सूचना तथा विज्ञापनलाई कुन कानूनी व्यवस्थाको के कसरी प्रतिकूल भयो र सोबाट आफ्नो प्रतियोगितामा भाग लिन पाउने जस्ता के कस्तो हकाधिकार के कसरी कुण्ठित हुन पुग्यो भनी स्पष्ट दाबी लिन सकेको नपाइने।

कानूनबमोजिम अधिकारप्राप्त नै नभएको निकाय वा पदाधिकारीले निर्णय गरेमा, अधिकारप्राप्त भएकोमा सोप्राप्त अधिकारभन्दा बढी अधिकार प्रयोग गरेमा, प्राप्त अधिकारको दुरूपयोग गरेमा वा बदनियतपूर्वक अधिकारको प्रयोग गरेमा मात्र त्यस्तो निर्णय उत्प्रेषणको आदेशले बदर गर्न सकिने हुन्छ । अधिकार सम्पन्न निकायले प्रचलित कानूनी व्यवस्थाअनुसार गरेको कामबिना कुनै संवैधानिक र कानूनी आधार दायर भएको रिटको आधारमा यस अदालतले रिट आदेश जारी गरी बदर गर्न मिल्दैन । त्यसैले निजामती कर्मचारीको दरबन्दी पुनरावलोकनको निर्णय गर्न पाउने अधिकार सम्पन्न निकाय नेपाल सरकार, मन्त्रिपरिषद्बाट रिक्त चार पदमध्ये तत्कालीन आवश्यकतासमेतका आधारमा दुई पदलाई समायोजन गर्ने भनी निर्णय भएकोले बाँकी रहन जाने दुई पदको पदपूर्तिका लागि मात्र शिक्षा मन्त्रालयले सामान्य प्रशासन मन्त्रालयमा माग आकृति फाराम भरी पठाएअनुसार सामान्य प्रशासन मन्त्रालयले पदपूर्तिको लागि लोक सेवा आयोगमा पठाएको र लोक सेवा आयोगले सो मागअनुसार विज्ञापन प्रकाशित गरेको मिलेको नै देखिन आयो । यसमा अधिकारविहीन निकायले निर्णय गरेको, प्राप्त अधिकारभन्दा बढी अधिकारको प्रयोग गरेको, अधिकारको दुरूपयोग गरेको वा अधिकारको बदनियतपूर्वक प्रयोग गरेको देखिन आएन। त्यसैले निवेदन मागअनुसार विपक्षीहरूको कुनै काम कारबाही बदर गर्नुपर्ने देखिन नआउने।

अतः माथि उल्लिखित आधार र कारणहरूबाट विपक्षी मन्त्रिपरिषद्को मिति २०७३।३।३१ को निर्णय, शिक्षा मन्त्रालयको च.नं. १८६ मिति २०७३।५।८ को पत्र एवम् माग फाराम तथा लोकसेवा आयोगको सूचना नं. २६३।०७३-७४, २६५।०७३-०७४ को क्रमशः सूचना नं. १९।०७३-७४ र विज्ञापन नं. १७०१६।०७३-७४ कानूनअनुसार नै भए गरेको देखिएको र यसबाट निवेदकको कुनै संवैधानिक तथा कानूनी हकाधिकारमा आधात पुगेको नदेखिएकोले निवेदन मागबमोजिमको आदेश जारी गर्नुपर्ने देखिन आएन। रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: यदुराज शर्मा

इति संवत् २०७४ साल चैत १८ गते रोज १ शुभम्।

४

मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री तेजबहादुर के.सी., ०७३-CR-१२९५, जबरजस्ती करणी,

दुनप्रसाद शर्मा वि. नेपाल सरकार

मन्जुरी अर्थात् सहमतिको महत्त्व रहने जबरजस्ती करणीको मुद्दामा प्रतिरोधका चिह्नहरू देखिएका छन् वा छैनन् भन्ने कुरा धेरै महत्त्वको विषय होइन। मुख्य कुरा करणीको कार्य भएको हो वा होइन र यदि हो भने निजको मन्जुरीबिना भएको हो वा होइन भन्ने नै हुन जान्छ। प्रतिरोध भन्ने कुरा घटना हुँदाको परिस्थिति, प्रतिवादीसँगको सम्बन्ध, पीडित स्वयम्को मनोदशा, बानी, जागरूकता र क्षमता आदि अवस्थामा पनि भर पर्ने हुन्छ । प्रतिरोध नगर्दैमा करणीको लागि सहमति दिएको वा मन्जुरी रहेभएको भन्न मिल्दैन। प्रतिरोधका चिह्नहरूको अभाव मात्र सहमति वा मन्जुरीको प्रमाण बन्न नसक्ने।

प्रस्तुत मुद्दामा प्रतिवादी यी पीडितकी सानाबा नाताका देखिई सधैँ सँगसँगै गाउँघरमा बस्नुपर्ने अवस्था रहेको देखिन्छ। साथै एकान्त जङ्गलको ओडारमुनि घटना घटेको अवस्था छ र जबरजस्ती करणी गर्दाका बखत पीडित चिच्याउन खोज्दा प्रतिवादीले मुख थुनिदिएको कुरा पीडितले अनुसन्धानका क्रममा र अदालतमा उल्लेख गरिदिएको पाइन्छ । त्यसैले प्रतिरोध गरेको संकेत नभेटिएकै आधारमा यी प्रतिवादीले करणी नै नगरेको र करणी गरे पनि सहमतिमा नै करणी गरेको हो भनी भन्न मिल्ने देखिन आएन। वर्तमान सन्दर्भमा यौन क्रियाकलापहरूमध्ये कुनै क्रियाकलापका लागि सहमति दिएकोमा सोभन्दा बाहेकका कुनै क्रियाकलाप गरेमा वा करणीको लागि निश्चित सर्तसहित सहमति दिएकोमा त्यस्ता शर्तहरूको पालना नगरी करणी गरेमा सहमति दिएको नमानिने गरी र हुन्न नभनेको कुरालाई हुन्छ भनेर बुझ्न नपाइने भन्ने जस्ता मान्यता तथा अभ्यासहरू विकास भएको देखिन आउँछ । यस परिप्रेक्ष्यमा प्रतिकारका संकेत नदेखिएकोले जबरजस्ती करणी नै नभएको भनी भन्न नमिल्ने।

वारदातपछि पीडित केही दिनसम्म पीडाले सुतेको देखिएको छ। निजलाई कसैलाई नभन्नु भनेमा दुवैलाई जेल हाल्छन् भनी यी पुनरावेदकले आफूलाई भनेकोले आफूले कसैलाई नभनेको भनी निज परिवर्तित नाम सयपत्री ३ ले बकपत्रमा लेखाइदिएको पाइन्छ । निजको सो भनाइ असत्य पनि मान्न सकिँदैन । हाम्रो जस्तो समाजमा यस्तो कुरा खुलेर गर्न सक्ने गरी महिलाहरूमा जागृती आएको देखिँदैन साथै घर समाजले समेत यस्तो कुरालाई सहजरूपमा लिई पीडितप्रति सहानभूति देखाउने वातावरण रहेको पाइँदैन । घरमा भनेमा घरमा सबैले रिसाउने, गाउँ समाजमा आफ्नै बदनाम हुने र आफूलाई कानूनी कारबाहीसमेत हुनसक्ने जस्ता डर र शंकोचका कारण पनि निजले समयमै वारदातको बारेमा नबताएको हुनसक्ने नै देखिन आउँछ । केही दिनपछि निजको आमाले केरकार गर्दा आमालाई भनेको र आमाले थाहा पाएपछि लोक लज्जा र भविष्यमा कलंकित हुनुपर्छ भन्ने कारणले पनि उजुरी नगरी गाउँघरमा नै मिलाउने प्रयास गरेको देखिन आउँछ। जाहेरवालाकी बहिनीको छोराले यस्तो कुरा लुकाउनु हुन्न भनेपछि मात्र जाहेरी परेको देखिएको छ। त्यसैले जाहेरी केही ढिला पर्नु अस्वाभाविक देखिँदैन। जाहेरी ढिला परे पनि मुलुकी ऐन, जबरजस्ती करणी महलको ११ नं. अनुसारको ६ महिनाको हदम्यादभित्र नै परेको पाइन्छ । त्यसैले जाहेरी ढिला परेको कारणले मात्र यी पुनरावेदक / प्रतिवादीलाई निर्दोष रहेको मान्न मिल्ने देखिन नआउने।

महिलाको यौनिक पवित्रता (vaginal purity) लाई संवेदनशील रूपमा लिइने हाम्रो समाजमा जबरजस्ती करणीको मुद्दामा त झन् पीडित आफैँ दागी बन्नुपर्ने मनोवैज्ञानिक दबाबमा रहने हुन्छन्। साथै चेतनाको स्तर कम भएको र न्यायिक उपचारको प्रक्रियाका बारेमा अनभिज्ञताको विद्यमानता व्याप्त रहेको समाजमा सबैजसो घटनाको जाहेरी तुरून्त र तत्काल भइहाल्ने अपेक्षा गर्न पनि

सकिँदैन । प्रस्तुत मुद्दामा प्रतिवादीउपर झुठो आरोप लगाउनु पर्ने कुनै कारण र अवस्था रहेको पनि पाइँदैन। महिलाको अस्मितासँग जोडिएको जबरजस्ती करणीजस्तो विषयमा सामान्यतया पीडित स्वयम्ले र उसको परिवारले बिनाकारण र सानोतिनो रिसइवीका कारण मात्र हाम्रोजस्तो समाजमा उजुरी गरेको होला भनी अन्यथा प्रमाणित नभएसम्म भन्न सकिँदैन । यस कारणले पनि प्रस्तुत मुद्दामा पीडितको भनाइ बेहोरालाई अविश्वास गर्न सकिने अवस्था देखिँदैन । पुनरावेदकउपर झुट्टा पोल गर्नुपर्नेसम्मको कुनै कारण रहेको प्रमाणित हुन आएको पनि देखिन नआउने।

अतः उपर्युक्त विवेचित आधार, कारण र प्रमाणहरूबाट यी पुनरावेदक / प्रतिवादी दुन भन्ने दुनप्रसाद शर्मालाई जबरजस्ती करणीको उद्योगको कसुरमा मुलुकी ऐन, जबरजस्ती करणीको महलको ५ नं. अनुसार २ वर्ष ६ महिना कैद हुने ठहऱ्याई सुरू स्याङ्जा जिल्ला अदालतबाट मिति २०७२।०२।२४ मा भएको फैसला उल्टी गरी निज प्रतिवादीले जबरजस्ती करणीको कसुर गरेकोले निजलाई ऐ. महलको ३(५) नं. बमोजिम ५ वर्ष कैद, ऐ. महलको २ नं. बमोजिम र हाडनाता करणी गर्नेको महलको २(३) नं. बमोजिम १ वर्ष थप कैद हुने साथै जबरजस्ती करणीको महलको १० नं. बमोजिम पीडित नाम परिवर्तित सयपत्री-३ ले प्रतिवादीबाट रू.१ लाख क्षतिपूर्तिसमेत भराई पाउने ठहऱ्याई पुनरावेदन अदालत, पोखराबाट मिति २०७३।८।२० गते भएको फैसला मिलेको नै देखिँदा सदर हुने।

इजालास अधिकृतः यदुराज शर्मा

कम्प्युटर: सिजन रेग्मी

इति संवत् २०७४ साल चैत २० गते रोज ३ शुभम्।

५

मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री तेजबहादुर के.सी., ०७३-CR-१३०९, जबरजस्ती करणी, *विष्णुप्रसाद भट्ट वि. नेपाल सरकार*

पुनरावेदक / प्रतिवादीले जग्गाको कारणले पुरानो रिसइबी रहेको हुँदा निज 'बि' कुमारीको कमजोर दिमागको फाइदा उठाई जाहेरी दिई प्रस्तुत मुद्दा दायर भएको भन्ने उल्लेख गरे पनि निजको सो रिसइबी रहेको भन्ने भनाइ पुष्टि हुने कुनै आधार मिसिल संलग्न कागजातबाट देखिन आउँदैन। के कुन जग्गा सम्बन्धमा के कस्तो विवाद थियो भन्ने कुरा पनि निजले प्रस्ट खुलाउन सकेको छैन । यी पीडित १५ वर्षको नाबालिका रहेको त्यसमा पनि सुस्त मनस्थिति अर्थात् कमजोर दिमागको रहेको भन्ने स्वयम् प्रतिवादीको बयान र अन्य बुझिएका व्यक्तिको भनाइबाट समेत देखिन आउँछ। त्यस्तो नाबालक अवस्थामा रहेकी यी पीडितले पुरानो रिसइबीका कारण आफ्नो इज्जतमा नै आघात पुग्ने तथा समाजको डर, त्रास र लाजसमेत हुने गरी नभए नगरेको झुट्टा कुरा तत्काल घरमा आई भनेको वा जाहेरीमा लेखाएको होला भनी विश्वास गर्न सकिँदैन। त्यस्तै जाहेरी दरखास्त 'बि' कुमारीको आफ्नै सहोदर दाइको रोहबरमा पेस हुन आएको अवस्था छ । निजको दाइ र आमाले पनि आफ्नो बहिनी तथा छोरीको र आफ्नै परिवारको इज्जतमा नै धक्का पुग्ने कुरा केबल पुरानो रिसइबीका कारण मात्र लेखाए होलान् भनी भन्न सकिँदैन । यसबाट पुरानो रिसइबीको कारण मात्र जबरजस्ती करणीमा जाहेरी दिएको हो भनी यी पुनरावेदक प्रतिवादीले लिएको जिकिरसँग सहमत हुन नसकिने।

जबरजस्ती करणीप्रतिको हाम्रो समाजमा रहेभएको शंकोचको भावना, कसुरमा जाहेरी दिनुपर्छ भन्ने सम्बन्धमा हुने अनभिज्ञता, डर, त्रास र सामाजिक लोकलज्जाजस्ता कारणले जाहेरी दिन केही ढिलाई हुन सक्ने नै हुन्छ । साथै यसमा जाहेरवालाको छोरा धनगढीमा बस्दै आएको पाइन्छ । जाहेरवालाले धनगढीमा बस्ने आफ्नो छोरालाई वारदातका बारेमा खबर गरेको र निज धनगढीबाट घर आइपुग्दा केही समय लाग्ने नै हुन आउँछ। त्यस्तै गाउँमा रहेको घरबाट

सदरमुकामसम्म जाहेरी दिन आउन पनि समय लाग्ने नै हुन्छ । यो समयलाई समेत विचार गर्दा जाहेरी दिन केही समय लाग्नुलाई अस्वाभाविक मान्न सकिँदैन । त्यसैले तत्काल जाहेरी नदिई ६ दिनपछि मात्र जाहेरी दिएको भन्ने आधारमा प्रतिवादीलाई कसुरदार होइन भन्न नमिल्ने ।

पीडित 'बि' कुमारीले अदालतमा करणी गरेको भन्न नसके पनि निजले अदालतमा आफूलाई पल्टाई आफूमाथि चढी दुध समाती मलेको भन्ने कुरालाई अदालतमा समेत लेखाइदिएको पाइन्छ । निजको आफूलाई पुनरावेदक / प्रतिवादीले जबरजस्ती करणी गरेको भन्ने जाहेरी बेहोरा र सोही बेहोरासँग मिल्ने भिड्ने गरी अनुसन्धानमा गरिदिएको कागजको बेहोरा अन्य प्रमाणबाट समेत समर्थित भइरहेको अवस्थामा निजको सो बेहोरालाई अन्यथा मान्न सकिँदैन । निज 'बि' कुमारी १५ वर्षको मात्रै बालिका रहेकोले विधिशास्त्रीय दृटिकोणले समेत निज कुरा सोचेर बोल्न सक्ने अवस्थाको हुने देखिँदैन र स्वभावैले दिमागको चञ्चलताका कारण त्यस्तो बालबालिकामा केही समयको अन्तरालमा केही कुरा भन्दा पहिला भनेको भन्दा केही फरक पर्ने नै देखिन आउँछ । त्यसमा पनि मानसिक अवस्था कमजोर (सुस्त मनस्थिति) रहेको भनिएकी यी पीडितको सोही कारणबाट पनि केही फरक परेको हुनसक्ने देखिन आउँछ। अदालत र अनुसन्धानको भनाइमा त्यति ठूलो तात्विक फरक पनि देखिँदैन । त्यसैले यही आधारमा मात्र करणी भएको होइन रहेछ भन्न नसकिने ।

किटानी जाहेरी दरखास्त, करणी गरिएको भनिएको स्थानमा ससाना घाँसका बुट्टाहरू भाँचिएका र माटो खोस्रिएको भन्ने घटनास्थल मुचुल्का, निज 'बि' कुमारीलाई योजनाबद्ध तरिकाले करणी गरेको नभई एकान्त जङ्गलमा एक्लै देख्दा करणी गर्ने इच्छा जागी उक्त कार्य मबाट भएको हो भन्ने पुनरावेदक / प्रतिवादीको अनुसन्धानको साबिती बयान, पीडितको शारीरिक परीक्षणको प्रतिवेदन, पीडित 'बि' कुमारीले अनुसन्धान अधिकारीसमक्ष गरेको कागज साथै करणी भएको बेहोरालाई समर्थन हुने गरी मौकामा बुझिएका व्यक्तिहरूले मौकामा र अदालतसमेतमा लेखाइदिएको जस्ता मिसिल संलग्न कागज प्रमाणबाट यी पुनरावेदक प्रतिवादी विष्णुप्रसाद भट्टले हाडनाताभित्र पर्ने निज पीडित 'बि' कुमारीलाई जबरजस्ती करणी गरेको देखिन आएकोले उच्च अदालतबाट भएको फैसलालाई अन्यथा भन्न नसकिने ।

अत: उपर्युक्त विवेचित आधार, प्रमाण तथा कारणबाट सुरू बैतडी जिल्ला अदालतबाट पुनरावेदक प्रतिवादीलाई कसुरदार ठहऱ्याई सजाय गर्ने गरी मिति २०७१।११।२० मा भएको फैसला सजायको हकमा मिलेकै देखिएकोले सो हदसम्म सदर हुने र पुनरावेदक प्रतिवादीको आर्थिक हैसियतसमेतलाई हेरी विचार गर्दा जबरजस्ती करणीको १० नं. बमोजिम पीडितलाई क्षतिपूर्तिबापत यी पुनरावेदक प्रतिवादीले रू.१०,०००।- (अक्षरूपी दश हजार मात्र) दिनुपर्ने ठहऱ्याई उच्च अदालत, दिपायल, महेन्द्रनगर इजलासबाट मिति २०७३।८।२७ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: यदुराज शर्मा

कम्प्युटर: सिजन रेग्मी

इति संवत् २०७४ साल चैत २० गते रोज ३ शुभम् ।

इजलास नं. ११

१

मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री अनिलकुमार सिन्हा, ०७०-CR-०४६२, अपहरण तथा शरीर बन्धक, *नेपाल सरकार वि. मोहम्मद आदम राइन कवारी*

प्रतिवादी आदम राइन कवारीसमेतले आफूलाई मोटरसाइलमा राखी अपहरण गरेको र

रू.३५,०००।- फिरौती लिई अपहरणमुक्त गरेका हुन् भनी मौकामा पीडितले बकपत्र गरेको पाइन्छ । निज पीडितले सोही बेहोरालाई कायम राखी अदालतसमक्ष समेत बकपत्र गरेको पाइने ।

जाहेरवाली मदिना खातुनले आफ्नो छोरी नइमा खातुनलाई प्रतिवादी आदम राइन कवारीले अपहरण गरी शरीरबन्धक बनाई रू.१,००,०००।- फिरौती मागेकोमा आफूले रू.३५,०००।- फिरौती दिई छोरीलाई अपहरणमुक्त गराएको हो भनी अदालतसमक्ष बकपत्र गरेको पाइन्छ । वस्तुस्थिति मुचुल्कामा कागज गर्ने मानिस लोटन दासले प्रतिवादी आदम राइनले मोटरसाइकलमा राखी पीडितलाई अपहरण गरेको आफूले देखेको र फिरौती रकम दिँदा आफूसमेत गई रू.३५,०००।- फिरौती दिएको भनी अदालतमा बकपत्र गरेको पाइने ।

सुरू धनुषा जिल्ला अदालतबाट प्रतिवादी आदम राइन कवारी भन्ने मोहम्मद आदम राइन कवारीलाई मुलुकी ऐन, अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको ३, ७ र १२ नं. अनुसार १० वर्ष कैद र जरिवाना रू.३५,०००।- हुने, प्रतिवादीले पीडितलाई क्षतिपूर्ति स्वरूप रू.१०,०००।- दिनुपर्ने र फिरौती रकम रू.३५,०००।- समेत जाहेरवालीलाई फिर्ता दिनुपर्ने ठहर भई फैसला भएको देखिन्छ । सुरू धनुषा जिल्ला अदालतको सो फैसलामा कैद र जरिवानाको हकमा मात्र केही उल्टी भई पुनरावेदन अदालत, जनकपुरबाट फैसला भएको पाइन्छ । सुरू अदालतबाट सोही महलको १२ नं. बमोजिम प्रतिवादीबाट फिरौती रकम रू.३५,०००।- जाहेरवालीलाई फिर्ता हुने र पीडितलाई रू.१०,०००।- क्षतिपूर्ति दिनुपर्ने ठहर भई सुरू अदालतको फैसलाअनुसारको फिरौती रकम र क्षतिपूर्ति यथावत् कायम रहेको देखिन्छ । पुनरावेदन अदालत, जनकपुरबाट कसुरको मात्रालाई विचार गरी सुरू धनुषा जिल्ला अदालतको फैसलामा कैद र जरिवानाको हदसम्म मात्र केही उल्टी भई प्रतिवादी आदम राइन कवारी भन्ने मोहम्मद आदम राइन कवारीलाई मुलुकी ऐन, अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको ३ नं. बमोजिम ७ वर्ष कैद र रू.५०,०००।- जरिवाना हुने साथै सोही महलको ७ नं. बमोजिम २ वर्ष कैद थप हुने ठहर भई भएको फैसला अन्यथा भन्न मिलेन । वादी नेपाल सरकारको पुनरावेदन जिकिर तथा विद्वान् उपन्यायाधिवक्ताको बहस जिकिरसँग सहमत हुन नसकिने ।

अतः सुरू धनुषा जिल्ला अदालतबाट भएको फैसलामा कैद र जरिवानाको हकमा मात्र केही उल्टी भई प्रतिवादीलाई मुलुकी ऐन, अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको ३ नं. बमोजिम ७ वर्ष कैद र रू.५०,०००।- जरिवाना हुने साथै ऐ.महलको ७ नं. बमोजिम २ वर्ष कैद थप हुने ठहर भई पीडितले भरी पाउने क्षतिपूर्ति रू.१०,०००।- र फिरौती रकम रू.३५,०००।- को हकमा सुरू फैसला यथावत् नै रहेकोले पुनरावेदन अदालत, जनकपुरबाट मिति २०६८।१२।१ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: कालिबहादुर साम्यु लिम्बू

इति संवत् २०७५ साल भदौ १७ गते रोज १ शुभम् ।

२

मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री प्रकाशमान सिंह राउत, ०७०-CR-१६८३, वैदेशिक रोजगार कसुर, *शंकरकुमार खत्री वि. नेपाल सरकार*

प्रतिवादी शंकरकुमार खत्रीले जाहेरवालाहरूबाट मैले पैसा बुझेको छैन जाहेरवालाहरूले लिखतमा पैसा बुझाएको भनिएको मिति २०६८।४।१२ र ऐ.२३ मा म दुबईमा छु । तसर्थ मलाई पैसा बुझाउने अवस्था नै छैन भनी बयान गरेको देखिए तापनि प्रतिवादी दुबईमा रहकै अवस्थामा जाहेरवालाहरूको रकम कुमार नेपालीले निजको नाउँमा पठाइदिएको र सो रकम निजले बुझिलिई नेपाल फर्किआएपछि मात्र मिति २०६८।४।१२ मा

रू.३,००,०००।- र ऐ.२३ मा रू.४,००,०००।- समेत कुल ७,००,०००।- (सात लाख रूपैयाँ) पैसा बुझेको बेहोरा साँचो हो र आज २०६८।७।२६ का मितिले तपाइँहरूलाई १ महिनाभित्र अफगानिस्तानमा पठाई काममा लगाउने छु भन्ने वैदेशिक रोजगारको कागज गरिदिएको देखिन्छ । जाहेरी परेपछि आफ्नो बयानमा जाहेरवालाहरूलाई लिखतमा उल्लिखित रकममध्ये समय पाएमा रू. ४,००,०००।- (चार लाख) २ महिनाभित्रमा फिर्ता गर्न तयार छु भनी बयान गरेबाट यी प्रतिवादीको जाहेरवालाहरूसँग व्यवहार भएको देखियो । निजले उक्त कागज जबरजस्ती गराएको भनी जिकिर लिएको भएपनि सो लिखत कागजउपर कुनै निकायमा उजुरसमेत गरेको देखिँदैन । सोबाट उक्त कागज पुनरावेदकले जिकिर लिएजस्तो डरधाकको कारणले मात्र तयार भएको हो भनी मान्न नमिल्ने ।

प्रतिवादी इजाजतप्राप्त वैदेशिक रोजगार व्यवसायी नभएको भन्ने कुरा निज स्वयम्को बयानबाट देखिन्छ । तथापि यी प्रतिवादीले जाहेरवालाहरूलाई बिना इजाजत वैदेशिक रोजगारमा अफगानिस्तान पठाइदिन्छु भनी झुठो आश्वासन दिई प्रलोभनमा पारी वैदेशिक रोजगारको कागज गरी वैदेशिक रोजगारमा नपठाई रकमसमेत फिर्ता गरेको नदेखिएको तथ्य स्थापित हुन आउने ।

पीडितहरूको किटानी जाहेरी, मौकामा प्रतिवादीले गरिदिएको लिखत प्रमाण तथा जाहेरवालाहरूको बकपत्रसमेतका उल्लिखित विवेचित तथ्य प्रमाण तथा कानूनसमेतको आधारमा प्रतिवादी शंकरकुमार खत्रीले वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ विपरीतको कसुर गरेको पुष्टि हुन आएको देखिने ।

अतः प्रतिवादी शंकरकुमार खत्रीले आरोपित कसुर गरेको देखिएकोले प्रतिवादीलाई वैदेशिक रोजगार ऐन, २०६४ को दफा ४३ बमोजिम १।६।० (एक वर्ष छ महिना) कैद र रू.१,५०,०००- (एक लाख पचास हजार) रूपैयाँ जरिवाना हुने ठहऱ्याई अभियोग माग दाबीबमोजिम जाहेरवालाहरू दिपक परियार र भिमबहादुर नेपालीले हर्जानासमेतको बिगो रू.१०,५०,०००।- (दश लाख पचास हजार रूपैयाँ) प्रतिवादी शंकरकुमार खत्रीबाट भरी पाउने ठहऱ्याई वैदेशिक रोजगार न्यायाधिकरण काठमाडौंले मिति २०७०।८।२४ मा गरेको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः टेकराज जोशी

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७५ साल जेठ १४ गते रोज २ शुभम् ।

३

मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री प्रकाशमान सिंह राउत, ०७१-CR-१४२९, लागु औषध खैरो हेरोइन, *राकेश नायक वि. नेपाल सरकार*

पुनरावेदक प्रतिवादी राकेश नायकको साथबाट लागु औषध बरामद भएको बरामदी मुचुल्काबाट देखिँदैन । सहप्रतिवादी विशाल श्रेष्ठको अण्डरवेयरभित्र लुकाई ल्याएको अवस्थामा ३५ ग्राम लागु औषध खैरो हेरोइन बरामद भएको बरामदी मुचुल्कासमेतबाट देखिन्छ । एक प्रतिवादीबाट बरामद भएको लागु औषधमा सहप्रतिवादीलाई समेत कसुरदार ठहर गर्न सो लागु औषधको कसुरमा निजको समेत संलग्नता रहेको देखिनु पर्दछ । सहप्रतिवादीको साथमा अवैध लागु औषध रहेको थाहा जानकारी हुँदाहुँदै सँगसाथ लागी हिँडेको भन्ने नदेखिएको अवस्थामा कसुरदार ठहर गर्नु न्यायको रोहमा उचित हुँदैन । प्रतिवादी विशाल श्रेष्ठले जुन तौरतरिकाबाट अण्डरवेयरभित्र लुकाई छिपाई लागु औषध ल्याएको भन्ने बरामदी मुचुल्काबाट देखिन्छ सो लागु औषधको बारेमा पुनरावेदक प्रतिवादी राकेश नायकले थाहा जानकारी पाउन सक्ने स्थिति अवस्था देखिन नआउने ।

अधिकारप्राप्त अधिकारीसमक्ष पुनरावेदक

प्रतिवादीले साबिती बयान गरेको भए तापनि अदालतमा बयान गर्दा उक्त बरामदित लागु औषधको बारेमा पूर्ण अनभिज्ञता प्रकट गरी इन्कारी बयान दिएका छन् । सहप्रतिवादी विशाल श्रेष्ठले मौकामा अधिकारप्राप्त अधिकारीसमक्षको बयानमा सम्म पुनरावेदक राकेश नायकलाई समेत पोल गरेको भए तापनि अदालतमा गरेको बयानमा आफ्नो साथबाट सो लागु औषध खैरो हेरोइन बरामद भएकोमा साबित भए पनि आफूबाट बरामद भएको लागु औषधमा यी पुनरावेदक प्रतिवादी राकेश नायकको समेत संलग्नता रहेको भनी पोल गरी बयान गरेको देखिँदैन । प्रतिवादीहरूको मौकाको अधिकारप्राप्त अधिकारीसमक्षको बयानबाहेक यी प्रतिवादी राकेश नायकसमेत सो लागु औषधको कसुरमा संलग्न रहेको भनी पुष्टि हुने कुनै पनि प्रमाण अभियोजन पक्षले पेस गर्न सकेको देखिँदैन । केवल प्रतिवादीहरू दुवैजनाको बसोबास एकै स्थानमा रहेको र एकैसाथ पक्राउ परेको भन्ने मात्र आधारमा यी पुनरावेदक प्रतिवादीको समेत कसुरमा संलग्नता पुष्टि भएको मान्न नमिल्ने ।

अत: पुनरावेदक प्रतिवादी राकेश नायकको साथबाट लागु औषध बरामद नभएको, सहप्रतिवादी विशाल श्रेष्ठको साथबाट बरामद भएको लागु औषधमा पुनरावेदक प्रतिवादीको संलग्नता रहेको प्रमाणबाट पुष्टि हुन आएको नदेखिँदा सुरू पर्सा जिल्ला अदालतले प्रतिवादी राकेश नायकलाई सफाइ दिने गरी गरेको फैसला केही उल्टी गरी लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१)(छ)(२) बमोजिम १० वर्ष कैद र रू.७५०००।- जरिवाना गर्ने गरी पुनरावेदन अदालत, हेटौंडाबाट मिति २०७१।७।१८ मा भएको फैसला मिलेको नदेखिँदा केही उल्टी भई निज पुनरावेदक प्रतिवादी राकेश नायकले आरोपित कसुरबाट सफाइ पाउने ।

इजलास अधिकृतः दुर्गाप्रसाद भट्टराई

इति संवत् २०७४ साल असोज २५ गते रोज ४ शुभम् ।

४

मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री टंकबहादुर मोक्तान, ०७०-CR-१२४२, अपहरण तथा शरीर बन्धक, *बनारसी महतो केवटसमेत वि. नेपाल सरकार*

मिसिल संलग्न प्रमाण कागजातहरूबाट प्रतिवादीमध्येका बनारसी महतोको घरमा अपहरण गर्ने योजना बनाइएको र अपहरण गरेपछि निज पीडितलाई सोही घरमा राखिएको अवस्था देखिन्छ। उक्त वारदातमा अर्का प्रतिवादी छोटेलाल भगत मालीको जिम्मेवारी भनेको पीडितलाई भारतबाट नेपालसम्म ल्याउने र अपहरितको परिवारसँग सम्पर्कमा रहने व्यक्तिको रूपमा देखिन्छ। अपहरित व्यक्तिलाई बनारसी महतोको घरमा पुऱ्याएपछि निजको रखवारी गरी भाग्न उम्कन नदिने व्यक्तिको भूमिका प्रतिवादी जग मियाँको रहेको देखिन्छ । यसरी प्रतिवादीहरूउपर किटानी जाहेरी रहेको, २ जना प्रतिवादीहरूलाई वारदातस्थलबाट नै पक्राउ गरिएको र अर्का प्रतिवादी जसको घरमा अपहरण पीडितलाई राखिएको थियो, निज तत्काल घरमा नरहेको कारण पक्राउ पर्न नसकेको, बरामदी घटनास्थल मुचुल्का तयार पार्ने एवम् प्रतिवेदकले अदालतसमक्ष आई अभियोग दाबीलाई समर्थन हुने गरी बकपत्र गरिदिएको, अनुसन्धान अधिकारीसमक्ष प्रतिवादीहरू साबिती रही बयान गरेको स्थितिमा अपहरण गर्ने भनी आरोपित गरिएका प्रतिवादीहरू अन्य मिसिल संलग्न प्रमाणहरूबाट कसुरदार होइनन् भनी भन्न मिल्ने अवस्था देखिने ।

अतः प्रतिवादीहरू जग मियाँ, छोटेलाल भगत, बनारसी महतो केवटसमेतले जाहेरवाला पीडित प्रकाश कुमारलाई नेपालको बारा जिल्लाको स्टिल फैक्ट्रीमा काम गर्नको लागि भनी मिति २०६४।४।२७ मा भारतबाट नेपाल सरहदभित्र ल्याई मिति २०६७।५।४ सम्म प्रतिवादी बनारसी महतो केवटको घरमा बन्धक बनाएको पुष्टि हुन आएको देखिँदा निज प्रतिवादीहरूले

मुलुकी ऐन, अपहरण तथा शरीर बन्धक लिनेको महलको १ र २ नं. अनुसारको कसुर अपराध गरेको र उक्त कसुर दुईजनाभन्दा बढी प्रतिवादीहरू मिली संगठितरूपमा गरेको देखिन आएकोले सोही महलको ७ नं. बमोजिमको थप सजाय हुनेसमेत देखिने।

प्रतिवादी छोटेलाल भगत माली र जग मियाँलाई मौकामा पक्राउ गरी घटनास्थल तथा बरामदी मुचुल्कासमेत तयार गर्ने प्रतिवेदक प्रहरी निरीक्षक सन्तुलाल जैसवारले मौकाको बरामदी मुचुल्का एवम् प्रतिवेदनलाई पुष्टि गर्दै बकपत्र गरी दिएको देखिन्छ। पीडित प्रकाशकुमार, मौकामा कागज गर्ने रमनजित कुमार वैठा तथा वस्तुस्थिति मुचुल्काका व्यक्तिहरूले यी प्रतिवादीहरूले आरोपित कसुर गरेको हो भनी मौकामा लेखाई दिएको र पीडितलाई बन्धक बनाइराखेको वारदात स्थलबाट नै प्रतिवादीहरू पक्राउ परेको अवस्थाले यिनै प्रतिवादीहरूले पीडित प्रकाश कुमारलाई अपहरण गरी बन्धक बनाएको वारदात पुष्टि भइरहेकै छ। जाहेरवाला, मौकामा कागज गर्ने रमनजित कुमार बैठा एवम् वस्तुस्थिति मुचुल्काका अधिकांश व्यक्ति भारतीय नागरिक भएकाले निजहरू नेपालको अदालतमा आई बकपत्र गर्नको लागि सहज र सरल प्रक्रिया रहेको पाइँदैन । यस अवस्थामा जाहेरवाला एवम् वादी पक्षका साक्षीहरू अदालतमा बकपत्र गर्न आएनन् भन्ने कुराले मात्र अपहरणजस्तो गम्भीर र विशेष प्रकृतिको मुद्दामा सफाइ पाउने एक मात्र आधार बन्न नसक्ने।

प्रतिवादीहरूको अनुसन्धान अधिकारीसमक्षको साबिती बयानलाई अन्य स्वतन्त्र प्रमाण कागजातहरूबाट शृङ्खलाबद्ध रूपमा पुष्टि र समर्थन भइरहेकोले मिसिल संलग्न समग्र प्रमाणहरूको विवेचना र मूल्याङ्कन गरी न्याय निरूपण गर्नु वाञ्छनीय हुन्छ। यसैअनुरूप हाम्रो न्यायिक अभ्यास एवम् पद्वति र परिपाटीसमेत रहेको अवस्था छ । माथि विवेचित आधार कारणहरूबाट यी प्रतिवादीहरू माथिको अभियोग दाबी अन्य प्रमाणहरूबाट स्थापित भइरहेको स्थितिमा मौकामा व्यक्त कुराहरू पुष्टि गर्न अदालतसमक्ष उपस्थित नभएकोले आफूहरूले सफाइ पाउनु पर्ने भन्ने पुनरावेदक प्रतिवादीहरूको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

छुटकारा रकम (फिरौती) सम्बन्धमा हेर्दा, सो रकम नेपालभित्र नभई भारतमा लिनु दिनु गरेको भन्ने मौकाको जाहेरी र प्रतिवादीहरूको बयानमा उल्लेख छ। तर सो तथ्य पुष्टि हुने भरपर्दो प्रमाण भने पेस भएको मिसिलबाट देखिँदैन । यदि वादी दाबीको उक्त रकम लेनदेन भएको भए अनुसन्धानको क्रममा सो रकम सम्बन्धमा आवश्यक अन्य प्रमाण संकलित हुन सक्ने अवस्था रहन्थ्यो । साथै फिरौती भनी दाबी गरिएको रकम बरामद भएको भन्ने कहिँकतैबाट देखिँदैन। यस्तो अवस्थामा छुटकारा रकम (फिरौती) समेत लिने दिने कार्य भएको थियो भन्ने जाहेरी दरखास्त तथा मौकाको कागजमा उल्लेख भएको कारणले मात्र सो तथ्य पुष्टि हुने अन्य प्रमाणको अभावमा फिरौती रकमतर्फको वादी दाबी प्रमाणित हुनसक्ने अवस्था नरहने।

प्रतिवादीहरूमध्ये बनारसी महतो केवटको घरमा अपहरित प्रकाशकुमारसहित प्रतिवादीहरू जग मियाँ र छोटेलाल भगत माली फेला परेको भन्ने खानतलासी बरामदी मुचुल्का, निज प्रतिवादीहरू विरूद्धको किटानी जाहेरी, पीडितका भिनाजु रमनजितकुमार बैठाको मौकाको कागज, वस्तुस्थिति मुचुल्का, प्रतिवेदक प्रहरी निरीक्षक सन्तुलाल जैसवारको प्रहरी प्रतिवेदन एवम् अदालतसमक्षको बकपत्र, प्रतिवादीहरूको मौकाको साबिती बयान तथा प्रतिवादीहरूको अदालतसमक्ष इन्कारी बयानसमेत प्रमाणहरूबाट प्रतिवादीहरू बनारसी महतो केवट, जग मियाँ र छोटेलाल भगत मालीले अभियोग दाबीबमोजिम मुलुकी ऐन, अपहरण तथा शरीर बन्धक लिनेको महलको १, २ र ७ नं. अनुसारको कसुर अपराध गरेको देखिँदा निज प्रतिवादीहरूलाई सोही ऐन, महलको

३ र ७ नं. बमोजिम कैद सजायको हकमा जनही ९ वर्ष सजाय गर्ने गरेको सुरू पर्सा जिल्ला अदालतको फैसलालाई सदर गरेको पुनरावेदन अदालत, हेटौंडाको फैसला मिलेकै देखिँदा अन्यथा गरिरहनु पर्ने नदेखिने।

प्रतिवादीहरूले जाहेरवालाबाट भा.रू.२,३२,०००।- छुटकारा रकम (फिरौती) बापत लिए खाएको भन्ने अभियोग दाबी पुष्टि हुन नसकेकोले सुरू पर्सा जिल्ला अदालत एवम् पुनरावेदन अदालत, हेटौंडाले उक्त रकमको हुने नेपाली रू.३,७१,२००।- जाहेरवालालाई भराई सोही रकम बराबर जरिवानासमेत हुने ठहर गरी भएको फैसला सो हदसम्म मिलेको देखिन आएन। अब, जरिवाना तथा क्षतिपूर्ति सम्बन्धमा यी पुनरावेदन प्रतिवादीहरूलाई जनही रू.५०,०००।- जरिवाना गरी जाहेरवालाले ७ दिनसम्म भोग्नु परेको शारीरिक, मानसिक पीडा एवम् तनावसमेतलाई विचार गर्दा पीडित जाहेरवालालाई प्रतिवादीहरूबाट दामासाहीले ऐ. को १२ नं. बमोजिम रू.१,००,०००।- (एक लाख) क्षतिपूर्ति भराइदिनु मनासिब देखिने।

अतः माथि विवेचित आधार प्रमाणबाट प्रतिवादीहरू जग मियाँ, छोटेलाल भगत, बनारसी महतो केवटसमेतलाई पुनरावेदन अदालत, हेटौंडाले निज प्रतिवादीहरूलाई मुलुकी ऐन, अपहरण तथा शरीर बन्धक लिनेको महलको ३ र ७ नं. बमोजिम जनही ९ वर्ष कैद र बिगो रू.३,७१,२००।- बराबर रकम दामासाहीले जरिवाना भई सोही रकम बराबर प्रतिवादीहरूबाट पीडितले क्षतिपूर्तिसमेत भराइ पाउने गरी भएको फैसला केही उल्टी भई प्रतिवादीहरू जग मियाँ, छोटेलाल भगत, बनारसी महतो केवटलाई ऐ.को ३ र ७ नं. बमोजिम जनही ९ वर्ष कैद र रू.५०,०००।- जरिवाना भई ऐ.को १२ नं. बमोजिम जाहेरवालाले प्रतिवादीहरूबाट दामासाहीले रू.१,००,०००।- (एक लाख) क्षतिपूर्तिसमेत भराई पाउने।

इजलास अधिकृतः कल्याण खड्का

इति संवत् २०७५ साल साउन २८ गते रोज २ शुभम्।

इजलास नं. १२

१

मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री अनिलकुमार सिन्हा, ०६७-CI-१३९७, खिचोला मेटाई पाऊँ, *भक्तराज कर्णिकारसमेत वि. कदम प्रधान*

अड्डा अदालतबाट भएको फैसला अन्तिम भएको अवस्थामा त्यसको कार्यान्वयन सम्बन्धित पक्षले आफैँले स्वस्फूर्त रूपमा गर्न सक्ने र सो नगरेमा कानूनको प्रक्रिया अपनाई सम्बन्धित अड्डा अदालतका निकायको माध्यमबाट त्यसको कार्यान्वयन गर्नु गराउनु पर्दछ। यस्तो कानूनको प्रक्रिया (Due Process of Law) अपनाई गरिनु पर्ने कार्यलाई व्यक्तिहरूले समूह बनाई आफ्नै बल प्रयोग गरी कार्यान्वयन गर्ने छुट प्रचलित कानूनले कसैलाई दिँदैन। यस्तो छुट दिएमा समाजमा विधिको शासन नभई भिडको शासनले प्रश्रय पाउन जान्छ, जो कानूनी राज्यको मान्य सिद्धान्तसँग मेल नखाने।

कानूनबमोजिम जग्गा प्राप्तिसम्बन्धी प्रक्रिया अपनाई वा स्वेच्छाले जग्गा दिएको अवस्थामा बाहेक कसैको जोर जबरजस्तीमा बाटोको लागि जग्गा छाड्न पर्ने बाध्यता रहँदैन। यस्तो भिडकै कारण बाटोको नाममा जग्गा छाड्नुपर्ने बाध्यता हुन गएमा कानूनको शासनको उपहास हुन जाने।

वादीले खिचोला मेटाई पाउँ भनी लिएको दाबीको जग्गा प्रतिवादीहरूले व्यक्तिगत रूपमा अतिक्रमण गरी प्रयोग गरेको देखिन आउँदैन। सो खिचोला गरेको भनी दाबी लिएको जग्गा बाटोको लागि छुट्ट्याई सार्वजनिक रूपमा प्रयोग भएको भन्ने देखिए पनि पर्खाल भत्काइएबाट वादीको सम्पत्ति नोक्सान भएको पनि देखिन्छ। तर नगरपालिकाको निर्णयले पर्खाल भत्काउने ठहर भएकोमा निर्णय तहतह फैसला भई अन्तिम भई बसेको अवस्थासमेत रहेको छ। यी

प्रतिवादीहरूले वादीको जग्गा खिचोला गरेको तथ्य प्रमाणित नभई वादी दाबी नपुगेको र यिनै प्रतिवादी पुनरावेदकहरूले नै सो जग्गाको कम्पाउण्डवाल भत्काएको भनी प्रमाणित हुन नसकेको अवस्थामा सोबापतमा प्रतिवादीहरूबाट वादीलाई रू. २ लाख क्षतिपूर्ति भराउने गरी फैसला गर्दा क्षतिपूर्ति दिनुपर्ने कानूनी र न्यायिक आधारसमेत पुनरावेदन अदालतको फैसलामा खुलेको देखिँदैन । यस अवस्थामा क्षतिपूर्ति भराउने ठहर गरेको हदसम्म पुनरावेदन अदालतको फैसला मनासिब देखिन नआउने ।

अतः माथि विवेचित आधार कारणबाट ललितपुर जिल्ला अदालतको मिति २०६२।३।१६ को फैसला केही उल्टी गरी वादीले प्रतिवादीबाट क्षतिपूर्तिबापत रू.२ लाख भराई दिने ठहऱ्याएको पुनरावेदन अदालत, पाटनको मिति २०६७।६।१७ को फैसला सो हदसम्म मिलेको नदेखिँदा उल्टी हुने ।

इजलास अधिकृत: ढाकाराम पौडेल

इति संवत् २०७५ साल भदौ १३ गते रोज ४ शुभम् ।

२

मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री अनिलकुमार सिन्हा, ०६८-CI-०७६५, घरको दिवाल छाना उठाई जग्गा खिचोला चलन, *सोनेलाल राय वि. प्रमोद राय*

स्रेस्ताबाट प्रत्यर्थी प्रतिवादीको कि.नं. ५४० को जग्गाको क्षेत्रफल ०-२-४-० र पुनरावेदक वादीको कि.नं. ५४१ को समेत क्षेत्रफल ०-२-४-० रहेको देखिन्छ । विवादित कि.नं. ५४० बाट कित्ताकाट गरी नयाँ कित्ता नं. ९५५ को क्षेत्रफल ०-१-११ (एक कठ्ठा एघार धुर) जग्गा हालैको बकसपत्र गरी यी प्रत्यर्थी प्रतिवादी प्रमोद रायले प्राप्त गरेको देखिन्छ । सुरू अदालतका आदेशले मिति २०६५।४।२१ मा भएको विवादित जग्गाको नाप नक्सा मुचुल्का हेर्दा न.नं. १ र २ झगडा परेको जग्गा भन्ने उल्लेख भएको र त्यसमा क्रमशः ०-०-२-३ र ०-०-४-० क्षेत्रफल रहेको देखिन्छ । वादीको कि.नं. ५४१ को न.नं. ४ को क्षेत्रफल ०-१-१९-१४ र प्रतिवादीको कि.नं. ५४० को न.नं. ३ को क्षेत्रफल ०-२-२-७ रहेको देखिन्छ । सो नक्साबाट वादीको स्रेस्ताअनुसारको जग्गामा ४ धुर ६ कनवा नपुग देखिन आउँछ । विवादित न.नं. को ०-०-२-३ र न.नं. २ को ०-०-४-० समेतलाई प्रतिवादीको न.नं. ३ मा देखिएको ०-२-२-७ मा जोडी हेरिएमा कुल क्षेत्रफल ०-२-८-१० हुन आउँछ । यसरी स्रेस्ताबाट प्रतिवादीको कि.नं. ५४० को ०-२-४-० भन्दा विवादित न.नं. १ र २ जोड्दा ०-०-४-१० बढी देखिन आयो । बराबर जग्गाको स्रोत रहेको अवस्थामा स्रेस्ताभन्दा वादीको जग्गा कम देखिनु र प्रतिवादीको जग्गा बढी देखिएबाट स्वतः नै वादीको जग्गा खिचोला भएको प्रमाणित हुन्छ । अब कति जग्गा खिचोला भयो भन्ने सम्बन्धमा विचार गर्दा, विवादित न.नं.२ को जग्गामा ४ धुर जग्गा देखिएकोले सो जग्गा वादीकै देखिने र न.नं. १ मध्ये २ कनवा जग्गा घटाउँदासमेत प्रतिवादीको जग्गाको क्षेत्रफल पुग्ने देखिँदा न.नं.१ मध्येको २ कनवा जग्गासमेत प्रतिवादीले खिचोला गरेको भनी सुरू अदालतले गरेको फैसलामा यी वादीले चित्त बुझाई बसेको देखिने ।

अतः माथि विवेचित आधार कारणबाट वादी दाबी नपुग्ने ठहर गरेको पुनरावेदन अदालत, जनकपुरको मिति २०६८।३।५ को फैसला उल्टी भई सर्लाही जिल्ला अदालतबाट २०६५।९।२२ मा ४ धुर २ कनवा जग्गा खिचोला गरेको ठहर गरी भएको सुरू फैसला सदर हुने ।

इजलास अधिकृत: ढाकाराम पौडेल

इति संवत् २०७५ साल भदौ १३ गते रोज ४ शुभम् ।

इजलास नं. १३

१

मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या. श्री प्रकाशमान सिंह राउत, ०७५-WH-००३४,

बन्दीप्रत्यक्षीकरण, मोहनबहादुर कार्कीसमेत वि. प्रधानमन्त्री, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत

निवेदकहरूको नेपालको संविधानको धारा २० को उपधारा (३) बमोजिम थुनामा राखिएको भन्न सकिने अवस्था नदेखिँदा धारा १६ र धारा १७(१) द्वारा प्रत्याभूत हकको पनि उल्लङ्घन हुन गएको देखियो । निवेदकहरू मिति २०७५।४।१० देखि छाडिएको भनिएको समयबाहेक लगातार प्रहरी हिरासतमा रहेको देखिन्छ । यसरी आफ्नो प्रहरी हिरासतमा रहेको व्यक्ति विरूद्ध के कस्तो फौजदारी कसुरको आरोपहरू छन् सबैका बारेमा राज्यले एकै पटक हेर्नु र बुझ्नु पर्ने हुन्छ । वस्तुतः फौजदारी कसुरमा राज्यले अनुसन्धान गर्न नै नपाउने भन्ने हुँदैन न त राजनीतिक आवरणमा फौजदारी कसुर गर्न छुट कसैलाई रहने नै हुन्छ । कुरा यतिसम्म हो कि निवेदकहरू प्रहरी हिरासतमा छन् भने एकैपटक समानान्तर रूपमा मुद्दाको अनुसन्धान गर्नुपर्ने हुन्छ । एउटा मुद्दाबाट अदालतको आदेशले छुटेपछि अदालतको आदेशलाई सम्मान नगरी पुनः पक्राउ गर्दा प्रवृत्त भावना राखियो कि भन्ने पश्न उठछ । यसरी प्रश्न उठ्ने गरी भएका कार्य संविधानले अङ्गीकार गरेको विधिको शासनअनुकूल हुने नदेखिने ।

अतः माथि उल्लिखित आधार कारणहरूबाट यी निवेदकहरूलाई मिति २०७५।५।२५ मा यस अदालतबाट बन्दीप्रत्यक्षीकरणको आदेश जारी भएपछि सोही दिन पक्राउ गरेको कुरा स्वीकार गरिएकोबाट यथार्थमा यी निवेदकहरूलाई थुनाबाट मुक्त गरिएको रहेनछ भनी बुझ्नुपर्ने हुन आयो । त्यसरी पक्राउ गर्दा एकपटक म्याद थप गरी त्यसपछि म्याद थप गरेको नदेखिँदा थुना गैरकानूनी देखियो । यसरी यी निवेदकलाई गैरकानूनी तवरले प्रवृत्त भावना राखी थुनामा राखेको कार्यलाई कानूनसम्मत भन्न र मान्न मिल्ने नदेखिँदा सर्वोच्च अदालत, नियमावली, २०७४ को नियम ३७(१) बमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी थुनाबाट मुक्त गरिदिने ।

इजलास अधिकृत: डोलनाथ न्यौपाने

कम्प्युटर: पद्मा आचार्य

इति संवत् २०७५ साल असोज ५ गते रोज ६ शुभम् ।

२

मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री प्रकाशमान सिंह राउत, ०७०-CR-१३५०, वन पैदावार चोरी निकासी, नेपाल सरकार वि. बुद्धिमान थोकर

मनहरी पुलनजिक रातको ४ बजेको समयमा ना.२ ख. ८२०६ नं. को ट्रकमा अवैध सालको चिरान काठ थान १६४ को १७७.८७ क्यू. फिट बरामद भएको देखिन्छ । जफत भएको अवैध सालको काठ ओसारपसार गर्न पाउने कुनै पुर्जी यी प्रतिवादी बुद्धिमान थोकरसँग रहेको देखिँदैन । कोदो लोड गर्न भनी २ जना नचिनेका व्यक्तिले भनेका र सोअनुसार भाडादर रू. १८००।– पनि तय भएको अवस्थामा डर, त्रास देखाई जबरजस्ती रूपमा कोदोको सट्टा काठ लोड गराएका हुन् भन्ने प्रतिवादीको जिकिर रहे पनि नचिनेका भनिएका व्यक्ति २ जना भएको र ट्रकमा पनि चालक यी प्रतिवादी बुद्धिमान थोकर र खलासी राजु गुरूङसमेत गरी २ जना नै भएको अवस्थामा कोदोको सट्टा अवैध काठ लोड गर्न डर, त्रासमा पारेका हुन् कि भन्ने कुरा मनासिब पनि देखिँदैन । ट्रकमा कोदोको सट्टा काठ लोड गर्ने कुरामा तत्काल यी प्रतिवादीहरूले इन्कार गरी ट्रक फर्काउन सक्ने वा तत्काल प्रहरीलाई खबर गर्न सक्ने अवस्था रहेको भए पनि सो कार्यका लागि कुनै पहल र प्रतिकार गरेका थिए भनी विश्वसनीय आधारसमेत कहिँकतै प्रस्तुत गर्न सकेको पनि नदेखिने ।

एकासगोलकी श्रीमतीको नाउँमा दर्ता भएको सवारीसाधन एकासगोलकै श्रीमान् सवारी चालक भई चलाई आएको अवस्थामा अवैध काठ बरामद भएको देखिँदा सवारीसाधन दर्ता भएकी श्रीमतीलाई सो अवैध

काठ ओसारपसारको कसुरजन्य अपराधको बारेमा थाहा थिएन भनी भन्नु न्यायसङ्गत नदेखिने।

अतः जफत गरिएको उक्त ट्रक यी प्रतिवादी बुद्धिमान थोकरकी एकाघर सगोलकी श्रीमती माया थोकरका नाउँमा दर्ता रहेको र सो सवारीसाधनमा यी प्रतिवादीको समेत हक स्वामित्व रहे भएको अवस्थामा आफैँ सवारी चालक भई उक्त ट्रक अवैध काठ ओसारपसार गर्न प्रयोग गरेको भन्ने नै देखियो। यस अवस्थामा ट्रक धनी माया थोकरको अवैध काठ ओसारपसार गर्ने कार्यमा प्रत्यक्ष संलग्नता नदेखिएको र प्रस्तुत मुद्दामा निजलाई प्रतिवादीसमेत नबनाइएको भन्नेसमेत आधारमा ट्रक जफत गर्न नमिल्ने भनी गरेको पुनरावेदन अदालत, हेटौंडाको मिति २०७०।८।१७ को फैसला मिलेको नदेखिँदा उल्टी भई वन ऐन, २०४९ को दफा ६६ अनुसार अवैध काठ ओसारपसार कार्यमा संलग्न भएको ना.२ ख ८२०६ नं. को ट्रकसमेत जफत हुने।

इजलास अधिकृत: विष्णुप्रसाद पौडेल

कम्प्युटर: पद्मा आचार्य

इति संवत् २०७५ साल पुस २३ गते रोज २ शुभम्।

३

मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री डम्बरबहादुर शाही, ०७०-CI-१२४३, उत्प्रेषण / परमादेश, मेनकाकुमारी कोइराला वि. जिल्ला धनुषा भरतपुर गा. वि.स.को कार्यालय, विरेन्द्र बजार धनुषासमेत

यी पुनरावेदिकाले हाल दाबी गरेको प्राविधिक सहायक पदमा मिति २०६४।९।९ मा मात्र नियुक्ति भएको र सोभन्दा अगाडि निज सो कार्यालयमा कार्यालय सहयोगीको पदमा मात्र कार्य गरेको हुँदा मिति २०६४ साल असोज मसान्तभन्दा अगाडिदेखि नै एउटै दरबन्दीको पदमा अविच्छिन्न रूपमा कार्यरत रहेको नभई कार्यालय, सहायक र प्राविधिक सहायक गरी फरकफरक पदमा अस्थायी रूपमा करारमा नियुक्त भई कार्य गरेको देखिन्छ। साथै निज नियुक्त भएको पदमा स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २४९ बमोजिम गा.वि.स.ले छुट्टै खर्चको व्यवस्था गरी नियुक्त गरेकोसमेत नभएको स्थितिमा सो व्यवस्थाको सुविधा निज पुनरावेदिकाले पाउन सक्ने नदेखिने।

पुनरावेदिका मेनका कोइरालाको काम कारबाही सन्तोषजनक नभएको साथै निजको क्रियाकलापले गर्दा गाउँकै बहुसंख्यक भद्रभलाद्मीहरूको गुनासोसमेत रहेको भन्ने कुरा उक्त गाउँ विकास समितिका सचिव रामदेव यादवको लिखित जवाफमा उल्लेख भएको देखिन्छ। निज पुनरावेदिकालाई नियुक्त गर्दा कुनै निश्चित मितिसम्म अनिवार्य रूपमा काम गर्ने भनी मितिसमेत किटान गरी नियुक्त गरेको नभई केवल अस्थायी करारमा मात्र नियुक्त गरेको देखिन्छ। यस स्थितिमा निजको काम कारबाही सन्तोषजनक नभएकोसमेतका आधारमा कानूनबमोजिमका प्रतिनिधिहरूले निजलाई कामकाज गरी आएको पदबाट हटाएको उक्त कार्य स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम २१७(१) (ख) विपरीत भएको हो भन्न सक्ने स्थितिसमेत नदेखिने।

मिति २०७०।२।२८ मा बसेको गाउँ विकास बोर्डको बैठकमा पनि गाउँ विकास समितिका सचिव रामदेव यादव, जनस्वास्थ्य चौकीका प्रतिनिधि राम एकबाल महतो र कृषि सेवा केन्द्रका प्रतिनिधि फनिलाल यादवसमेतको उपस्थिति रहेको देखियो। अनिवार्य रूपमा उपस्थित रहनु पर्ने व्यक्ति उपस्थित रही गाउँका अन्य व्यक्तिहरूसमेत बसेका थिए भन्ने कुराले वा समिति नभई बोर्ड भनियो भन्नेसम्म कुराले यी पुनरावेदिकालाई हटाउने गरी भएको उक्त निर्णयलाई अनाधिकृत भन्न मिल्ने देखिएन। मिति २०७०।२।२८ मा बसेको गाउँ विकास बोर्डको बैठकको निर्णयको निर्णय नं. ४ मा मेनका कोइरालालाई मिति २०७० अषाढ २८ गतेबाट लागू हुने गरी अवकाश

दिने भनी सर्वसम्मतिबाट निर्णय भएको देखिन्छ । यी पुनरावेदिकाको पद करारीय प्रकृतिको अस्थायी देखिएको र कानूनबमोजिमका प्रतिनिधिहरूसमेतबाट निजलाई हटाउने गरी भएको उक्त निर्णयलाई अन्यथा भन्न नमिल्ने ।

तसर्थ जिल्ला धनुषा भरतपुर गा.वि.स.को मिति २०७०।२।२८ को गाउँ विकास बोर्डको निर्णयबाट यी पुनरावेदिकालाई मिति २०७०।३।२८ देखि लागू हुने गरी अवकाश दिने गरी भएको निर्णय कानूनबोजिम भएको भनी रिट निवेदन खारेज गरेको पुनरावेदन अदालत, जनकपुरबाट मिति ०७०।११।१३ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: विष्णुप्रसाद पौडेल

कम्प्युटर: पद्मा आचार्य

इति संवत् २०७५ साल पुस २२ गते रोज १ शुभम् ।

- यसै लगाउको ०७०-CR-१६३७, अदालतको अवहेलना, मेनकाकुमारी कोइराला वि. जिल्ला धनुषा भरतपुर गा.वि.स.को कार्यालयका सचिव रामदेव यादवसमेत भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

इजलास नं. १४

१

मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री प्रकाशमान सिंह राउत, ०७४-WH-००७६, बन्दीप्रत्यक्षीकरण, *इन्दीरा बोहरा वि. इन्द्रकुमार बस्नेत*

एउटा बच्चाको लागि जन्म दिने आमा नै सबैभन्दा नजिकको प्रथम प्राकृतिक संरक्षक हो भन्ने विषयमा विवाद हुन नसक्ने ।

आमाले आफ्नो व्यक्तिगत प्राथमिकता, स्वास्थ्य, बानी ब्यहोरा, पेसागत व्यस्तता आदि इत्यादिको कारण बालबालिकालाई ध्यान पुऱ्याउन नसक्ने अवस्थामा वा लापरवाहीयुक्त व्यवहार वा आचरणलगायतका मातृवात्सल्यबाट विमुख गराई हिँड्ने प्रवृत्ति प्रदर्शित गरेमा बालमनोवृत्तिलाई प्रतिकूल प्रभाव पर्ने गरी आमाकै जिम्मा दिनुपर्छ भन्ने बाध्यता पनि नहुने ।

पति ईन्द्रकुमार बस्नेतले मदिरा सेवन गरी यी निवेदिकालाई गाली गलौज, कुटपिट गरेको आरोप लगाए पनि यी नाबालक छोरा युकेशलाई दुर्व्यवहार वा राम्रो हेरविचार नगरेको भन्न सकेकी छैनन् भने अर्कोतर्फ यी निवेदिकाले यी नाबालक बिरामी हुँदा स्कुलबाट सम्पर्क हुन नसकेको एक अपवादको अवस्था देखाएको बाहेक यी निवेदिकाले नाबालकको पालन पोषण, शिक्षा, स्वास्थोपचार, हेरविचार गर्न असक्षम वा असमर्थ छन् भनी विपक्षी पिताले भन्न सकेको पनि छैनन् । निश्चित एवम् निरन्तर प्रकृतिको आर्थिक स्रोत नभएको कारण बालकको त्यस्तो पालन पोषण, शिक्षा, स्वास्थ्योपचारको अपेक्षा यी निवेदिकाले इजलाससमक्ष प्रस्तुत गरेको र यी विपक्षी पिताले समेत आफ्नो इज्जत आमद, आर्थिक अवस्थाअनुसार बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ४(१) बमोजिम बालकको शिक्षा, स्वास्थ्योपचार, खेलकुद तथा मनोरञ्जनको सुविधाको लागि उचित व्यवस्था गरिदिन राजी भई र जबरजस्ती आमाबाट छुटाई आफूसँगै राख्ने मनसाय नरहेको भन्ने उल्लेख गरेबाट दुवै पक्ष यी बालकको सर्वोपरि हितको पक्षमा रहेको महसुस हुन आएको हुँदा साबिकदेखि आमासँग रही आएका र मिति २०७४।११।२ मा स्कुलमा बिरामी भई पिताले उपचारार्थ लगेका यी बालक युकेशलाई आमा निवेदिका इन्दीरा बोहराकै जिम्मा लगाउनु उचित देखिने ।

बालक युकेशलाई आफ्ना पिता इन्द्रकुमारसँग भेटघाट गर्ने, सकारात्मक सम्बन्धका लागि पिता तथा पिताका तर्फका परिवारसँग पनि घुलमिल गर्न सक्ने वातावरण सिर्जना गर्नु न्यायोचित देखिन्छ । यस

प्रयोजनको लागि बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ८ मा आमा बाबु भिन्न बसेको अवस्थामा बाबुसँग बसेका बालकलाई आमासँग र आमासँग बसेका बालकलाई बाबुसँग भेटघाट गर्न वा केही समयको निमित्त साथ साथ बस्न दिनुपर्ने र यस्तो भेटघाटको पटक र साथ बस्ने अवधि सम्बन्धमा आमाबाबुबीच मतैक्य हुन नसकेमा अदालतले तोकेको पटक वा अवधिको निमित्त भेट गर्न वा साथ बस्न दिनुपर्ने भन्ने व्यवस्थाबारे यी निवेदक विपक्षी दुवैलाई सोध्दा दुवैले यी बालकलाई आमाबाबु दुवैको सान्निध्यमा र माया ममता पाउने गरी तथा पठन पाठनमा व्यवधान वा बाधा नआउने गरी आपसी समझदारीमा समय निर्धारण गर्न सहमति जनाएकोले तत्काल यस अदालतले केही बोल्नु पर्ने नदेखिने।

नाबालक छोरा बिरामी भएको स्कुलले जानकारी गराएपश्चात् निज नाबालक छोरालाई विपक्षी बाबु इन्द्रकुमारले उपचारसमेत गराएको तथा बन्धक बनाएको नदेखिँदा निवेदिकाको मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्नुपर्ने अवस्था विद्यमान देखिएन । प्रस्तुत रिट निवेदन खारेज हुन्छ। नाबालक छोरालाई मेरो संरक्षकत्वमा रहने गरी मेरो जिम्मा दिलाई पाउँ भन्ने निवेदिकाको निवेदन जिकिर सम्बन्धमा हेर्दा मिति २०७४।११।२ सम्म आमासँगै बस्दै आएको निज बालकलाई माथिका प्रकरणहरूमा विवेचित आधारहरूमा आमाकै जिम्मामा लगाइदिनु न्यायोचित देखिन आउने।

नाबालक छोरा युकेश बस्नेतलाई आमाको जिम्मा लगाउँदा निज बालकलाई बाबुआमा दुवैले तथा परिवारका अन्य सदस्यसमेतको माया ममता सान्निध्य पाउने वातावरण सिर्जना गरी परिवारमा भएको यस घटनाको नकारात्मक प्रभावबाट यस नाबालकलाई बचाई नाबालकको भविष्य सुरक्षित तथा सुदृढ गर्न र सचेत असल नागरिक बनाउन आवश्यक भएकोले बाबुआमा दुवैको जिम्मेवारी एवम् दायित्वतर्फ ध्यानाकर्षणसमेत गराइएको छ। अत: बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ४(१) बमोजिम बाबुले आफ्नो आर्थिक अवस्थाअनुसार पालन पोषण शिक्षा स्वास्थ्योपचार इत्यादि गर्ने सम्बन्धमा सो गर्न गराउन विपक्षी इन्द्रकुमार बस्नेतले तथा बालकलाई पितासँग केही समय साथ बस्न दिन निवेदिका आमाले इजलासमै सहमति जनाउनु भएकोसमेत हुँदा नाबालकको सर्वोत्तम हित विचार गरी हाल बालक युकेश बस्नेतलाई विपक्षी पिता इन्द्रकुमार बस्नेतबाट निवेदिकाले बुझी लिएको कागज गराई निज नाबालक युकेश बस्नेतलाई आजै निवेदिका आमा इन्दीरा बोहराको जिम्मा लगाई दिनु भनी यो आदेश गरिदिएको छ । कथंकदाचित यी नाबालकको अहित हुने अवस्था सिर्जना भएको बेहोरा तथ्ययुक्त प्रमाणका आधारमा अदालतलाई जानकारी हुन आएमा सम्बन्धित अदालतले प्रचलित कानूनबमोजिम आवश्यक कारबाही गरी नाबालकको संरक्षणमा परिवर्तन गर्न सक्ने बेहोरातर्फ आमाबाबु दुवै पक्षलाई सचेतसमेत गराइएको।

इजलास अधिकृत: तारादेवी महर्जन

कम्प्युटर: संजय जैसवाल

इति संवत् २०७४ साल फागुन २७ गते रोज १ शुभम्।

२

मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री सपना प्रधान मल्ल, ०७५-WH-००२०, बन्दीप्रत्यक्षीकरण, *तेजकुमारी तिवारी वि. महानगरीय प्रहरी परिसर, टेकुसमेत*

कुनै कसुरको सम्बन्धमा कानूनले तोकेको अवधिसम्म साधिकार निकायले आरोपित व्यक्तिलाई आवश्यकता, औचित्य र अनुसन्धानको प्रगतिको आधारमा हिरासतमा राखी अनुसन्धान गर्न सक्ने नै हुँदा सो अवधिसम्म हिरासतमा राखी अनुसन्धान गरिएको कार्यलाई गैरकानूनी भन्न मिल्ने अवस्था नहुने।

निवेदक तेजकुमारी तिवारीका छोरा एवम् संगठित अपराधका आरोपित व्यक्ति मनोहर तिवारीलाई निजउपरको कसुरको अनुसन्धानको सिलसिलामा पक्राउ पुर्जीसहित पक्राउ गरिएको, सक्षम निकाय काठमाडौं जिल्ला अदालतबाट निजलाई थुनामै राखी अनुसन्धान गर्नु भनी म्याद थप गरिदिएको तथा हिरासतमा राखेको अवधि कानूनले तोकिदिएको सीमाभित्र नै रहे भएको हुँदा साधिकार निकायबाट भए गरेका कानूनबमोजिमका काम कारबाहीलाई यस अदालतबाट तत्काल असाधारण अधिकारक्षेत्र प्रयोग गरी हस्तक्षेप गर्न मिलेन । यसरी अधिकारप्राप्त निकायबाट भइरहेको अनुसन्धानको लागि सक्षम अदालतबाट म्याद थप भई न्यायिक हिरासतमा रहेको अवस्थामा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्नुपर्ने अवस्था नदेखिने ।

अतः उल्लिखित आधार कारणबाट मनोहर तिवारीसमेत विरूद्ध साधिकार निकाय महानगरीय प्रहरी परिसर, काठमाडौंमा ठगी एवम् संगठित अपराधसम्बन्धी जाहेरी दरखास्त परी सो सम्बन्धमा अनुसन्धानको लागि निजलाई पक्राउ गरेको, काठमाडौं जिल्ला अदालतबाट मिति २०७५।४।२२ देखि पटकपटक म्याद थप अनुमति लिएको तथा कानूनबमोजिमको अवधिभित्र रही हिरासतमा राखिएको देखिएको हुँदा यो थुनालाई गैरकानूनी भन्न मिल्ने देखिएन । निवेदन माग दाबीबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्नुपर्ने अवस्था नरहेकोले प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः कल्याण खड्का

इति संवत् २०७५ साल भदौ २७ गते रोज ४ शुभम् ।

इजलास नं. १५

मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या. श्री बमकुमार श्रेष्ठ, ०७०-WO-०५४३, उत्प्रेषण / परमादेश, *सुस्मिता काफ्ले वि. सैनिक अदालत, मकवानपुर जिल्ला हेटौंडासमेत*

सैनिक अदालत, नियमावली, २०६४ को नियम ४ बमोजिम गठित कोर्ट अफ इन्क्वायरी बोर्ड र सैनिक अदालत नियमावली, २०६४ को नियम १० बमोजिम गठित सैनिक अदालत, नेपाल सरकारले निर्माण गरेको ऐन, कानूनबमोजिम गठित न्यायिक निकाय भएको र सक्षम निकायबाट कानूनको प्रक्रिया पूरा गरी भएको अन्तिम फैसलाउपर रिट क्षेत्रबाट हस्तक्षेप गर्न नमिल्ने भनी सम्मानित सर्वोच्च अदालतबाट सिद्धान्तसमेत प्रतिपादन भएको अवस्थामा सयस गीता श्रेष्ठले आफ्नो सिरानीमुनि राखी सुतेको मोबाइल यी रिट निवेदिकाले निज गीता श्रेष्ठलाई थाहा जानकारी नदिई निजको अनुमतिबेगर त्यहाँबाट उठाई लगी उक्त मोबाइलबाट सिमकार्ड निकाली ट्वाइलेटमा फाली बिना सिमको मोबाइल सेट कार्टुनमा हाली लुकाई छिपाई राखेकोमा सो सम्बन्धमा सोधपुछ हुँदा उक्त मोबाइलको बारेमा जानकारी नगराई बदनियतपूर्वक विश्वासघात गरी आफूले चिनेको सिपाही विनोद ठाकुरलाई दिएको देखिँदा यी रिट निवेदिका सुस्मिता काफ्लेले गरेको कार्यको सम्बन्धमा रिट निवेदिकालाई सुनुवाइको पर्याप्त मौका दिई कानूनबमोजिमको प्रक्रिया पूरा गरी सैनिक अदालत नियमावली, २०६४ को नियम ४ बमोजिम गठित कोर्ट अफ इन्क्वायरी बोर्डले दिएको राय सम्बन्धमा समेत विचार गरी समरी सैनिक अदालतले मिति २०६९।२।२९ मा गरेको फैसलालाई प्राड सहायक रथी होमकुमार लावतीको अध्यक्षतामा गठित पुनरावेदन समितिले मिति २०७०।१।२५ मा सदर गरेको देखिँदा रिट निवेदिकाको निवेदन मागबमोजिम समरी सैनिक अदालतको मिति २०६९।२।२९ को फैसलालाई सदर गर्ने गरी पुनरावेदन समितिले मिति २०७०।१।२५ मा गरेको फैसलामा कानूनको त्रुटिसमेत नदेखिँदा उत्प्रेषणको आदेशले बदर हुने देखिएन । तसर्थ प्रस्तुत

रिट निवेदन खारेज हुने।
इजलास अधिकृत: दिपेन्द्र तिवारी
कम्प्युटर: पद्मा आचार्य
इति संवत् २०७५ साल साउन २७ गते रोज १ शुभम्।

इजलास नं. १७

१

मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.श्री बमकुमार श्रेष्ठ, ०७१-CR-०७८६, ज्यान मार्ने उद्योग, *नेपाल सरकार वि. अर्जुन खत्री*

अनुसन्धानमा बुझिएका व्यक्तिहरूले आफूले घटनालाई प्रत्यक्ष नदेखेको, केवल सुनेर मात्र थाहा पाएको भनी लेखाइदिएको पाइन्छ भने अर्कोतर्फ निजहरूले अदालतमा आई आफ्नो अनुसन्धानको बेहोरालाई समर्थन गरी बकपत्र गरिदिएको पाइँदैन । यसबाट निजहरूको अनुसन्धानको सो भनाइ प्रमाण ग्राह्य रहे भएको देखिन नआउने।

प्रत्यर्थी / प्रतिवादी अर्जुन खत्री र निजकी श्रीमती पवित्रा खत्रीको बीचमा घरायसी कारोबारको विषयलाई लिएर एकआपसमा झगडा हुन गएको तथ्य स्थापित हुन गए पनि निज प्रतिवादीले ज्यानै मार्ने मनसायले पवित्रा खत्रीउपर प्रहार गरेको वा कुटपिट गरेको भन्ने देखिन आएन। यी प्रत्यर्थी / प्रतिवादीको आफ्नो श्रीमती पवित्रा खत्रीलाई मार्नै पर्नेसम्मको केही रिसइबी र कुनै कारण रहे भएको भन्ने कहीँकतैबाट देखिन आउँदैन। मार्नलाई भनी कुनै तयारी गरेको पनि देखिन आएन। घाउ जाँच केस फाराममा उल्लिखित बेहोरा तथा घाउ चोटको प्रकृति हेर्दा पनि यी प्रत्यर्थी / प्रतिवादीले निज पवित्रा के.सी.लाई मार्ने गरी प्रहार गरेको भन्ने देखिन आएन । बसुलोजस्तो घातक हतियारले प्रहार गरेको अवस्थामा ज्यान मार्ने मनसाय रहेभएको स्वतः पुष्टि हुन्छ भनी वादी पक्षले पुनरावेदन जिकिर लिए पनि बसुलोले प्रहार गरेको भए गम्भीर चोट लाग्नुपर्नेमा त्यस्तो गम्भीर प्रकृतिको चोटपटक रहे भएको नपाइने।

कुटपिट गरी छतबाट खसालेको भनी जाहेरवाला र निज पवित्रा के.सी.ले अदालतमा लेखाइदिए पनि निजहरूले सो कुरा अनुसन्धानका क्रममा लेखाउन सकेको पाइँदैन र निजहरूको सो भनाइ अन्य कुनै प्रमाणबाट पुष्टि हुन गएकोसमेत देखिँदैन । यी पवित्रा के.सी. र प्रतिवादीका बीचमा घरमा नै झगडा भएको देखिन्छ। झगडा भई सामान्य कुटपिट भएपछि तत्काल त्यहाँ रहे भएकी कौशिला राना पनि त्यहाँबाट निस्की गएको र निज त्यहाँबाट निस्की गएपछि प्रतिवादीले निज पवित्रालाई कुटपिट गर्दै मार्न भनी बसुलोले प्रहार गरेको भन्ने निज कौशिला रानाको अनुसन्धानको कागजको बेहोरा प्रत्यक्ष रूपमा देखिँदैन । त्यस्तै सोही घरमा रहे भएकी कमला खत्री र प्रतिवादी र पवित्रा के.सी.को छोरी सुस्मिता खत्रीले आफूहरूलाई झगडा भएको बारेमा केही थाहा नभएको भनी लेखाइदिएबाट निजहरू पनि घटना हुँदा घटनास्थलमा नरहेको भन्ने स्पष्ट हुन्छ । यसबाट कमला खत्री उपस्थित भई फेरी प्रहार गर्न नसकेकोले मात्र पीडित बच्न गएकी हुन् भनी वादी नेपाल सरकारले लिएको पुनरावेदन जिकिर उल्लिखित तथ्य र बेहोराले सत्य देखिन आएन। यसैगरी मार्ने गरी प्रहार गरेकोमा अन्य कुनै किसमले संयोग परी मार्न नपाएको भन्न सकिने कुनै परिस्थिति घटनास्थलमा तत्काल रहे भएको भन्ने पनि मिसिलबाट देखिन नआउने।

घटना भएको भन्ने सुनेको आधारमा जाहेरी दिएको, घाउ चोटको प्रकृति सामान्य नै रहे भएको, घाउ चोटको प्रकृतिबाट मार्ने गरी नै घातक हतियारले प्रहार गरेको भन्ने पुष्टि हुन नसक्ने, प्रतिवादी र पीडित भनिएकी पवित्रा के.सी. लोग्ने स्वास्नी भई तिनीहरूको बीचमा मार्नेसम्मको कुनै रिसइबी र कारण रहे भएको भन्ने केही नदेखिएको, यदि मार्ने नै मनसाय भएको र मार्ने गरी नै प्रहार गरेको भए कुनै संयोगवश बचेको वा अर्को

पक्षको हस्तक्षेपका कारण मात्र बच्न गएको भन्ने कुनै परिस्थिति वारदातस्थलमा रहे भएको पनि नदेखिएको, वारदात देखेको भनी कसैले भन्न पनि नसकेको जस्ता अवस्थामा केबल अभियोग लगाएको आधारमा मात्र आरोपित कसुर गरेको ठहऱ्याउँदा फौजदारी न्यायको सिद्धान्तको मर्मअनुकूल हुने नदेखिँदा यी प्रत्यर्थी / प्रतिवादीलाई आरोपित कसुरबाट सफाइ दिने गरी भएको सुरू फैसला सदर गरेको पुनरावेदन अदालतको फैसला मनासिब नै देखिन आउने ।

अतः माथि विवेचित आधार कारणहरूबाट यी प्रत्यर्थी / प्रतिवादी अर्जुन खत्रीले अभियोग दाबीबाट सफाइ पाउने ठहऱ्याई सुर्खेत जिल्ला अदालतबाट मिति २०७०।३।११ मा भएको फैसला सदर हुने ठहऱ्याई पुनरावेदन अदालत, सुर्खेतबाट मिति २०७०।१२।४ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: यदुराज शर्मा

इति संवत् २०७४ साल मङ्सिर १० गते रोज १ शुभम् ।

२

मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.श्री पुरुषोत्तम भण्डारी, ०७१-CR-०३६३, ०७१-CR-०३८२ र ०७१-CR-०७७३, मानव बेचबिखन तथा ओसारपसार, *गनीसरा दमाई वि. नेपाल सरकार, मीना परियार वि. नेपाल सरकार र गंगे दमाई वि. नेपाल सरकार*

पीडितले मौकामा बयान गर्दा प्रतिवादी गंगे दमाई र गनीसरा दमाईले दिल्ली पुऱ्याई मीना परियारसँग भेटाई दिल्लीस्थित जि.वि. रोडको ५७ नं. कोठासम्म पुऱ्याएको भनी अनुसन्धानको क्रममा बयान गरेको र सो बयान अदालतबाट कानूनबमोजिम प्रमाणितसमेत भएको देखिन्छ । पुन: अदालतसमक्ष बकपत्र गर्दासमेत सोही बेहोरालाई समर्थन हुने गरी बयान गरेकोमा पुनरावेदन अदालतमा उपस्थित भई बकपत्र गर्दा म र मीना परियार दीपक वादी र काजल भन्ने महिलासँग नेपालगञ्जमा भेट भई भारतको दिल्ली गएका हौं भनी बयान गरेको पाइन्छ । पीडितको पछिल्लो बयान बेहोरा हेर्दासमेत प्र. मीना परियार र मीना परियारका बाबु आमा गंगे दमाई र गनीसरा दमाईको पीडितलाई भारतसम्म पुऱ्याई वेश्यावृत्तिमा लगाउने कार्यमा भूमिका थिएन भनी मान्न मिल्ने नदेखिने ।

प्रतिवादीमध्येकी मीना परियार पहिलेबाटै भारत जाने आउने गरेको भन्ने देखिएको र मीना परियारलाई भारतमा पेसा व्यवसाय चलाएर बस्ने व्यक्तिले दबाब, प्रभाव वा प्रलोभनमा पारी नेपालका चेलीबेटीसँग सम्पर्क गरी भारतसम्म आउन आकर्षित गर्ने र सो कुरा बुझी वा नबुझी यी प्रतिवादी गनीसरा र गंगे दमाई संलग्न रहेको भन्ने घटनाक्रम तथा वारदातको अवस्थाले देखाउँछ । सो कार्यमा गंगे दमाईभन्दा गनीसराको भूमिका सक्रिय रहेको पीडितको मौकाको कागजबाट पुष्टि भएको अवस्था छ । पीडितको कागज र गरीदिएको बकपत्रसहितका मिसिल संलग्न तथ्यगत प्रमाण तथा परिस्थितिजन्य प्रमाणहरूबाट समेत प्रतिवादीहरूको कसुर स्थापित हुने गरी प्रमाण ऐन, २०३१ को दफा २५ अनुसार पुष्टि प्रमाणित हुन आएको देखिएबाट प्रतिवादीहरूले कसुर गरिने देखिन्छ तर यी प्रतिवादीहरू तीनै जना सम्पर्क शुत्रमा रहेपनि तीनै जनाको कसुरको मात्रा फरकफरक रहन सक्ने देखिन्छ । मानव बेचबिखन जस्तो संगठित अपराधमा एक व्यक्तिको भूमिका मात्र यथेष्ट नभई फरकफरक व्यक्तिको फरकफरक भूमिका रहने र प्रत्येक व्यक्तिलाई उसको कसुरको मात्राअनुसारको सजाय दिनु न्यायोचित देखिने ।

प्रतिवादीहरू मीना परियार र गनीसरा दमाईको कसुर ऐ. ऐनको दफा ३ विपरीत दफा ४(२) को खण्ड (ख) बमोजिमको देखिएकोले निजहरूलाई सो कसुरमा ऐ. दफा १५ को उपदफा (१) को खण्ड (ख) बमोजिम सजाय गर्नुपर्नेमा पुनरावेदन अदालतले अन्यथा सजाय गरेको सो हदसम्म मिलेको

देखिएन । अर्का प्रतिवादी गंगे दमाईको सम्बन्धमा विचार गर्दा, निज प्रतिवादीले पीडितलाई भारत पुऱ्याउने कार्यमा मीना परियार र गनीसरा दमाईलाई आवश्यक सहयोग पुऱ्याएकोसम्म देखिँदा निजलाई सो कसुरमा हुने सजायको आधा अर्थात् ऐ. ऐनको दफा १५ को उपफा (१) को खण्ड (ज) बमोजिम सजाय गर्नुपर्नेमा अन्यथा सजाय गरेको पुनरावेदन अदालतको फैसला सो हदसम्म मिलेको देखिन नआउने ।

अतः माथि विवेचित आधार प्रमाणबाट प्रतिवादीहरू तीनै जनालाई अभियोग दाबीबमोजिम मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ३ को कसुरमा ऐ. दफा १५(१)(क) बमोजिम जनही २० वर्ष कैद र रू.२ लाख जरिवाना गरेको सुरू फैसलालाई सदर गरेको पुनरावेदन अदालत, सुर्खेतको मिति २०७१।२।२६ को फैसला नमिलेकोले केही उल्टी भई प्रतिवादीहरू मीना परियार र प्रतिवादी गनीसरा दमाईलाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ३ विपरीत ऐ. दफा ४(२)(ख) को कसुरमा सोही ऐनको दफा १५(१)(ख) बमोजिम कसुरको मात्राअनुसार प्रतिवादी मीना परियारलाई १२ वर्ष कैद र रू.१,००,०००।– (एक लाख) जरिवाना र प्रतिवादी गनीसरा दमाईलाई १०(दश) वर्ष कैद र रू.१,००,०००।– (एक लाख) जरिवाना तथा प्रतिवादी गंगे दमाईलाई ऐ. को १५(१)(ज) बमोजिम ५ वर्ष कैद र रू.५०,०००।– (पचास हजार) जरिवाना हुने ।

इजलास अधिकृत: ढाकाराम पौडेल

इति संवत् २०७५ साल जेठ २१ गते रोज २ शुभम् ।

इजलास नं. १८

१

मा.न्या.श्री पुरूषोत्तम भण्डारी र मा.न्या.श्री बमकुमार श्रेष्ठ, ०७०-CR-११४०, लागु औषध डाइजेपामसमेत, *नेपाल सरकार वि. दिलिप सिंह ठकुरीसमेत*

प्रतिवादीहरूले लागु औषध सेवन गर्ने प्रयोजनको लागि लिई हिँडेको भनेको अवस्था छ । बरामदित औषधी हेर्दा बरामदी सबै थरीका औषधी एकैसाथ प्रयोग गर्दा काम गर्ने तर अलगअलग रूपमा सेवन गर्दा कम असरदार प्रकृतिका देखिन्छन् । औषधीको प्रकृतिबाट नै ब्राउन सुगर, ह्वाइट सुगरजस्ता घातक र बढी असरदार प्रकृतिका देखिँदैनन् । बरामदी लागु औषधको मूल्यसमेतलाई विचार गर्दा धेरै मूल्य पर्ने नभई सानो र कम असरकारी औषधी सेवन गर्ने प्रयोजनबाट मात्र लिई हिँडेको भन्ने देखिन्छ । बिक्री वितरण गरेको, ठूलो मात्रामा सञ्चय गर्ने गरेको र सोही प्रयोजनको लागि ओसारपसार गर्ने गरेको भन्ने भनी कतैबाट पुष्टि हुन आएको देखिँदैन । फौजदारी मुद्दामा ठोस तथ्यगत आधारमा प्रमाणित भएको अवस्थामा मात्र बिक्री प्रयोजनको लागि ओसारपसार गरेको भनी भन्न मिल्ने हुन्छ । बरामद हुँदैमा बिक्री वितरण, सञ्चय ओसारपसार गरेको कसुर कायम गर्न मिल्ने पनि होइन । यो यसरी सञ्चय गरेको, यो यसरी ओसारपसार गरेको र यस ठाउँबाट यस्तो ठाउँमा ओसारपसार गरी लागु औषधको कारोबार गरेको भन्ने कुरा मिसिल संलग्न प्रमाणबाट कहीँकतै प्रमाणित हुन आएको देखिँदैन । यसलाई बिक्री वितरण गरेको भन्नेसमेत पुष्टि हुन नआई बरामद भएको लागु औषध र सिरिन्जसमेत बरामद भएको अवस्था परिस्थितिबाट प्रतिवादीले सेवन गर्नको लागि राखेको देखिन आउने ।

बरामदी लागु औषधको प्रकृति र बरामद हुँदाको परिस्थिति एवम् अवस्थाबाट ठूलो परिमाण भनी भन्न मिल्ने अवस्था नदेखिएको र प्रतिवादीहरूको उमेर, अवस्था, लागु औषधको प्रकृति, परिमाणसमेतलाई विचार गर्दा सेवनको कसुरसम्म गरेको देखिएबाट सेवनतर्फ मात्र सजाय गरेको मिलेन भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग

सहमत हुन नसकिने।

अतः माथि विवेचित आधार प्रमाणबाट प्रतिवादीहरूलाई सेवनतर्फको कसुर ठहर गरी सुरू ललितपुर जिल्ला अदालतबाट मिति २०६८।८।११ मा भएको फैसलालाई सदर गरेको पुनरावेदन अदालत, पाटनको मिति २०७०।१।३१ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: ढाकाराम पौडेल

कम्प्युटर: अर्जुन पोख्रेल

इति संवत् २०७४ साल चैत २७ गते रोज ३ शुभम्।

२

मा.न्या.श्री पुरूषोत्तम भण्डारी र मा.न्या.श्री बमकुमार श्रेष्ठ, ०७१-CR-१३२५, लागु औषध ब्राउन सुगर, *नेपाल सरकार वि. सलाउद्दीन जोलाहासमेत*

प्रतिवादी राकेश केवटबाट कुनै लागु औषध बरामद भएको अवस्था छैन। वस्तुस्थिति मुचुल्काका मानिसले समेत राकेश केवट लागु औषध बिक्री गर्ने मान्छे हुन् भनी शङ्कासम्म व्यक्त गरे पनि किटानीका साथ भन्न सकेको देखिँदैन । सहप्रतिवादीहरूले अनुसन्धानको क्रममा यी प्रतिवादी राकेश केवटलाई पोलसम्म गरे पनि अदालतमा उपस्थित भई बयान गर्दा पूर्ण सफाइ दिई बयान गरेको पाइन्छ। अनुसन्धानको क्रममा भएको पोलकै आधारमा वस्तुनिष्ठ प्रमाणको अभावमा कसुरदार ठहऱ्याउन न्यायोचित नदेखिँदा प्रतिवादी राकेश केवटलाई सफाइ दिने गरी भएको पुनरावेदन अदालतको फैसला मनासिब नै देखिन आउने।

कसुर गर्दाको अवस्था, बरामदी परिमाण र प्रतिवादीहरूले अधिकारप्राप्त अधिकारीसमक्ष र अदालतमा आई गरेको बयान बेहोरालाई एकमुष्ट रूपमा विश्लेषण गर्दा ५० र ५५ थानको पुडियामा बरामद भएको देखिए पनि दुवै जनाबाट बरामद भएको लागु औषध तौल गर्दा २/२ (दुई-दुई) ग्राम मात्र देखिन्छ। औषधको गम्भीरता, त्यसले पार्न सक्ने प्रभाव, असर तथा लागु औषधको परिमाणसमेतको विश्लेषणबाटै सेवन प्रयोजनका लागि मात्र हो वा ओसारपसार र बिक्री वितरणसमेतको कारोबार गरेका हुन् भन्ने सम्बन्धमा यकिन हुनुपर्ने देखिन्छ । बिक्री वितरण, सञ्चय, ओसारपसार गरेको कसुर कायम गर्न यो यस तरिकाबाट ओसारपसार र यो यसलाई बिक्री वितरण गर्ने गरेको भन्ने प्रमाणित वा पुष्टि भएको हुनुपर्छ। बरामद भएको लागु औषधको परिमाण हेर्दासमेत २।२ ग्राम मात्र रहेकोमा सो बरामदीकै आधारमा बिक्री वितरणकै कसुर हो भनी अर्थ गर्न मिल्ने पनि देखिँदैन। प्रतिवादीहरूले आफूले लागु औषध सेवन गर्ने भनी स्वीकार गरेको र बिक्री वितरणको वस्तुनिष्ठ प्रमाण नदेखिएको सन्दर्भमा बरामदी परिमाणसमेतलाई विचार गरी प्रतिवादीहरूको कसुर सेवनसम्म रहेको भनी पुनरावेदन अदालतबाट भएको फैसलालाई अन्यथा मान्नुपर्ने अवस्था नदेखिने।

अतः विवेचित आधार प्रमाणबाट प्रतिवादी राकेश केवटले अभियोगबाट सफाइ पाउने र प्रतिवादी सलाउद्दिन जोलाहा र मतेश्वर यादवलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४(छ) को कसुरमा ऐ. दफा १४(१)(ङ) बमोजिम १(एक) वर्ष कैद हुने ठहऱ्याई रूपन्देही जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत, बुटवलको मिति २०७०।३।३१ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: ढाकाराम पौडेल

कम्प्युटर: अर्जुन पोख्रेल

इति संवत् २०७४ साल चैत २७ गते रोज ३ शुभम्।

३

मा.न्या.श्री पुरूषोत्तम भण्डारी र मा.न्या.श्री बमकुमार श्रेष्ठ, ०७२-CR-०५३०, लागु औषध चरेस, *नेपाल सरकार वि. पेमा गुरूङसमेत*

प्रतिवादीहरू पेमा गुरूङ, निमा लामा, दोर्जे लामा र टंखो भन्ने सोनाम डिन्डु एकआपसमा भेटघाट गरी आर्थिक फाइदा उठाउने उद्देश्यले लागु

औषध चरेस विदेश निकासी गर्ने कार्यमा कामी शेर्पा र फुर्वा शेर्पासँगै मत सल्लाहमा परेको भन्ने मिसिलबाट देखिन आउँछ। मुख्य अभियुक्त भनी देखाइएका कामी शेर्पा र फुर्वा शेर्पा पक्राउ नपरी फरार रहेको अवस्था देखिन्छ । संगठित रूपमा गरिने अपराधमा खरिद गर्ने, सञ्चय गर्ने ओसारपसार गर्ने र बिक्री वितरण गर्ने कार्यको लागि कामको बाँडफाँड हुने र सबैले आआफ्नो भूमिका निर्वाह गरी पूर्ण अपराध हुन जाने देखिन्छ । कार्गोबाट सामान पठाउन भनी I & E Logistic Pvt. Ltd. मा बुक गराउने व्यक्ति शिद्धिबज्र एक्सपोर्ट ट्रेडर्सका कामी शेर्पा र अर्का प्रतिवादी फुर्वा शेर्पाको भूमिका उल्लेखनीय देखिए पनि पक्राउ परेका प्रतिवादीको बयान बेहोराबाट यी प्रतिवादीहरूको भूमिकालाई सहयोगी (Secondary Offender) को रूपमा मात्र लिन सकिने देखिँदैन। मूल प्रतिवादी कायम नै नभई मतियार मात्र ठहर गर्न फौजदारी न्यायको सिद्धान्तले अनुमति नदिने र के कस्तो कार्यलाई मूल कार्य मानी मूल प्रतिवादी बनाउने र के कुन तहसम्मको कार्यलाई सहयोगीको भूमिका मानी मतियार ठहर गर्ने भन्ने कुरा अपराध हुँदाको अवस्था र प्रतिवादीले निर्वाह गरेको आपराधिक क्रियाकलापबाट प्रस्ट पारिनुपर्ने।

कुन मूल कार्यमा यी प्रतिवादीले मतियारको भूमिका मात्र निर्वाह गरेका हुन् र के कुन मूल कार्य के कुन प्रतिवादीले गरेका हुन् भनी खुलेको देखिँदैन । कार्गोमा सामान फिर्ता लिनको लागि उपस्थित सो कार्गो अफिसको भित्र गएका प्रतिवादीलाई मतियार कायम गरी दाबी लिइएको र अन्य प्रतिवादीहरूको कार्य र भूमिका सबैको सामान देखिई भिन्न प्रकृतिको रहेको देखिँदैन । यसप्रकार प्रस्तुत मुद्दामा मूल प्रतिवादी कायम गरी सजाय ठहर नभएको र यी प्रतिवादीहरू पेमा गुरूङ, निमा लामा, छिरिङ लामाको छोरा दोर्जे लामा र सोनाम डिन्डुलाई केवल मतियार मात्र ठहर गरी अभियोग दाबीअनुसार हुने सजायको आधा मात्र सजाय ठहर गरेको सुरू र पुनरावेदन अदालतको फैसला मिलेको देखिन नआउने।

अतः माथि विवेचित आधार प्रमाणबाट प्रतिवादीहरू पेमा गुरूङ, निमा लामा, छिरिङ लामाको छोरा दोर्जे लामा र सोनाम डिन्डुलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १७ बमोजिम कसुर गरेको ठहर गरी ऐ. दफा १४(१)(घ)(५) मा वर्णित सजायको आधा तजबिजी सजाय जनही २ वर्ष ६ महिना कैद र रू.३५,०००।– जरिवाना गरेको पुनरावेदन अदालत, पाटनको मिति २०७०।९।३० को फैसला केही उल्टी भई निज प्रतिवादीहरूलाई सोही ऐनको दफा १४(१)(घ)(५) बमोजिम जनही ३(तीन) वर्ष ३(तीन) महिना कैद र जनही रू.४०,०००।– (चालीस हजार) जरिवाना हुने।

इजलास अधिकृत: ढाकाराम पौडेल

कम्प्युटर: अर्जुन पोख्रेल

इति संवत् २०७४ साल चैत २७ गते रोज ३ शुभम्।

पूर्ण इजलासमा पेस हुने

मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री पुरूषोत्तम भण्डारी, ०६४-CR-०६००, बनावटी सुराकी खडा गरी सरकारी रकम हिनामिना गरी भ्रष्टाचार गरेको, *जनार्दन शर्मा वि. नेपाल सरकार*

मा.न्या.श्री दीपककुमार कार्कीको राय

सुराकी निवेदन दर्ता गराउने एवम् सुराकी खर्च प्रदानसम्बन्धी चेक साट्न लगाउने कार्यको जिम्मेवारी त्रिभुवन विमानस्थल भन्सार कार्यालयको प्रमुख भन्सार प्रशासक प्रतिवादी जनार्दन शर्माको रहेको देखिन्छ । सो सुराकी निवेदन दर्ता गर्दाको आदेश, खर्च आदेश, भौचर एवम् चेक काट्दाको सही निज कार्यालय, प्रमुख रहेको जनार्दन शर्माको भएको तथ्यलाई प्रतिवादीले अन्यथा जिकिर लिन सकेको

देखिँदैन । सुराकी खर्च सम्बन्धमा सुराकीको सुरक्षा तथा गोपनीयतासमेत कायम गर्न विशेष प्रक्रिया अपनाइने तथ्यलाई प्रतिवादी जनार्दन शर्मा स्वयम्ले स्वीकार गरेको पाइन्छ । सुराकी निवेदन दिने र सुराकी रकमको चेक बुझिलिने व्यक्ति आफैँले लाए अह्राएका आफ्नै अधिनस्थ कर्मचारी रहेका छन् । सुराकी खर्च प्रदान गर्ने निर्णय भएपछि चेक तयार गर्नेसमेतको कार्यमा निजको प्रमुख भूमिका रहेको तथ्य स्थापित भएको छ । निजको सहभागिता र संलग्नताबिना सुराकी निवेदन दर्ता हुन र सुराकी खर्च प्रदान गर्ने निर्णय गर्न तथा सुराकीका नाममा अधिनस्थ कर्मचारीलाई चेक साट्न पठाउने कार्य गर्न सम्भव हुँदैन । सुराकी भनिएका नाममध्ये जि. भट्टराईको अस्तित्व देखाउन नसकेबाट उक्त नाम काल्पनिक व्यक्तिको भएको स्पष्ट छ । अर्का सुराकी भनिएका पि.टि. गर्ज पनि वास्तविक सुराकी नभई ना.सु. कृपासुर शेर्पाको छोराको नामसम्म राखिएको भन्ने कृपासुरकै बयान कागज तथा बकपत्रसमेतबाट देखिन्छ । सुराकीबापतको रकम न त कुनै सुराकीले प्राप्त गरेको देखिन्छ न त प्रतिवादी मातहतका कर्मचारीहरूले प्राप्त गरेको देखिन्छ । यस अवस्थामा हुँदै नभएको सुराकी खडा गरी सुराकीबापतको रकम जनार्दन शर्माकै जिम्मामा रहे भएको देखिन आएकोले निजले आरोपित कसुरबाट उन्मुक्ति पाउने अवस्था नदेखिने ।

तसर्थ उल्लिखित आधार प्रमाणबाट पि.टि. गर्ज शेर्पा र जि. भट्टराई भन्ने बनावटी सुराकी खडा गरी निजहरूका नाउँको चेकबाट वादी पक्षका साक्षी माधवराज पोखरेल तथा कृपासुर शेर्पाले बैंकबाट निकाली ल्याएको सुराकी खर्चको रकम रू.१,०९,३८,३९९।५४ प्रतिवादी जनार्दन शर्मालाई दिएको भन्ने कुरा निज साक्षीहरूले अदालतमा गरेको बकपत्रसमेतका प्रमाणहरूबाट पुष्टि भएकोले पुनरावेदक प्रतिवादी जनार्दन शर्मालाई आरोपपत्र माग दाबीबमोजिम सरकारी रकम हिनामिना गरी तत्काल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १३ बमोजिमको कसुर गरेको ठहऱ्याई विशेष अदालत, काठमाडौंबाट भएको मिति २०६४।३।६ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक प्रतिवादी जनार्दन शर्माको पुनरावेदन जिकिर पुग्न सक्दैन । प्रस्तुत मुद्दामा विशेष अदालत, काठमाडौंको फैसला उल्टी गरी पुनरावेदक प्रतिवादीलाई सफाइ पाउने ठहऱ्याई गर्नुभएको सहयोगी माननीय न्यायाधीश श्री पुरूषोत्तम भण्डारीको रायसँग मेरो राय नमिलेकोले प्रस्तुत विवादमा सुनुवाइको लागि सर्वोच्च अदालत, नियमावली, २०७४ को नियम २३(क) बमोजिम पूर्ण इजलासमा पेस गर्ने ।

माननीय न्यायाधीश श्री पुरूषोत्तम भण्डारीको राय

प्रतिवादी रविन्द्रनाथ शर्माले कसुर गरेको नठहरिएको अवस्थामा सम्पूर्ण दायित्व प्रतिवादी जनार्दन शर्मामा थोपरिन आएको देखिन्छ । प्रतिवादी जनार्दन शर्माले आफैँ रकम बुझेको, निजले नै लिएको, यो यस रीतबाट लिएको र यो यस ठाउँमा राखेको वा यो यस रीत बेहोराबाट खर्च भएको भन्नेसमेत प्रस्ट किटान दाबी नभएको र निजले नै लिई खाई आएको कुरालाई शङ्कारहित तवरबाट ठोस तथ्ययुक्त आधार प्रमाणहरूबाट पुष्टि प्रमाणित हुन सकेको देखिँदैन । भ्रष्टाचारजस्तो कसुरमा अनुमान तथा शङ्काकै भरमा भ्रष्टाचार गरेको भनी भन्न सकिने अवस्था नदेखिने ।

सुराकीको रकमको चेक सटही गर्न गएका भनिएका ना.सु. कृपासुर शेर्पा र माधव राज पोखरेलको भनाइमा एकरूपता छैन । गाडीबाट रकम अरू कसैले लिएर यी पुनरावेदक प्रतिवादी जनार्दन शर्मालाई दिएको देखिँदैन । जि. भट्टराई को हो भन्ने प्रश्न अनुत्तरित देखिन्छ भने पि.टि. गर्ज भन्ने सुराकी कृपासुरको छोरा भन्ने देखिएको छ । यस स्थितिमा निजहरूलाई पुनरावेदकले नै नक्कली सुराकी खडा गरे होलान् भनी विश्वास गर्न सकिने स्थिति नदेखिने ।

प्रतिवादी जनार्दन शर्माले अनुसन्धानको क्रममा र विशेष अदालतमा समेत आरोपित कसुरमा इन्कार रही आफ्नो भएको बेहोरा खुलाई दिएको पाइन्छ । प्रतिवादीको इन्कारी बयानलाई समर्थन मिल्ने गरी निजको साक्षी हर्षरमण उपाध्याय र सुशीला श्रेष्ठले विशेष अदालतमा बकपत्र गरेको देखिन्छ । दाबीबमोजिमको सुराकीको रकम यी प्रतिवादीको जिम्मा भए वा निजले नै लिए खाएको भए निजबाट उक्त रकम बरामद गर्न वा बैंकमा जम्मा गरेको प्रमाण पेस गर्न सक्नुपर्नेमा वादी पक्षबाट सो गरेको देखिन आएन । फौजदारी कसुरमा स्पष्ट र वस्तुनिष्ठ प्रमाणको अभावमा केवल वादी पक्षका गवाहको मौखिक भनाइको आधारमा मात्र प्रतिवादीलाई भ्रष्टाचारजस्तो गम्भीर कसुरमा दोषी ठहर गर्नु उपयुक्त हुने नदेखिने ।

पुनरावेदक जनार्दन शर्मासमेत उपर गैरकानूनी रूपमा सम्पत्ति आर्जन गरेको भनी भ्रष्टाचार गरेको भन्ने २०५९ सालको स.फौ.नं. ९३-०५९-००३८६ को मुद्दा दायर भएकोमा विशेष अदालत, काठमाडौंबाट निज प्रतिवादीले आरोपबाट सफाइ पाउने फैसला भएको र सो फैसलाउपर पुनरावेदन नपरी अन्तिम रहेको देखियो । यसरी निज प्रतिवादीको सम्पत्तिको स्रोत अवैध आय आर्जन रहेको भन्ने देखिन नआएको अवस्थामा दाबीको सुराकीको रकम यी प्रतिवादीले नै लिए खाए भनी कसुरदार ठहऱ्याउन न्यायोचित हुने नदेखिने ।

तसर्थ पुनरावेदक प्रतिवादीलाई आरोपित कसुरबाट सफाइ दिनु पर्नेमा सजाय हुने ठहऱ्याई विशेष अदालतबाट मिति २०६४।३।६ मा भएको फैसला त्रुटिपूर्ण देखिँदा उल्टी भई यी पुनरावेदक प्रतिवादी जनार्दन शर्माले आरोप पत्रबाट सफाइ पाउने ठहर्छ । सहयोगी माननीय न्यायाधीशज्यूको पुनरावेदकलाई कसुरदार ठहर गर्ने रायसँग सहमत हुन नसकी छुट्टै राय पेस गरेको हुँदा सर्वोच्च अदालत, नियमावली, २०७४ को नियम २३(क) बमोजिम प्रस्तुत मुद्दा पूर्ण इजलाससमक्ष पेस गर्ने ।

इजलास अधिकृतः चिन्तामणि शर्मा

कम्प्युटर: अभिषेक राय

इति संवत् २०७५ साल असोज ४ गते रोज ५ शुभम् ।

एकल इजलास

मा.न्या.श्री प्रकाशमान सिंह राउत, ०७५-WH-००५५, बन्दीप्रत्यक्षीकरण, *सीताकुमारी थापा वि. श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयसमेत*

बन्दी निवेदकको हकमा निवेदन दिने सीताकुमारी थापाले आज सुनुवाइ हुँदा इजलाससमक्ष उपस्थित भई बन्दी निवेदक आफ्नो पति थुनाबाट मुक्त भइसकेको भनी जानकारी गराउनु भएको र निवेदकतर्फबाट मुकरर विद्वान् वरिष्ठ अधिवक्ता रमेशकुमार मैनालीले पनि बन्दी भनिएका पक्ष निवेदक महेन्द्रबहादुर थापा क्षेत्री थुनाबाट मुक्त भइसकेको भनी इजलाससमक्ष सुनुवाइ हुने क्रममा उपस्थित भई जानकारी गराएको हुँदा प्रस्तुत रिट निवेदनमा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ३४(१) को अवस्था विद्यमान रहेको नदेखिएकोले विपक्षीहरूसँग लिखित जवाफ मगाई रहनुपर्ने अवस्थाको विद्यमानता देखिएन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: जगतबहादुर पौडेल

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७५ साल असोज २६ गते रोज ३ शुभम् ।